सहकारी संगालो

बागमती प्रोस्कून

वर्ष २ | अंक ४ | श्रावण-मंसिर अंक

प्रकाशक

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.

(बागमती प्रोस्कून)

सहकारी संगालो

प्रकाशक

बागमती प्रदेश बचत तथा ऋण
सहकारी संघ लि.
(बागमती प्रोस्कून)

संरक्षण

उद्धव सापकोटा
अध्यक्ष, बागमती प्रोस्कून

सूचना तथा सञ्चार उपसमिति

संयोजक - तेजेन्द्र बहादुर खड्का
हरिशचन्द्र सुवेदी
शालिकराम पुडासैनी
सोमेश थापा
मुकुन्द शर्मा

सम्पादन

केशवप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत
बागमती प्रोस्कून

व्यवस्थापन

नवराज घोरसाईने
कार्यक्रम अधिकृत

विमला पुडासैनी
कार्यक्रम अधिकृत

लेआउट डिजाईन/मुद्रण

प्रिन्ट वाटिका
महाराजगंज, काठमाडौं
०१-४३७६२६१

यस भित्र

सम्पादकीय

सहकारी क्षेत्रका समस्या जुन आज प्रकट भएका छन् यसको समाधान यो संसदले दिनुपर्छ २
–माननीय सूर्यबहादुर थापा क्षेत्रीसँगको अन्तवार्ता

जिल्ला बचत संघहरू पनि स्तरीकरण कार्यक्रममा १०

परिवर्तनका लागि सहकारी १२
-डा. खगराज शर्मा, सदस्य सचिव, राष्ट्रिय सहकारी विकास बोर्ड

सहकारीमा जोखिम पहिचान, मूल्याङ्कन र व्यवस्थापन १५
-बद्री कुमार गुरागाई, प्र.का.अ., राष्ट्रिय सहकारी बैंक लि.

बागमती प्रोस्कून र जिल्ला संघहरूवीच द्वीपक्षिय सञ्जाल साझेदारी सम्झौता सम्पन्न १९

जिल्ला संघहरूका गतिविधिहरू २०

नेपालमा वित्तीय सहकारी व्यवस्थापनको उपाय २३
-डा. शिवजी सापकोटा, प्र.का.अ., नेफ्स्कून

भरोसायोग्य सहकारी अभियानका लागि असल चरित्र २५
-केशवप्रसाद दाहाल, प्र.का.अ., बागमती प्रोस्कून

सहकारी गित २७

बागमती प्रोस्कूनको चौथो वार्षिकोत्सव एवम् पाँचौ स्थापना दिवस कार्यक्रम सम्पन्न २८

सहकारी अभियानमा शुद्धिकरणको खाँचो ३०
-भरतप्रसाद दवाडी, अध्यक्ष, अथर्व साकोस

सम्मानको निम्ति हार्दिक आभार छ बागमती प्रोस्कून परिवारलाई ३२
-राधा सिंतान, पूर्व सञ्चालक, बागमती प्रोस्कून

प्रदेश सहकारी मन्त्रीलाई बागमती प्रोस्कूनमा स्वागत ३३

चौतारा साँगाचोकगढीमा कोशिस कार्यक्रम पहिलो समूहको छैठौं कार्यशाला सम्पन्न ३४

सहकारी संघ/संस्थाको साधारण सभा संचालनमा सुधारको आवश्यकता ३५
-बालकृष्ण धोजु, प्र.का.अ. भक्तपुर बचत संघ

जोरपाटी साकोसको आयोजनामा कोशिस कार्यक्रम दोस्रो समूहको चौथो कार्यशाला सम्पन्न ३७

दिगो सहकारी सञ्चालनका आधारहरू ३८
-के.बि. लामा, प्र.का.अ., बिन्धवासिनी साकोस

संजाल साझेदारी अन्तर्गत तालिम ४०

सफलताको कथा ४१

सहकारी साहित्य ४२

सर्वाधिकार

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
(बागमती प्रोस्कून)

केन्द्रीय कार्यालय : बनेपा ७, काभ्रेपलाञ्चोक, नेपाल
फोन नं. : ०११-६६५३६८
सेवा कार्यालय : नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ०१-५९११४६५
ईमेल : bagmatiproscun@gmail.com
वेभसाईट : www.bagmatiproscun.org.np

साकोस संगालोका सम्पूर्ण प्रकाशित सामाग्रीहरू लेखकका नीजि विचारहरू हुन् । यस सम्बन्धमा बागमती प्रोस्कूनको कुनै जवाफदेहिता रहने छैन ।

-सम्पादक

सम्पादकीय

छानबिन प्रतिवेदनको निष्कर्ष र सहकारी सञ्जालको भविष्य

यतिबेला सहकारी अभियानको चर्चा चुलिएको छ । नागरिक तह देखि राज्यको नीति निर्माण तहसम्म सहकारीको बहस सुनिन्छ तर यी बहस सरकारीले नागरिकको जीवनमा ल्याएको परिवर्तन, राज्यमा उत्पादनमा पुऱ्याएको योगदान, अर्थतन्त्रमा ओगटेको स्थान र सहकारीको विश्वव्यापी सञ्जालमा नेपालको सहकारीको गरिमाको अवस्थाको बहस भने होइन । यतिबेला त कुन सहकारी संस्थाले कति बदमासी गऱ्यो ? बदमासी गर्नेमा सबै भन्दा धेरै कुन दलका नेता कार्यकर्ता परे ? सबै भन्दा धेरै कसले बदमासी गऱ्यो ? बदमासी गर्नेलाई कारबारी गर्ने कि लुकाएर संरक्षण गर्ने ? अब सहकारी संस्थाहरूलाई कसरी नियन्त्रणमा लिने ? सहकारी संघसंस्थाहरूले के के गर्न पाउने नपाउने ? सहकारी अभियानले के गऱ्यो ? सरकारले के गऱ्यो ? नियामक निकायहरूले के के गरे ? को दोषी ? सहकारीमा ठूलाठूला बचत कहाँबाट आयो ? बचतकर्ताहरूले आन्दोलनको नेतृत्व कसले गऱ्यो ? ठगिएका बचतकर्ताहरूले कहिले रकम फिर्ता पाउँछन ? कति वटा सहकारी संस्थामा समस्या आयो ? कतिवटा सहकारी संस्थाहरू समस्याग्रस्त घोषणा भयो ? कति जना सहकारी अभियान्ताहरू जेलमा छन ? कतिजना सहकारी अभियान्ताहरू फरारसूचीमा छन ? यस्ता बहसहरू चुलाचौका देखि, होटल, चियापसल हुँदै संसद र सरकारसम्म प्रवेश गरेको छ । यो पक्कै पनि सहकारी अभियानको दुःखको विषय हो ।

यही परिवेशमा नेपालको प्रतिनिधी सभा नियमावली, २०७९ को नियम १८० बमोजिम वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याको समाधान गर्न प्रतिनिधी सभाबाट मिति २०८१ जेठ १५ गते गठित सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको प्रतिवेदन २०८१ भाद्र ३१ गते संसदमा पेश भएको छ । समितिले आफ्नो राय सहित सिफारिस गरेको समितिका कार्यदेश भित्रका केही सिफारिसले सञ्जालको सशक्तिकरणको आवश्यकता औंल्याएको छ ।

१. कार्यादेश एकका सम्बन्धमा गरिएको सिफारिसको एक नं. ले सहकारी संस्था दर्ता पूर्व प्रशिक्षित गर्ने व्यवस्था गर्नका लागि भएको सिफारिसमा सरकारी तबरबाट मात्र सम्भव नभए नीजि क्षेत्रका तालिम प्रदायकहरूलाई अधिकार दिने कुरा उठ्दा सहकारी संघहरूले अनिवार्य गर्नु पर्ने कामको रूपमा सिफारिस हुन नसक्नु दुर्भाग्य हो । यस तथ्यले हेर्दा सहकारी अभियानमा संघहरूले गरेको योगदान राज्यसंग जोडिएको अनुभूति गराउन नसकिएको हो त ?

२. कार्यादेश एकको दोश्रो नं. मा भएको सिफारिसले सम्पत्ति शुद्धिकरण निवारण ऐन अन्तर्गत २०८० फाल्गुण सम्मको डाटामा ९ सयको हाराहारीका सहकारी संस्थाले नियमित रूपमा श्रोत खुलाउने गरेको यथार्थ अवस्था समितिले नभेटेको हो त ? कि सबै सहकारीले गलत नै गरेको छन् भन्ने कुरा सावित गर्न खोजिएको हो ?

३. कार्यादेश एकको १३ नं. मा महासंघ र संघलाई प्रारम्भिक सहकारी सरह बचत तथा ऋणको कारोबार गर्न नदिने उल्लेख छ । संघहरूले गरेको कारोबारको सघन अनुगमन नगरी वा कुनै एउटा संघलाई हेरेर समग्र अभियानमा संघहरू खराब छन् भन्ने भाष्य निर्माण गर्न खोजिएको हो वा संघहरूको औचित्य समाप्त गर्न खोजिएको त होइन ?

यी विषयवस्तुहरू सहकारी अभियानले गहन अध्ययन र छलफल केन्द्रित गर्नु पर्ने विषय हुन् । अहिले सम्म सहकारी अभियानको गरिमा वृद्धि गरेको, सहकारी विस्तार गरेको, सहकारी प्रर्वद्धन गरेको, धेरै सहकारी संस्थाहरूलाई सुशासनमा चल्न सिकाएको, महासंघ र केन्द्रीय विषयगत संघहरूको भूमिकाको सन्दर्भ यहाँ जोडिन सकेको भए अभियानको गरिमा उँचो भएको महसुस गर्न सकिन्थ्यो तर प्रतिवेदनमा अभियानका संघहरूले त्यो स्थान प्राप्त गर्न सकेनन् ।

प्रतिवेदनको निष्कर्षको सुझावमा बरू केन्द्रीय संघ, विषयगत केन्द्रीय संघ, प्रादेशिक संघ र जिल्ला संघहरूले एक अर्कासंग परस्परमा समन्वय गर्दै पारदर्शिता, नैतिकता र सदस्यहरूको सर्वोत्कृष्ट हितमा केन्द्रित भएर काम गर्नका लागि सुझाव प्रदान गरेको छ यसको निष्कर्ष अभियानमा संघहरूको कार्यप्रकृयाको सम्बन्धमा प्रश्न उठेको भन्ने मेरो बुझाई हो । केन्द्र देखि जिल्लासम्मको सेवा कसरी सरलीकृत गर्ने, कसले के भूमिका निर्वाह गर्ने र अभियानको गरिमा कसरी वृद्धि गर्ने भन्दा पनि अभियान भित्रै को रहने र को नरहने भन्ने विषयमा बहस गरेर समय वर्वाद गर्ने र सबै संघहरूको साझा मत नै सहकारी अभियानको साझा मत भएको कुरा अभियान्ताहरूले बोकेर हिड्न नसक्नु यसको मुख्य कारण हो । त्यसैले सहकारी सञ्जालको सबलीकरणको विकल्प छैन, एक पटक सोचौ आज आफुले जितेको अनुभुति गरिरहँदा अभियानले त हार्नु पर्दैन ? व्यक्ति भन्दा नीति र विधी प्रधान काम गरौं अभियानको साझा मत र सशक्त सञ्चार प्रणालीका लागि अभियान ऐक्यवद्ध बनौं र सहकारी सिद्धान्त र मूल्यमा आधारित बहस र पैरवी चलाउँ ।

अन्तर्वार्ता

सहकारी क्षेत्रका समस्या जुन आज प्रकट भएका छन् यसको समाधान यो संसदले दिनुपर्छ

बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिका **सभापति माननीय सूर्यबहादुर थापा क्षेत्री** संग सहकारी संगालोका लागि सम्पादकले लिनुभएको अन्तर्वार्ता....

- माननीयज्यूलाई बागमती प्रोस्कूनबाट अर्धवार्षिक रूपमा प्रकाशन हुने सहकारी संगालोमा हार्दिक स्वागत छ ।

➢ धन्यवाद

- सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति सभापतिको ऐतिहाँसिक जिम्मेवारी प्राप्त गर्नु भयो यो अवसरलाई कसरी लिनुहुन्छ ?

➢ धन्यवाद, यो जिम्मेवारी मेरो माग, अनुरोध, चाहना र विज्ञताको विषय थिएन । सहकारीको प्रवर्धन उत्साहजनक रूपमा भएको विषयमा म जानकार थिए तर सहकारी क्षेत्र समस्याग्रस्त भएको र पछिल्लो समय बचत रकम दुरूपयोग अपचलन र ठगीका एकपछि अर्को श्रृङ्खला सार्वजनिक भएको अवस्थामा सिंगो संसद तरंगित थियो । प्रमुख प्रतिपक्षी नेपाली काँङ्ग्रेस र अन्य प्रतिपक्षी सबैले यो विषयलाई साझा सवालका रूपमा उठाएका थिए । मूलत माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी सहितको सरकार बनिसकेपछि २०८० फागुन २१ मा यो विषय निकै जोडतोडको रूपमा उठ्यो र तीन महिना हाराहारी संसद अवरूद्ध रह्यो । त्यही बीचमा चैत्र २८ गते पार्टीका तर्फबाट विशेष समयकमा मैले यो व्यक्ति केन्द्रित हिसाबले छानबिनका लागि आवाज उठेका छन् यो समस्याको समाधान होइन वास्तवमा विषय केन्द्रित, समाधान केन्द्रित छलफलको विषय हुनुपर्छ । सहकारी क्षेत्रका समस्या जुन आज प्रकट भएका छन् यसको समाधान यो संसदले दिनुपर्छ । कानुन बमोजिमका संरचना बनेका छैनन् भने ती बनाइनुपर्दछ भन्ने लगायतका विषयमा मैले आफ्नो कुरा राखेको थिए । मलाई लाग्छ यो जिम्मेवारी त्यो मन्तव्यमा आधारित भएर र मेरो काम गर्ने शैली पनि थाहा भएर नेतृत्वले जिम्मेवारी दिएको हुनुपर्छ सभामुखको कुर्सीबाट सभापतिको नाम घोषणा भएपछि मलाई यो जिम्मेवारी आयो भन्ने खालको अनुभव भयो । त्यसपश्चात मैले पार्टीका महासचिव र अध्यक्षसँगको भेटमा पनि विज्ञता, जानकारीको विषय, जरूरी कामको तालिका, स्वास्थ्य अवस्था आदि कुनै पनि विषय नसोधिकन जिम्मेवारी दियो भनेर प्रश्न पनि गरेको थिएँ । तर जिम्मेवारी प्राप्त भइसकेपछि अहोरात्र त्यसलाई समयभित्र सम्पन्न गर्ने गरी काम गरियो र वास्तवमा काम गर्नु पनि पर्थ्यो त्यही हिसाबले हामी केन्द्रित भयौं । संसदीय समितिहरूको काम बाँडफाडको ठूलो विवाद थियो । एउटा निर्वाचनमा धादलीसँग सम्बन्धित विशेष समिति बनेको थियो एक कार्यकालभरि त्यो मितिको पदावधि कायम गरियो र पछि त्यस्को वास्तविकता पनि पत्ता लागेन भन्ने

नौवटा प्रतिवेदनहरु जुन २०४७ भन्दा पछिका थिए अर्काइभिक सिस्टम नै यस्तो बेहाल रहेछ त्यो भेटाउन हामीलाई तीन महिना लाग्यो ती प्रतिवेदनका निष्कर्ष पढ्यौं त्यसपछि चाहिँ सहकारी क्षेत्र दुष्प्रचारको नकारात्मक माहोलको जति बदमासी सुनिएको छ त्यति नभएको पायौं र समस्या सबैमा हैन केही सीमितमा छ भन्ने कुरामा हामी सिंगो समिति पुग्यौ ।

गुनासो पनि थियो । पछिल्लो यो राजस्वका दर तल माथि गरियो भन्ने विषयमा छानबिन गर्न बनेको विशेष समिति चाहिँ अल्पमत र बहुमत भएर तथ्य प्राप्ति र विश्लेषण त्यस आधारमा निष्कर्षमा पुग्ने भन्दा अल्पमत बहुमतमा पक्ष र प्रतिपक्षमा विभाजित थियो यो स्थितिमा बनेको संसदीय समिति हो यो, व्यक्तिगत रूपमा भन्नुपर्दा संसदीय छानबिन समिति भन्नुपर्छ भन्ने पक्षमा म थिइन नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक रमेश लेखक लगायत नेताहरूलाई यो जाँचबुक आयोग नै बनाउनुहोस् संसदीय समितिको ढाँचा कस्तो हुन्छ भन्ने बहुचर्चित समिति बन्यो नि हो त्यस्तै हुन्छ भनेको थिएँ । तर उहाँहरूले एउटा अडान लिइ सकियो अब संसदीय छानबिन विशेष समिति नै बनाउनुपर्ने कुरा गर्नुभयो । ती सबै पूर्व पृष्ठभूमि र दृष्टान्तहरूलाई मध्यनजर गरी हरेक विषयमा समितिका ७ जना सदस्यबीच सहमतिमै सबै काम हुन्थ्यो । बैठकबाट सबै कुराहरूको छिनोफानो समझदारीका साथ सहमतिका साथ गर्नेगरी प्रतिवेदन पनि त्यसै ढङ्गले गर्नेगरी सबैको सहमतिमा बैठकबाट प्रतिवेदन अनुमोदन गरेर संसदमा प्रस्तुत गरिएको छ त्यस हिसाबले हामीले संसदीय प्रयोगमा समितिहरूको क्रियाकलापका हिसाबले अरू धेरैलाई भविष्य सम्म पनि दृष्टान्त बन्ने गरी भूमिका निर्वाह गरेका छौं त्यही हिसाबले प्रतिवेदनलाई निष्कर्षमा र सिफारिसको तहसम्म पुर्याएका छौं ।

- **तपाईले सामान्य रूपमा बुझ्नु भएको सहकारी र सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति सभापतिको जिम्मेवारी लिए पछि बुझ्नु भएको सहकारीमा के भिन्नता प्राप्त गर्नु भयो ?**

➢ खोजेर हेर्दै जाँदा सायद म एक मात्र सहकारीको सदस्य रहेछु । त्यो बचत तथा ऋण नै सहकारी संस्था रहेछ । नेकपा एमालेले त्यो सहकारीको सुरूवात गरेको थियो । सहकारी छापाखाना चलाउने सिलसिलामा हामी नवयुग, बुधबार लगायत पार्टीका पत्रिकाहरू त्यहाँ छापिन्थ्यो पछि त्यसले बचत तथा ऋण सहकारी सुरू गर्यो, पहिला चाहिँ बहुमुखी थियो । म निर्वाचित भएपछि त्यो सहकारी संस्थाले सम्मान गर्ने कार्यक्रम पनि राखेको रहेछ । अमृत बोहरा, केशव बडाल, काशीनाथ अधिकारी, अष्टलक्ष्मी शाक्य सहितका नेताहरू त्यहाँ मैले देखे । बाँकी कुरामा सहकारी मैले पढेको भनेको समाचार माध्यमहरू, केशव बडाल लगायतका नेताहरूका पुस्तकहरूमा पढेको विषय थियो म चाहिँ भरत मोहन अधिकारीको सञ्चार परामर्शदाता थिए । उहाँ उपप्रधान तथा अर्थमन्त्री हुँदा जतिखेर ०६१ सालको सायद बजेटमा हो उहाँले गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी भन्ने नारासहित प्रवर्धनको निमित्त कार्यक्रम अघि बढाउनुभएको थियो । त्यतिखेरै राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य पछि उपाध्यक्ष, गर्भनर, अर्थमन्त्री अहिले प्रधानमन्त्रीमा आर्थिक सल्लाहकार हुनुहुन्छ डाक्टर युवराज खतिवडा नेतृत्वमा त्यतिखेर सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने सन्दर्भमा अध्ययन समिति बनाउनुभयो त्यसको संयोजक युवराज खतिवडा हुनुहुन्थ्यो हामीले हेर्‍यौं पनि आज सहकारी क्षेत्रमा जे समस्या प्रकट भएका छन् यो समस्यामा भित्र नपस्ने मान्छेहरूलाई सहकारी क्षेत्र एकदम बदनाम समस्याग्रस्त र संवेदनाको स्थितिमा छ भन्ने हो, हामीलाई पनि करिब एक महिना यही रूपमा त सहकारीको के औचित्य छ ? भन्ने खालको नकारात्मक न्यारेटिभ भाष्य बन्ने खालको स्थिति थियो । हामीलाई पनि २९ वटा सहकारीको जुन अनुसूची एक र दुईमा नाम दिइएको थियो तिनमा मात्र केन्द्रित भएर त्यसका पीडितहरु बचत दुरूपयोग भएका व्यक्तिहरू खोज्दाखेरि पनि हामीलाई त्यस्तो लाग्थ्यो । त्यसपछि एकदिन मिनराज कंडेलजीलाई यही बोलाएर छलफल गरेको यही हो त सहकारीको हालत ? भनेपछि उहाँले असार मसान्तसम्मका केही केही विवरण सहित मैले सयवटा सहकारीको विवरण दिनुहोस् भनेको थिए । उहाँले ५० वटा जतिको दिनुभयो अनि हामीले एउटा कार्यक्रम राख्यौं झापादेखि कञ्चनपुरसम्म सुर्खेतदेखि पोखरासम्मका सातवटै प्रदेशको प्रतिनिधित्व हुनेगरी सहकारीको राम्रो चलेका सूचकहरूमा आधारित सहकारीको भेला राख्यौं र उनीहरूका कुरा सुन्यौ त्यसपछि चाहिँ सहकारीको समस्या के हो त भन्ने कुरामा दुई जना दिग्गज, विख्यात व्यक्तिहरू दीपक प्रकाश बास्कोटा र केशव बडालको दिनभरि नै कुरा सुन्यौं । नौवटा प्रतिवेदनहरू जुन २०४७ भन्दा पछिका

थिए अर्काइभिक सिस्टम नै यस्तो बेहाल रहेछ त्यो भेटाउन हामीलाई तीन महिना लाग्यो ती प्रतिवेदनका निष्कर्ष पढ्यौँ त्यसपछि चाहिँ सहकारी क्षेत्र दुष्प्रचारको नकारात्मक माहोलको जति बदमासी सुनिएको छ त्यति नभएको पायौं र समस्या सबैमा हैन केही सीमितमा छ भन्ने कुरामा हामी सिंगो समिति पुग्यौ । हामीले त्यसपछि पनि कृषि सहकारीहरू, महिला सहकारीहरूलाई बोलाएर दिनभर उनीहरूको कुरा सुन्यौ यसो गर्दा हामीले ४० वटा गडबडवाला सहकारी जो बचत दुरूपयोगमा आरोपित थिए तिनीहरूको अध्ययन, वित्तीय विश्लेषण नै गर्यौं, उपलब्ध सिस्टम र कारोबारका आधारमा महिला कृषि र राम्रो चलेका गरेर १२० वटा राम्रा सहकारीहरू ठिक ढंगले सञ्चालन भएका, परिस्थितिजन्य समस्या भएपनि नियतजन्य समस्या नभएका सहकारीहरूको अध्ययन गरेपछि हामीलाई के लाग्यो भने सहकारी क्षेत्र सम्पूर्णमा समस्या होइन यो आज उठेका प्रश्नहरू सिंगो सहकारीप्रति होइन बचत दुरूपयोग अपचल र ठगी गरेका सहकारीहरु माथिको प्रश्न हो, जो सिद्धान्त, मूल्य, मान्यता, सहकारीको धर्मपालना गरेर चलेका छन् तिनीहरूको समस्या होइन यो धर्म मर्म विपरीत काम गरेका सहकारीहरूको समस्या हो भन्नेमा हामी पुग्यौँ । हामीलाई यो अध्ययनको बृहत विषय रह्यो र हाम्रो आफ्नै दृष्टिकोण र बुझाइलाई पनि परिस्कृत गर्नका लागि उपलब्ध तथ्यहरूको आधारमा सत्यमा पुग्नेमा लाग्यौं हामी आग्रह पूर्वाग्रह केहीमा लागेनौ यस हिसाबले हामी र हाम्रो समितिको जिम्मेवारी सम्हाल्दा र प्रतिवेदन बुझाउँदा सम्मको सहकारीका सन्दर्भमा चाहिँ हाम्रो आफ्नै पनि धारणा दृष्टिकोण र पर्सेप्सन बदलिएको छ. ।

- **छानविन विशेष समितिमा रही छानबिन गरिरहँदा वर्तमान समयमा सहकारी क्षेत्रमा समस्या आउनुको मुख्य कारण के पाउनु भयो ? यी कारणका कारक तत्वहरूको बारेमा बताईदिनुस न ।**

➢ सहकारी नेपालमा मात्र अभ्यास गरिएको विषय होइन, अन्तर्राष्ट्रिय अभ्यास, मूल्य, मान्यता, सिद्धान्त हो । हाम्रो मुख्य समस्या चाहिँ सहकारी ऐन २०७४ पछि नियमनकारी निकाय बेखबर जस्तो देखिए, बलियो नियमनकारी निकाय अन्तर्गत स्वःनियमनमा जोड गरेको भए सहकारीमा आजको समस्या प्रकट हुने थिएनन् । स्वःनियमनको रटान धेरै भयो नियमन चाहिँ भएन । राष्ट्र बैंकले ३४ वटा सहकारीलाई कम्तीमा हेर्ने गरेको थियो त्यसमा पनि सहकारी ऐन २०७४ लागू भएपछि राष्ट्र बैंक छुट्टै भयो समग्र वित्तीय प्रणाली भित्र । सहकारी हामीले छलफल त कतिसम्म गर्यौ भने अर्थमन्त्रालय अन्तर्गतको कष्टडियममा सहकारी हुनुपर्थ्यो । यो मन्त्रालय पनि भूमि व्यवस्था तथा गरिबी निवारण तिर जोडिएको छ, त्यहाँ मन्त्री सचिवसहित नै हामीले छलफल गरेका थियौं । एक प्रतिशत गरिबी निवारण अर्को १ प्रतिशत सहकारी र बाँकी ९८ प्रतिशत भूमि व्यवस्था गर्नुहुन्छ यसर्थ नियमन पनि भएन यसलाई अर्थ मन्त्रालय अन्तर्गतको समग्र वित्तीय प्रणालीकै एउटा पाटो बनाउनुपर्थ्यो । सहकारीलाई एउटा छुट्टै खम्बाको रूपमा संविधानमा संस्थागत गरियो २०७२ असोज ३ गते संविधान जारी भयो सहकारीलाई प्रवर्धन संस्थागत र व्यवस्थित गर्ने सन्दर्भमा त्यो बेठिक गरियो त म भन्दिन तर संसदमा बोल्दा पनि मैले भने तीनवटा खम्बा त रहे सहकारी बाँसको खम्बा जस्तो कमजोर बनाइयो, सरकारी क्षेत्र काठको खम्बा जस्तो भयो निजी क्षेत्र चाहिँ फलामको खम्बा जस्तो भयो । तीनवटा खम्बामा उभिएको संरचना जुन कमजोर खम्बा हो त्यसको भार बहन गर्ने हालतमा सहकारी पुग्यो । धन देख्दा महादेवको पनि तीन नेत्र भनेझैं लोभले लाभ लाभले विलाप हुन्छ सहकारीका नियमनकारी निकाय कमजोर भएको स्थितिको दुरूपयोग गरेर ऐन कानुन नियम अभ्यास यी सबै चिजहरूलाई अन्देखा गरेर सरकारी निकाय समेतको मिलेमतोमा नियमनकारी निकायको नियमन कमजोर बन्यो । सहकारी विभाग संविधानमा छ संघीय कार्यक्षेत्रभित्र छ कार्य विस्तृतीकरण प्रतिवेदनले ७६१ वडा नियमनकारी निकाय बनाइयो यो हुने थिएन यही क्षेत्रबाट यो समस्या फैलन पायो । अब जीबी राईले सातवटा सहकारी बहुउद्देश्यीय सहित गर्दा ६ वटा सहरमा चलाइरहेको कुरा नियमनकारी निकायलाई पनि थाहा भएन हामीले प्रतिवेदनमा उल्लेख गरेका छौं कर्जा सूचना केन्द्र लगायतका कानुनका संरचना नै छैन सहकारीको कति दर्ता छन् कति सञ्चालित छन् कति झोलामा छन् त्यो डाटा नै छैन वैज्ञानिक अनुसन्धानमा आधारित होइन तदर्थ खालको डाटा २०७७ सालमा सहकारी विभागले बनायो भनियो जसमा ३१ हजार सहकारी छन भनियो जुन तथ्यमा आधारित छैन । नियमनदेखि सञ्चालनसम्म सदस्यले सञ्चालक नचिन्ने सदस्य चाहिँ संस्थाप्रति जवाफदेही नहुने त्यसैले समस्या सिर्जना गरायो ।

- **तपाईको अध्ययनमा सहकारी क्षेत्रमा समस्या आउनुमा सरकार कहाँ कहाँ चुक्यो ? अनि सहकारी अभियान कहाँ चुक्यो ?**

➢ हामीले धेरै संघहरु हेरेनौँ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक र बहुउद्देश्यीय संघसहितका केही हेऱ्यौ, महासंघको फङ्सन हेऱ्यौ, उहाँहरूलाई बोलाएर सामूहिक छलफल पनि गऱ्यौ हालको सहकारी समस्याप्रति महासंघ पनि त्यति जानकार भएजस्तो लागेन । जुन समस्यामा परेका बचत तथा ऋण सहकारी संस्थाहरु छन् त्यही प्रकृतिका समस्याहरु नेफ्स्कूनमा, राष्ट्रिय सहकारी बैंकमा पनि

देखिए उहाँहरूको नियत त्यो हो भन्ने मलाई लाग्दैन तर अभ्यासमा त्यो देखियो किनकि २२ प्रतिशत (NPL) खराब कर्जा सहकारी बैंकको देखा पर्नु सामान्य अवस्था होइन नेफ्स्कूनको वाणिज्य बैंक भन्दा ठूलो आकारमा कारोबार छ , २७ अर्ब भन्दा बढी कारोबारमा सावधानी अपनाउनुपर्ने, अनुशासन, नियमन सुपरिवेक्षण, अनुगमन, स्थलगत निरीक्षण लगायतका प्रक्रियाबाट आर्थिक अनुशासन र जवाफदेहितामा बस्नुपर्ने हो, तर सन्तोष गर्ने ठाउँ देखिएन । प्रतिवेदनमा हामीले भनेका पनि छौं यो ढंगले काम गर्न हो भने बचत तथा ऋण कारोबार गर्न विषयगत संघहरूलाई दिनुहुन्न । अनुशासनमा नियममा सहकारी मूल्य मान्यता र सिद्धान्त अनुसार सञ्चालन भएकाहरूको हकमा हाम्रो भनाइ त्यो होइन हामीलाई थाहा छ संघहरु ठिक हुँदा प्रारम्भिक संस्थाहरू ठिक हुने हो । स्मरण गराउन चाहन्छु झण्डै १०५ दिन शान्ति बगैंचामा सहकारी पीडितका नाममा धर्ना रिले अनसन चले ती पीडितहरूको कुरामा चाहिँ सहकारी महासंघ विषयगत संघहरु बेखबर जस्तो देखियो । कानुन बमोजिमको संरचना अनुरूप पीडितहरूले आफ्ना समस्या प्रकट गर्ने र समाधान गर्ने गरी अघि बढ्न स्पेस नपाएको हो वा नदिएको हो वा बेखबर हो भन्ने थाहा नहुने देखियो । संघ महासंघहरूको उपस्थिति के छ भन्ने छुट्टै अध्ययन परामर्शदाता समिति गठन गरेर संघ महासंघहरूको अनुगमन गर्नुपर्ने देखिन्छ । सिडिओ कार्यालय, राष्ट्रिय निर्देशन ऐन अथवा समाजकल्याण परिषद् अनुसार दर्ता भएका संस्थाहरु सहकारी होइनन् यिनीहरू त सहकारी ऐन अन्तर्गत दर्ता भएर गठन भएका संस्था हुन् यसर्थ सहकारीमा कहाँ कसलाई कति दुखेको छ भन्ने थाहा पाउनु पर्थ्यो । प्रवर्धनमा संघ महासंघहरूको महत्वपूर्ण भूमिका नै देखिन्छ यो भन्दा अगाडि खासगरी मिनराज कडेल केशव बडाल दिपक प्रकाश बास्कोटाहरू हुँदा प्रवर्धनको चरण एक किसिमले उत्कर्षमा पुगिसकेको थियो अब सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने चरण भनेको यही अवस्थालाई विश्लेषण गरेर गर्ने हो यो चरणमा आजको नेतृत्व अलि बढी जवाफदेही ढंगले काम गर्नुपर्ने हो । बाइसौं नम्बरमा समस्याग्रस्त घोषणा भएको सहकारी नेपाल सहकारी वित्तीय संस्थाको वित्तीय विश्लेषण गर्दै जाँदा त आश्चर्य के लाग्यो भने दीपक प्रकाश बास्कोटाजीले नै त्यसको संस्थापक अध्यक्ष भएर संस्था सिर्जना गर्नुभएको रहेछ । सहकारी क्षेत्रका विख्यात व्यक्तिहरूले नै थालनी गरेका संस्थाहरु समस्यामा देखिनु भनेको प्रवर्द्धनमा मात्र ध्यान दिनु र व्यवस्थापनमा र सुपरिवेक्षण अनुगमनमा सुशासनमा ध्यान नपुगेको भन्ने देखिन्छ । धर्म जस्तो राम्रो केही होइन, सहकारी धर्म जस्तो होइन राम्रो भनिएका सबै धर्म भित्र पनि पाखण्डी प्रकट हुन्छ । सहकारीमा पनि यस किसिमका घटना लापरवाही ठगी भयो कि यो कुरामा अग्रज भनिएका अगुवाहरूले पनि ध्यान दिनुभएन यो मेरो आलोचना होइन यो मेरो अनुभव हो । कुनै धर्मको पनि उद्देश्य गलत छैन, तर अभ्यास गर्दै जाँदा आज सबैभन्दा ठूलो पाखण्डहरू धर्मको नाममा भएका छन् सहकारीमा पनि आदर्शको व्याख्यान होइन व्यवहारको निर्मम अभ्यासमा ध्यान पुगेन भन्ने लाग्छ ।

- **सरकारले सहकारी दर्ता मात्रै गर्ने प्रभावकारी अनुगमनको व्यवस्था नगर्ने, कानुनका व्यवस्थाहरू कार्यन्वयन नगर्ने, खाली टालटुल कुरा गरेर मात्रै सहकारीलाई प्राथमिकताबाट पन्छाउनाले सहकारीमा वर्तमान समस्या आएको अभियानले बेलाबखत दोषारोपण गर्ने गरेको सुनिन्छ यसमा यहाँको के भनाई छ ?**

➢ सरकारले ध्यान दिएको पाइँदैन नियमनकारी निकायहरु नै संविधान विपरीत ७६१ बनाइएको छ । संविधानको यो परिकल्पना होइन । संविधान भन्दा माथि ऐन र कार्यविधी, प्रतिवेदन होइन । हामीले प्रतिवेदनमा उल्लेख गरेका छौं वित्तीय प्रणालीभन्दा छुट्टै सहकारीलाई हेर्ने राष्ट्र बैंकलाई अधिकार दिएको तरिका ठिक होइन सर्वोच्च अदालतले जारी गरेका परमादेशको पनि कार्यान्वयन नगरेको देखिन्छ बचत तथा ऋण सहकारी संस्थाहरूलाई अनिवार्य रूपमा राष्ट्र बैंकको अनुमति र सुपरिवेक्षणमा मात्रै सञ्चालन गर्नुपर्दछ भन्ने २०७४ साल माघमा सर्वोच्च अदालतको परामदेशले नै जारी गरेको छ तर त्यस अनुसारका प्रबन्धहरू भएनन् नियमनकारी निकायहरूको नेतृत्वमा ३, ६, १० महिना आउने अलिअलि बुझ्न थालेपछि सरूवा भइहाल्ने सहकारी रजिस्ट्रार दर्ता अधिकारी प्रमुख प्रशासकीय अधिकृत सचिवहरूको सरूवाको स्थितिले पनि सही ढङ्गमा सुपरिवेक्षण हुन सकेको छैन यो ज्ञानमा आधारित, प्रयोगमा आधारित, सिद्धान्तमा आधारित अभ्यास हो । सहकारी प्रशासनिक काम मात्र गरे जस्तो हैन सहकारी कुन चराको नाम हो भन्ने किसिमको नियमन अधिकारीको सहकारी बुझाइले पनि समस्या देखिएको छ कानुन बमोजिमका संयन्त्रबाट यदि बचत तथा कर्जा सुरक्षण कोष मात्रै गठन भएको भए आज अर्बौं रूपैयाँ सहकारी क्षेत्रबाटै संकलन हुन्थ्यो र समस्या परेका सहकारीलाई रेस्क्यु गर्नका निम्ति सहयोगी सिद्ध हुने थियो । हामीले समितिको ६३ औ बैठकमा बोलाएर केपी ओलीलाई भनेका थियौं केही विषयमा प्रतिबद्धता चाहिएन सुरक्षणकोष ऐनमा छ यो गठन गर्ने कुरामा मात्र प्रधानमन्त्रीको प्रतिबद्धता चाहियो कर्जा सूचना केन्द्र ऋण असुली न्यायाधिकरण दर्ता सूचना केन्द्र सहकारीको डाटा व्यवस्था आदिको समेत व्यवस्था छैन यो समेत हुनुपर्छ वित्तीय प्रणालीभित्रको एक अभिन्न क्षेत्रको रूपमा सहकारीलाई अगाडि बढाउनुपर्दछ । कर्जा

पौने ३ अर्ब बचत संकटमा वा दुरुपयोग छ भन्ने प्रश्न रहेको छ, पछिल्लो समय समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले पनि ऋणीहरुलाई अलि कडाई गर्ने गरी सूचना गरेर सहयोग गरेको छ । केही कुरामा समस्यामा केन्द्रित हैन व्यक्ति केन्द्रित भएर प्रश्न गरिन्छ विश्वास पुनर्जागृत गर्ने credible बनाउने कुरा नै आजको मुख्य समस्या हो ।

सूचना केन्द्र बैंक तथा वित्तीय क्षेत्रको र सहकारीको एउटै बनाएपुग्छ ऋण असुली न्यायधिकरण केही इजलास थपेर सहकारीको सुनवाई हुने प्रबन्ध गरे हुन्छ बचत तथा कर्जा सुरक्षण कोष अभिलम्ब गठन गर्नुपर्दछ महासंघ, संघ, विषयगत संघहरूलाई पनि साधन स्रोत सम्पन्न गराउने कुरामा संरचनागत प्रबन्ध सरकारले गर्नुपर्दछ आज जुन समस्यामा परेका सहकारीहरु छन् तिनका जगेडाकोष लगायतका अनेक कोषहरु भन्डै एक दर्जन सूचकको आधारमा हेर्दा ती सहकारीहरुमा केही पनि फेला पार्न सकिएन यस्ता कारणले पनि सहकारी डुब्न थप सहयोग गर्यो । सहकारी दर्ता गरेर देखाइएको मात्र थियो सहकारी अभ्यासमा थिएनन् राम्रो सहकार्यहरूले हाम्रो अनुगमनमा आइदिए हुने थियो सुपरिवेक्षण गरिदिए हुने थियो भन्छन् हामीले सिफारिस गरेका विषयहरू मै रहेर असल सहकारीहरूले लेखा परीक्षण गरेका छन् । एकै व्यक्ति २५ औं वर्षसम्म अध्यक्ष भएर त्यो स्वेच्छाचारी प्रविधिले सहकारी समस्यामा पुर्याउनु स्वभाविक हो । नेपाल राष्ट्र बैंक र सहकारी विभागको संयुक्त टोलीले प्रारम्भिक संस्था, संघको करिब १५३/१५४ वटाको विषयगत संघ र प्रारम्भिक सहकारी संस्थाहरूको स्थलगत निरीक्षण गरिएको रहेछ, त्यसमा विभागमा २५ वटा मात्र प्रतिवेदन फेला पर्यो । पछि डिजिटल कपी मगाएर हेरियो ०६६/०६७/०६९ सालमा जुन सहकारीको अभ्यासमा कैफियत देखाइएको थियो त्यो बेलाकै सहकारी आज समस्यामा देखिएको छ ।

- **यहाँले संसदमा पेश गर्नु भएको सुझावमा सहकारी संघ र महासंघले प्रारम्भिक सहकारी संस्थाहरू सरह कारोबार नगर्न सुझाव दिनु भएको छ, यो कस्तो खालको व्यवस्थाको लागि सिफारिस भएको हो, प्रष्ट पारिदिनु न ।**

➢ नेफस्कून, बहुउद्देश्यीय संघ र बैंकमा कारोबार चित्त बुझ्दो छैन । यदि यसमा सुधार नहुने हो भने वित्तीय कारोबार गर्नुहुन्न भन्ने भनाइ हो हाम्रो । यी सङ्घहरु भनेको नमुना बन्नुपर्ने किन नमुना बन्न सकेका छैनन् भन्ने लाग्छ । यदि यस्तो तरिकाले अघि बढ्यो भने केही समयपछि नेफस्कून, बहुउद्देश्यीय संघ, राष्ट्रिय सहकारी बैंकको ठूलो हस्तक्षेप गर्नुपर्ने अवस्था आउन सक्दछ भनेर हामीले त्यो तस्बिरलाई परिकल्पना गरेका छौं । हामीले गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ अध्यक्ष महासचिव कार्यकारी निर्देशक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्री सचिव सो क्षेत्र हेर्ने महाशाखाका प्रमुख सहित दुईवटा बैठक गर्यौ आज समस्या कहाँ छ भन्ने परिस्थितिजन्य समस्या विभिन्न ठाउँमा छ । ऋणीले ऋण नतिर्ने बचतकर्ताले गाँस काटेर जम्मा गरेको साग बेचेर, मकै पोलेर, जम्मा गरेको रकम नियमित रूपमा जम्मा गरेको रकम फिर्ता नपाउने आवधिक बचतका नाममा स्रोत नखुलेकोसम्पत्ति बचत गर्ने बढी ब्याजमा लोभिने बढी ब्याजको आशामा सुरक्षाको विषयमा आँखा चिम्लिने अनि डुबिसकेपछि पुर्पुरोमा हात लगाउने जुन परिपाटी रह्यो यो सबै स्थिति हेरियो र बचत तथा ऋण सहकारी संस्था औचित्यपूर्ण ढंगले होइन मनोमानी पूर्ण ढंगले लहडका रूपमा खोल्ने सञ्चालन गर्ने दर्ता रोकिएपछि बहुउद्देश्यको नाममा दर्ता गर्ने, बचत र ऋणको कारोबार गर्ने सहरी क्षेत्रमा जहाँ बैंकको पहुँच पुगेको छ त्यहाँ बचत तथा ऋण सहकारी संस्था काठमाडौँ महानगरपालिका २२ वटा मात्रको मात्र मैले तथ्याङ्क हेरेको थिएँ, ३५० देखि ४०० सहकारी रहेछन् । त्यो भनेको सिङ्गो प्रदेशभरिको सहकारी संस्थाको हाराहारी संख्या हो । त्यसमध्ये १५० सहकारी संस्थाहरू संकटमा छन् र बचतको २० देखि २५ वटा पासबुक एकै व्यक्तिको पसलमा देखिन्छ एकै घरमा १२-१५ वटा सहकारी छन् त्यो आवश्यकता र औचित्यपूर्ण हो कि होइन हेर्ने निकाय भएन निकाय भएपनि हेरिएन महानगरपालिकामा दुईवटा सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको रहेछ । हिरो र नागरिक दैनिक भन्नेलाई ती संस्थाका सञ्चालकहरु कोही फरार छन् समस्याग्रस्त घोषणा गरियो समाधान केही गरिएन महानगरको प्रशासनिक नेतृत्व सहकारी हेर्ने जिम्मेवारी लिने व्यक्तिले ती संस्थाहरूलाई हाम्रो सम्पर्कमा ल्याउने काम समेत गर्न सकेन यस्तो बेहाल स्थिति छ यस्तो अवस्थामा बलियो नियमनकारी निकाय STI वा सहकारी प्राविधिकरण गठन गरेर नियमनकारी निकाय बनाउने त्यसकै मापदण्ड, निर्देशन, निर्देशिकामा प्रारम्भिक संस्था र संघहरु पनि चल्नुपर्छ ।

- **अहिलेको गतिमा सहकारी अभियानमा सुदृढ र सक्षम बन्न अझै कति वर्ष लाग्ने अनुभूति गर्नुभयो ?**

➢ ३१ हजारभन्दा बढी सहकारीमध्ये ५०० भन्दा थोरैमा परेको समस्याका कारण सहकारी क्षेत्रमा संकट देखापरेको

बलियो नियमनका प्रबन्धहरू गरेर कसैले बदमासी गरेमा रोक्ने नियन्त्रण गर्ने संयन्त्र पनि चाहियो समाजका आवश्यकताहरु उत्पादन रोजगारी सेवा प्रवाह सम्बन्धी कामहरूमा केन्द्रित हुने जुन उद्देश्य केन्द्रित छ सोही उद्देश्यमा मात्र केन्द्रित भएर काम गर्ने ऐन कानुनका प्रबन्धहरु गरिनुपर्छ बचत तथा ऋण सहकारी संस्थाहरुलाई प्रणालीको अभिन्न अङ्ग बनाएर छुट्टै ऐनको प्रबन्ध गर्नुपर्ने पनि हुनसक्छ त्यो खालको अभ्यास हुनुपर्दछ ।

छ, यस किसिमको समस्या भनेको विश्वासको संकट हो । पौने ३ अर्ब बचत संकटमा वा दुरूपयोग छ भन्ने प्रश्न रहेको छ, पछिल्लो समय समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले पनि ऋणीहरूलाई अलि कडाई गर्ने गरी सूचना गरेर सहयोग गरेको छ । केही कुरामा समस्यामा केन्द्रित हैन व्यक्ति केन्द्रित भएर प्रश्न गरिन्छ विश्वास पुनजागृत गर्ने credible बनाउने कुरा नै आजको मुख्य समस्या हो । बचत तथा ऋण सुरक्षण कोष स्थापना हुने वित्तिकै सानोसानो बचत जम्मा गर्नेहरुको रकम सुरक्षित हुन्छ । कम्तिमा ३ लाख बराबरको सुरक्षणको प्रत्याभूति यो कोषले गरेको छ बैंक वित्तीय संस्थाको ५ लाख सम्मको हुन्छ यस किसिमको कोषको व्यवस्थाले भविष्यमा गाँस काटेर बचत गरेकाहरुको बचत दुरूपयोग हुँदा जुन समस्या झेलेका छन् त्यो ठूलो सख्याले ठगिनु पर्दैन त्यसले विश्वासको वातावरण सिर्जना गर्छ लगानी गर्‍या हुन्छ ऋण तिर्दैनन् सत्प्रतिशत रकम जगेडामा त कुनै सहकारीले पनि राखेको हुँदैन ऋणीले ऋण नतिर्ने अनि पीडितहरुको नाममा सडकमा उभिएर सहकारी डुबेकै राम्रो ऋण तिर्नु पर्दैन थियो भन्ने खालको मनोदशाका साथ उपस्थिति हुने जुन समस्या छ यसलाई कडाई गरेर कानुन बमोजिम ऋण नतिर्नेहरुलाई कालो सूचीमा राख्ने लगायतका कामहरू गर्ने प्रक्रिया अगाडि बढाउने गर्नुपर्दछ । पूर्वमन्त्री नेपाली काङ्ग्रेसका उपसभापति धनराज गुरूङ पूर्व उपप्रधानमन्त्री गृहमन्त्री चौथो पार्टीका सभापति रवि लामिछाने लगायत पाँचजनाको नाम नै किटान गरेको छ छानबिन र कारबाहीका लागि । धनराजजीको छानबिन बाँकी चार जनाको कारबाही गर्न भनेका छौं २०६८/०६९ सालदेखि नै सहकारीको बचत दुरूपयोग गरेर फरार रहेका व्यक्तिहरु रहेछन् राजेश श्रेष्ठ, कुश चन्द्र श्रेष्ठ देखि पछिल्लो समय ज्योति गुरूङ सम्म २९ जनाको नामावली फरार व्यक्तिको रूपमा जसमा एकमा जीबी राई लगायतलाई खोज्न र वित्तीय अपराधमा कारबाही गर्न सरकारलाई हामीले भनेका छौं । पार्लामेन्टमा उनीहरू नागरिकको रकम दुरूपयोग गर्ने व्यक्तिका रुपमा पछिल्लोचोटि हामीले यो संख्यालाई अभिलेखबद्ध गरेर गृह मन्त्रालयलाई खोजी गर्न र कारबाही चलाउन भनेका छौं । ढोरपाटन नगरपालिकाको मेयर इमेज पोखरा बाग्लुङको संस्थापक अध्यक्ष देवकुमार नेपाली पक्राउ परेका छन् श्रीमती र व्यवस्थापक पनि पक्राउ पर्ने अवस्थामा छ । कयौं ठाउँमा नियतवस मानिसलाई भगाइएको कारणले पनि समस्या प्रकट भएको छ । २९ जनालाई दायरामा ल्याएर कारबाही गर्ने बित्तिकै नयाँ माहोल बन्छ र यहाँ वित्तीय अपराध गरेर बाहिर सुरक्षित भइन्छ भन्ने मनोदशा प्रकट भइरहेको स्थिति चाहिँ हल हुन्छ । करिब ४० वटा सहकारीका पदाधिकारी ऋण समिति लेखा समिति सहितका संरचनाका व्यक्तिहरूलाई दायरा किटान गरेका छौं त्यसो गर्दा पनि तर्कसंगत रूपमा के भनेका छौ भने सहकारी सञ्चालकहरूलाई निश्चित पूर्व शर्त सहित समस्या समाधान गर्ने मौका दिनुपर्दछ जेलमा राखेर ससुराली गएजस्तो भएको छ उम्किने माध्यम भएको छ त्यो गर्न दिनु हुँदैन । निश्चित पूर्व शर्त र कार्ययोजनासहित बचत फिर्तामा जवाफदेही हुनुपर्दछ र जसले अपचलन दुरूपयोग र ठगी गरेको छ उनीहरूको खुल्ने नखुल्ने र लुकाइएको देखाइएको सम्पत्तिबाट फिर्ता गरिनुपर्दछ कोही व्यक्ति पनि कारबाहीको दायराबाट उन्मुक्ति पाउँदैन भन्ने कुराको अनुभूति गराउनुपर्छ । साथै केही कानुनी केही संरचनागत र केही कारबाही प्रक्रिया मार्फत अगाडि बढाउने र अर्को समस्या ग्रस्त सहकारी व्यवस्थापन समितिलाई अनन्त सनातन र रटानभित्र राख्न हुँदैन Dedicated टिम बनाउने सहकारी संस्था बन्द गरेर होइन खोलेर यसको समाधान गर्नुपर्छ । बाह्र तेह्र वर्षदेखि सहकारीको समस्या हल नहुने परिकल्पना कानुनको अस्थायी संयन्त्र हो यो स्थितिमा कडाई गरिनुपर्दछ ।

- **अब सहकारी अभियानलाई सुदृढ बनाउन ऐन, नियम र अभ्यासमा कस्ता कुराहरू व्यवस्था गर्नुपर्ला ?**

➢ हामीले संसारभरका १५ भन्दा बढी देशको सहकारी अभ्यासको इमर्ज र फङ्सनिङको बारेमा अध्ययन गरेका छौं, यो परिस्थिति नेपालमा मात्र देखा परेको होइन यस्ता किसिमका संकट र परिस्थिति अमेरिका, जर्मनी, बंगलादेश, जापान, कोरिया लगायतका देशहरूमा समेत देखा परेको समस्या हो । हामी कुनै पनि दृष्टान्त पढेर त्यसको हुबहु नक्कल गर्न सक्दैनौं । नियमनको र स्वनियमनको सन्तुलनकारी सम्बन्ध अन्तर्गत अगाडि बढ्नुपर्दछ । बलियो नियमनका प्रबन्धहरु गरेर कसैले

बदमाशी गरेमा रोक्ने नियन्त्रण गर्ने संयन्त्र पनि चाहियो समाजका आवश्यकताहरू उत्पादन रोजगारी सेवा प्रवाह सम्बन्धी कामहरूमा केन्द्रित हुने जुन उद्देश्य केन्द्रित छ सोही उद्देश्यमा मात्र केन्द्रित भएर काम गर्ने ऐन कानुनका प्रबन्धहरू गरिनुपर्छ बचत तथा ऋण सहकारी संस्थाहरूलाई प्रणालीको अभिन्न अङ्ग बनाएर छुट्टै ऐनको प्रबन्ध गर्नुपर्ने पनि हुनसक्छ त्यो खालको अभ्यास हुनुपर्दछ । आज जसले जे गर्छौ गर भन्ने भएपछि गोलकोस्ट, यूनिटी, हर्वो, नेचरहव, नेचर नेष्ट, जस्ता नागरिकको रकम संकलन गर्न सिकेका तर रकमहरु दुरूपयोग गर्ने नियतका व्यक्तिहरू सहकारी क्षेत्रमा आएका र जिवि राईको पनि त्यस्तै किसिमको प्रवृत्ति हो । आठ अर्ब भन्दा बढी बचतकर्ताको रकम दुरूपयोग गरेर कुनै कानुनी प्रक्रिया र जिम्मेवारी बहन नगरिकन सहकारी संस्थाको रकम दुरूपयोग गरियो, सहकारीको रकम सहकारी मार्फत होइन कम्पनी मार्फत लगानी गर्ने, खर्च गर्ने र व्यक्तिगत सम्पत्तिका रूपमा लुटको धन फुपूको श्राद्ध भनेजस्तो म अध्यक्ष हुँदा बडाबडा फाँट त्यसो गर्ने जुन काम भयो यो कुरालाई हामीले नियमन र व्यवस्थित गर्नुपर्दछ त्यसो भयो भने आजको समस्या समाधान भएर जान्छ अमेरिका कोरिया जापान र धेरै सख्या भएका स्थितिमा तिनलाई मर्ज लगायतको प्रोसेसबाट संस्थालाई एक्सरसाइज डाउन गर्ने जुन कामहरू भएका छन् ती अनुभवहरूले हामीले सिक्नुपर्दछ सिकाइबाट नै हामी सुदृढ र व्यवस्थित हुने हो, समाधान त्यहीबाट भेट्नुपर्दछ । सुन्नेमा हामी समाधान खोज्ने पनि होइन र समस्याको गीत गाएर रोदन गरेर यो समस्या समाधान पनि हुँदैन । हामीले आफै समाधानमा लाग्नुपर्दछ त्यो सामर्थ्य कानुनी संरचना र अभ्यास त्यही तहमा देखाउन सक्नुपर्दछ

- **पछिल्लो समय सहकारीबाट लिएको ऋण नतिर्न विभिन्न व्यक्ति र समूहले चलाएको गतिविधीको कारण पनि सहकारी संस्थालेलगानी गरेको ऋण असुलीमा प्रभाव परेको हामीले महशसु गरिरहेका छौं । वित्तीय क्षेत्रको संवेदशीलता माथि अराजकता फैलाउनेबाट सहकारीलाई कसरी मुक्ति दिन सकिएला ?**

➢ यसका लागि निर्मम कानुनी कारबाहीमा जोड गर्नुपर्दछ सहकारीको ऋण नतिर्नका लागि अफवाह फैलाउने ठूलो समूह छैन । सात आठ अर्ब ऋण लिएर तिर्न पर्दैन भन्दै हिँड्ने दुर्गा प्रसाई सहितको व्यक्तिहरू तथा वित्तीय संस्थाका ऋणीहरु नै अफवाह फैलाउने ऋण तिर्न पर्दैन भनेर जुलुसमा भाग लिने देखिएको छ । संगठित संस्थाबाट ऋण लिएर तिर्न पर्दैन भन्नु जस्तो मूर्खतापूर्ण कुरा केही पनि हुन सक्दैन, पानीमुनि जमिनमुनि गएर पनि संघसंस्थाबाट लिएको ऋण तिर्नुपर्दछ । त्यसका लागि कर्जा सूचना केन्द्र लगायतका कानुनी प्रावधानको चरण पूरा गर्ने बित्तिकै यस्ता समस्या समाधान भएर जान्छ । दुर्गा प्रसाई लगायतका केही व्यक्तिले यो धमिलो परिस्थिति सिर्जना गर्ने अराजकता प्रकट गराएको छ । व्यक्तिले राज्यलाई वित्तीय प्रणालीलाई यो ढङ्गले चुनौती दिने र मनोमानी गर्ने गैरकानुनी रूपमा सञ्चालित यस्ता कुरा अपराध हो, अपराधीलाई कारबाही गर्नुपर्दछ ।

- **सहकारी वृतमा राजनीतिक हस्तक्षेपको कारण सहकारीमा सहकारी कर्मीले भन्दा राजनीतिक पहुँचवालाले स्थान र अवसर पाउने अवस्था भयो भन्ने गुनासो यहाँलाई के लाग्छ ? यो सहकारी अभियानको समस्या हो कि होइन होला ?**

➢ राजनीतिलाई अतिरञ्जना गर्ने प्रक्रिया भएको छ, सहकारी सचेत र जानेका व्यक्तिहरूले चलाउने कुरा हो । प्रारम्भिक सहकारी संस्थाको साधारण सभा हेर्ने हो भने पाँच सय, हजार यातायात खर्च बुझ्ने भोज खाएर फर्किने सदस्यहरूको कारण सहकारीमा समस्या देखिएको छ त्यहाँ आर्थिक प्रतिवेदन कस्तो आयो, लेखा परीक्षण प्रतिवेदन कस्तो आयो ? संस्थाको वित्तीय स्वास्थ्य कस्तो छ ? के के कैफियतहरू ल्याइएको छ ? भन्ने कुरामा कसैको ध्यान पुगेको देखिँदैन । लेखा परीक्षण प्रतिवेदन समेत दुई प्रकारको छ, साधारण सभा नै फेक छ, नक्कली अभ्यास सहकारीमा भएको विषय मैले संसदमा प्रतिवेदन पेश गर्दा भनेको पनि थिए ऋणी चाहिँ देखिन्छ बोलाएर सोध्दा कागजमा भए अनुरूपको ऋण नलिएको दृष्टान्त हामीसँग छ । सहकारी सदस्य आधारित अभ्यास हो, सदस्य गुणस्तर भए भने राजनीतिले असर गर्ने होइन राजनीतिक उद्देश्यमा दुरुपयोग गर्ने, आफ्नो समूहगत उद्देश्यमा दुरुपयोग गर्ने यस्तो किसिमको क्रियाकलाप चाहिँ रोक्नुपर्दछ, हिजो सहकारी के होला भन्ने थियो आज सदुपयोग र दुरूपयोगका दुवै दृष्टान्तहरू प्रकट भएका छन् हामीले नकारात्मक दृष्टान्तहरूलाई हटाउँदै सकारात्मक अभ्यास र दृष्टान्तहरू बढाउँदै जानुपर्दछ, यसमा नै समाधान हुन्छ नेफ्स्कूनले गरेको एक भेलामा सहकारी ऐन २०७४ जारी भए लगत्तै झण्डै ६० जना सांसदहरू उक्त कार्यक्रममा उपस्थिति थिए, उपस्थिति गर्दा सांसद अनि संघ संस्थाको प्रतिनिधि भनेर हस्ताक्षर गरिएको थियो, सहकारी संस्थाको जिम्मेवारीमा रहने मान्छे कुनै दलको नेतृत्वमा, दोहोरो सदस्यता भएको कानुनले बन्देज गरेका वा कानुनको बन्देशको बर्खिलाफ गर्ने काममा संलग्न हुनुहुँदैन सहकारीलाई विशुद्ध सहकारिता र सहकारीको अभ्यासमा केन्द्रित गर्नुपर्दछ । सहकारी जानेकाले गर्ने काम हो, नजान्नेलाई सहकारी शिक्षाको जरूरी छ । आज सहकारी शिक्षा र साक्षरतामा कमी हुँदा वा सहकारी शिक्षा प्रदान गर्ने निकायहरूको जुन त्रुटि छ प्रशिक्षण केन्द्रहरू ठिक ठाउँमा ठिक ढंगले चलेका छैनन् प्रशिक्षण प्रदान गरेर पनि त्यसको व्यवहारिक

कार्यान्वयन भएका छैनन् डिभिजनको खारेजीपछि २०७४ सालमा स्थानीय तहमा जिम्मा लगाएको पोकाहरू हालसम्म पनि खुलेका छैनन् । नियमनकारी निकायमा पुगेका बाँडिएका अंशबण्ड भएका सामग्रीहरूले जिम्मेवारी र जवाफदेहिता हुनुपर्छ । यस किसिमको लापरवाहीको अन्त्य हुनुपर्छ । नीति र प्रक्रियामा चलेको छ भन्ने अनुभूति गराउनुपर्छ सदस्यमा आधारित अभ्यास स्वनियमन हो सहकारी, तर हामीले जे गरेपनि हुन्छ भन्दै भए डर त्रास केही नहुने कसैसँग नडराउने महसुरहरु आएर हजार लाख करोड हैन अर्बौं खरबको दुरूपयोग गर्ने जुन परिपाटी छ यसलाई निर्ममतापूर्वक नियन्त्रण गर्नुपर्दछ यो चाहिँ वित्तीय अनुशासन वित्तीय नियममा र सर्वेक्षणमा राष्ट्र बैंकले रमिता हेरेर होइन समाधान गर्ने attitude का साथ लाग्नुपर्दछ । सहकारी ऐनको पछिल्लो संशोधनका अनुसार ५० करोडभन्दा माथि कारोबार गर्ने सहकारी संस्थाहरूका सन्दर्भमा मौद्रिक नीतिमा निश्चित मापदण्ड र निर्देशिका जारी गर्नुपर्थ्यो भन्ने हाम्रो भनाइ हो । मापदण्ड र निर्देशिका जारी गरेको स्थितिमा त्यसले धेरै कुरा निर्देशन गर्दछ नियमनकारी निकायहरू अरू प्रहरी परिचालन गर्ने थुन्ने मात्रै त ? होइन नि, कहाँ समस्या देखा परेको छ त्यो हेर्ने हो ज्वरो आयो भने टाइफाइडको औषधी खानु पर्दैन सामान्य सिटामोलले पनि काम चल्छ । त्यसैले नियमनकारी निकायहरूले प्रारम्भिकदेखि जटिलसम्मका कस्तो किसिमको समस्या हो भन्ने विषय चरणबद्ध रूपमा हेरिनुपर्दछ । सहकारी सिद्धान्त मूल्य मान्यता र अभ्यास विपरीत चलेका सहकारीहरु जुन ठगी धन्दाको रूपमा बदनाम भए यी बचत फिर्ताको उद्देश्यमा केन्द्रित गरेर सहकारी संस्थाका सञ्चालकहरूलाई पूर्वसर्त कार्य योजना तयार गर्न लगाएर फरारहरूलाई पक्रेर उनीहरूको घरघरना तीन पुस्ता वा अन्य श्री सम्पत्ति बेचबिखन गरेर बचत फिर्ता गरेर सहकारीको मूल्य मान्यतामा नफर्कने हो भने सहकारी ऐन अनुरूप ती संस्थाहरूको विघटन नै गर्नुपर्दछ । जो परिस्थितिजन्य कारणले समस्यामा परेका छन् त्यस्ता सहकारीको हकमा चल्ने गरी सास फेर्ने गरी संरक्षण अभिभावकत्व पनि प्रदान गर्ने दायित्व तिनै तहका सरकारहरूको हो । स्थानीय तहका कार्यक्षेत्र सीमित भएका सदस्यले सञ्चालक र सञ्चालकले सदस्यलाई चिनेका सहकारहिरूमा आज समस्या छैन । सदस्यले सञ्चालक नचिन्ने सदस्य नचिन्ने सहकारी अरू सबैभन्दा बढी विचलन र बचत दुरूपयोगमा मुसिएका छन्, तिनका सटर बन्द भएका छन् यो स्थितिलाई हामीले हेक्का राख्नुपर्दछ।

- **बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को सहकारी संगालो मार्फत अभियानलाई के सन्देश दिन चाहानुहुन्छ ?**

➢ देशभरिका सहकारीमध्ये सहकारी समस्या, अभ्यास, सहकारी सञ्चालनको हर हिसाबले बागमती प्रदेश अग्रणी छ, संकटको एपिसेन्टर पनि बागमती प्रदेश हो । एउटा वडामा रहेका सहकारीको संख्या सिङ्गो प्रदेशभित्रका सहकारीको हाराहारीमा रहेको स्थिति छ । नियमनकारी निकायको भने बेहाल स्थिति रहेको छ हामीले google form मार्फत सातवटै सरकारहरूसँग सहकारीको फङ्सनिङको विवरण माग गरेका थियौँ । ६ वटा प्रदेशले गुगल फर्म भरेर पठायो, बागमती प्रदेश नै त्यस्तो प्रदेश रह्यो जसले गुगल फर्म भरेर पठाउने सम्मको योग्यता राख्न सकेन प्रारम्भिक संस्थाको समस्या र संकट पनि बागमती प्रदेशमा नै बढी छ । सहकारीले गुमाएको साख र विश्वसनीयताको सबैभन्दा ठूलो भोलुम आकार पनि बागमतीमा नै छ र राम्रो चलेका अर्बौं बचत परिचालन गरेका विश्वास नडगमगाएका सहकारी पनि यसै प्रदेशमा बढी छ । तपाईंहरूको एक स्तरीकरण अभिमुखीकरण कार्यक्रम we Can भन्नेमा म सहभागी भएको थिएँ । त्यहाँ पनि भनेको थिएँ कि मैले जिबि राई लगायतको सहकारी दुरूपयोगको जुन कारूणिक ठगीको कथा सहकारीमा बनेको छ देशभरि पनि छ बागमतीमा पनि छ त्यसको चाहिँ निर्ममतापूर्वक नियन्त्रण गर्नुपर्दछ र कानुन बमोजिम सहकारीको अभ्यासलाई ठिक ढंगले अघि बढाउनका निमित्त तपाईंहरूको खासगरी निर्धारित सूचक कानुन मापदण्ड अनुरूप यो क्षेत्रलाई सैद्धान्तिक हिसाबले डेभिएटर नहुने गरी सञ्चालन गर्न कोसिस गर्नुभएको छ यसलाई अझ बढाउनुहोस् । बागमती प्रोस्कूनले अरू प्रदेशको प्रणाली मापदण्ड बनाउन समेत सहयोग गर्नुपर्दछ । कतिपय कामहरु सरकारले नियमनकारी निकायले नगरेका विषयहरु पनि बागमती प्रोस्कुनले गरेको छ बागमती प्रोस्कून आफैमा चार वर्ष हाराहारीको सानो अवधिमा रहेको संघ भएर पनि बचत परिचालनमा साढे ३ अर्ब भन्दा बढी कारोबार गरेको अवस्था भने छ, सबै १३ वटै जिल्लामा मसिनोसँग हेर्नुभएको छ सहकारी संस्थालाई उत्पादनमा केन्द्रित गर्ने, रोजगारी र उद्यमशीलतामा अघि बढाउने काममा बढी ध्यान दिनुपर्दछ । हामीले प्रतिवेदनमा अमूल र इफ्को जस्ता भारतका सहकारीले विकास गरेका दृष्टान्त पनि समेटेका छौं । श्रम सहकारीको पनि अन्तर्राष्ट्रिय दृष्टान्त छुट्टै छ । ती विषयबाट सिकेर हामी नमुनायोग्य बन्न ध्यान दिनुपर्दछ । बागमतीले हिम्मत गरेर संकल्प गरेर अगाडि बढ्नु पर्दछ यो समस्यामुक्त क्षेत्र बनाउने कुरामा तपाईँहरु केन्द्रित हुनुपर्दछ ऐन कानुनको पालना निर्देशन मापदण्डको पालना अनुगमन सुपरिवेक्षण स्थलगत निरीक्षण नियमनकारी निकायका तरिकाहरू प्रयोग गरेर आत्म अनुशासनमा बसी व्यवस्थित हुँदै अगाडि बढ्नुपर्दछ शुभकामना ।

गतिविधि

जिल्ला बचत संघहरू पनि स्तरीकरण कार्यक्रममा

मिति २०८१ भदौ ८ गते शनिवार

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघहरू अभियान सुध्रढीकरण र सबलीकरणका लागि बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड (बागमती प्रोस्कून)ले सुशासन र दिगोपनाका लागि बागमती प्रदेश सरकारसंगको सहकार्यमा सञ्चालित स्तरीकरण कार्यक्रम **संगठनात्मक दिगोपन र संस्थागत सेवाहरूको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस)** कार्यक्रममा सहभागी भई गुणस्तरीय सेवा प्रवाहका लागि प्रतिष्पर्धामा उत्रिएका छन् । अभियान सबलीकरणका लागि संघहरू स्वयम् सक्षम, सबल, व्यवसायिक र सुशासित हुनुपर्छ भन्ने सोचका साथ बागमती प्रदेश भित्रका १३ मध्ये १२ जिल्ला बचत तथा ऋण सहकारी संघहरू सहभागी भई प्रारम्भिक चरणको कार्य स्वरूप जिल्ला बचत तथा ऋण सहकारी संघहरूको प्रारम्भिक सार्थक एवम् नविनतम व्यवस्थापन कार्यशाला गोष्ठि Initial WE CAN Workshop अल्फा हाउस, नयाँ बानेश्वर, काठमाडौमा, बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षता तथा सहकारी संस्था बचत रकम दुरूपयोग सम्वन्धमा संसदीय छानवीन विशेष समिति सभापती, प्रतिनिधि सभा सदस्य माननीय सूर्य बहादुर थापा क्षेत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

बागमती प्रदेशमा सञ्जालीकृत सहकारीमा आवद्ध सदस्यहरूको हित संरक्षण, व्यवसाय प्रबर्द्धन तथा सुदृढीकरण मार्फत सदस्यहरूको सम्वृद्धिका लागि तथा सदस्यहरूको हितका खातिर राज्यका सबै नियामकहरूमा संघहरूका साझा धारणा सहितको प्रभावकारी बहस पैरवीका लागि सञ्जाल व्यवस्थापन (Network management) र सञ्जाल सहकार्य (Network Collaboration) निर्बिकल्प साधन हो भन्ने यथार्थलाई आत्मसाथ गरी पछिसम्म पनि आ-आफ्नो दायित्व र भूमिकाबाट पछि नहट्ने हट्न नपाउने गरी बचत तथा ऋण सहकारीहरूको साझा सञ्जाल ढाँचा र कार्यप्रकृया २०८० को अवधारणा अनुरूप सञ्जाल साझेदारी कार्यक्रम अन्तर्गतको कोशिस कार्यक्रम मार्फत शुभारम्भ भएको छ । संघहरूलाई समेत स्तरीकरण कार्यक्रममा समावेश गराएर सुशासनको अभ्यास गराउने बागमती प्रोस्कूनको नयाँ र पहिलो थालनी रहेको छ ।

बागमती प्रदेश भित्रका १३ वटा जिल्ला बचत संघमध्ये १२ वटा जिल्ला बचत संघका अध्यक्ष, पदाधिकारी, संचालक समिति तथा व्यवस्थापन समूह सहित ५५ जनाको उपस्थिती रहेको कार्यशालामा कार्यक्रमको संचालन बागमती प्रोस्कूनका महासचिव श्री जिवसराज खड्काले गर्नुभएको थियो भने उपाध्यक्ष श्री कल्पना श्रेष्ठले उपस्थित सम्पूर्णलाई कार्यक्रमको औचित्य सहित स्वागत मन्तव्य राख्नुभएको थियो । बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत श्री केशवप्रसाद दाहालले कार्यशालामा कार्यक्रमको प्रस्तुतिकरण मार्फत कार्यक्रमको आवश्यकता र महत्व दर्शाउनुभएको थियो भने १२ वटै जिल्ला बचत संघहरूले आफ्नो वित्तीय तथा गैह्र वित्तीय अवस्था समेत प्रस्तुति गर्नुभएको थियो । कार्यक्रम कै दौरानमा कोशिस कार्यक्रममा सहभागी भई

जिल्ला बचत तथा ऋण सहकारी संघहरूको क्षमता विकास, सुदृढीकरण र व्यवसायिकरणका लागि कोशिस कार्यक्रम निरन्तरताको सम्झौता समेत सम्पन्न भएको छ ।

बागमती प्रदेश सहकारी संघका अध्यक्ष श्री रामशरण शर्मा घिमिरे, राष्ट्रिय सहकारी महासंघका संचालक श्री सुमन नेपाल को आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि माननीय सूर्यबहादुर थापा क्षेत्रीले सहकारी ऐन कानुन विपरित वाटो विराएर कार्य गर्दा सहकारीको विश्वसनियता गुमेको कारण ऐन कानुनलाई अक्षरस पालना गर्दै सुशासनमा चल्नुपर्ने त्यसका लागि स्तरीकरण कार्यक्रम महत्वपूर्ण रहने भन्दै कार्यक्रमको सफलताको शुभकामना दिनुभएको थियो । विशेष समितिमा रहेर कार्य गर्दैगर्दा स्तरीकरण कार्यक्रममा सहभागी भई निरन्तर अनुगमन र सुपरिवेक्षणमा रहेका संस्थाहरूमा खासै बिचलन नदेखिएको स्मरण गर्दै प्रमुख अतिथी थापाले अभियाले अब शुद्धिकरणको विषयलाई प्राथमिकता दिन नसकेमा र आफ्नो पराई भनी खराव कर्म गर्ने अभियान्ता र कर्मचारीलाई काखी च्यापिरहेमा नेपालको सहकारी अभियान सक्काउने पहिलो भूमिका अभियान्ताको हुनेछ भनि चेतावनी समेत दिनुभयो ।

कार्यक्रममा उपस्थित संघहरूको जिज्ञासालाई समाधान गर्दै प्रस्तुतिकरणका दौडानमा देखिएका सुधार गर्नुपर्ने पक्ष सहित बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृतले थप हौसला प्रदान गर्नुभएको थियो भने अध्यक्षता गरिरहनुभएका संघका अध्यक्ष सापकोटाले सक्रिय सहभागिता जनाई कार्यक्रममा उपस्थित हुनुभएका सवैलाई धन्यवाद दिदै आगामी दिनमा जिल्ला बचत संघ र बागमती प्रोस्कून एक भएर साझेदारी कार्यक्रम मार्फत अघि बढ्ने त्यसका लागि बागमती प्रोस्कूनले कुनै पनि कसर बाँकी नराख्ने प्रतिवद्धता सहित कार्यक्रम समापन गरियो ।

प्रोस्कूनको सेवा
Not for charity, not for profit but for service

हार्दिक बधाई एवम् शुभकामना

यस संघका
संचालक समिति सदस्य
श्री तेजेन्द्र बहादुर खड्काज्यू
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको राष्ट्रिय सहकारी विकास बोर्डको कार्यकारी समितिमा वागमती प्रदेशवाट मनोनयन हुनु भएकोमा
हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना
व्यक्त गर्दछौं ।

उद्धव सापकोटा
अध्यक्ष एवम् बागमती प्रोस्कून परिवार

लेख

परिवर्तनका लागि सहकारीः

डा. खगराज शर्मा
सदस्य सचिव
राष्ट्रिय सहकारी विकास बोर्ड

पृष्ठभुमि :

"एक थरी रूप, अवस्था, गुण आदिवाट अर्को थरी रूप, अवस्था, गुण आदिमा वदलिने वा रूपान्तरित हुने क्रिया, हेरफेर, अदला वदली", नै परिवर्तन भनेर नेपाली शब्दकोषले भनेको छ भने अक्फोर्ड डिस्नेरीले परिवर्तन (Change) को अर्थ "Make Different" भन्दछ । आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा कसरी परिवर्तन सम्भव छ भन्ने सन्दर्भको खोजी एक महत्वपूर्ण विषय हो । राज्यको पूर्ण नियन्त्रण र हस्तक्षेप सहित नागरिक प्रति उत्तरदायी रहने समाजवादी आर्थिक प्रणाली वा राज्यको अहस्तक्षेपकारी नीति सहित पूर्ण रूपमा वजारका क्रियाकलापले नै अर्थतन्त्रको सन्तुलन कायम गर्ने पूँजीवादी आर्थिक प्रणाली नै विश्वमा अवलम्व र अभ्यास भै रहेका आर्थिक प्रणाली हुन् । समाजवादी र पूँजीवादी आर्थिक प्रणालीका सकारात्मक पक्षलाई आत्मसाथ गरेको प्रणालीका रूपमा मिश्रित आर्थिक प्रणाली पनि वर्तमानमा नेपाल सहित अधिकांश मुलुकहरूले अख्तियारी गरिरहेको प्रणालीका रूपमा रहेको छ जसलाई सहयोग पुर्याउने प्रणाली नै सहकारी प्रणाली हो । इमान्दारिताका साथ काम गर्ने हो भने सहकारीवाट नै जीवनका हरेक आयाममा परिवर्तन गर्न सकिन्छ ।

नेपालको संविधानले सहकारी क्षेत्रबाट गरेको परिवर्तनको अपेक्षाः

नेपालको संविधान २०७२ ले समेत अर्थतन्त्रका ३ महत्वपुर्ण स्तम्भहरू मध्य सहकारी एक प्रमुख स्तम्भका रूपमा स्विकार गरेको छ । संविधानको भाग ४, राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व अन्तरगत दफा ५० को (३) मा,"सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्धारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र स्वतन्त्र तथा उन्नतशिल वनाउँदै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ ।" उक्त भनाईवाट के स्पष्ट हुन्छ भने नेपालको अर्थतन्त्रको विकास एवम् समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहकारी क्षेत्र प्रभावकारी रूपवाट सहभागी होस भन्ने नै हो । राष्ट्रिय पूँजीको विकास, स्वदेशमा नै उद्योगधन्दा कलकारखानाको निर्माण गरी प्रायाप्त रोजगारीको सिर्जना आयात प्रतिस्थापन तथा निर्यातमा वृद्धि, सुसासनयुक्त समाज एवम् देशमा उपलब्ध साधन स्रोतको अधिकतम उपयोगवाट नै देश आत्मनिर्भर वन्नसक्छ । यस्तो आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने कार्यमा सहकारी क्षेत्रको उपस्थिति सक्रिय र तिब्र आवश्यक रहन्छ । तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका अधिकांश व्यक्तिहरूलाई सहकारीमा आवद्धगरी सदस्यको क्षमता अनुसारको वचत गर्ने, सदस्यको आवश्यकता र संस्थाको क्षमता अनुसार कर्जा प्रवाह गर्ने, शिक्षा सीप, ज्ञान तथा अवलोकन मार्फत सदस्यको जीवनका हरेक आयाममा गुणात्मकता अभिवृद्धि गर्ने, सामुहिक र सामाजिक भावनाको विकास गर्ने, एक अर्को बीच सहयोग, सद्भाव र सहकार्य मार्फत उत्पादन प्रणालीमा आवद्ध हुने जस्ता विविध क्रियाकलापले समाज स्वभाविक रूपमा समाजवाद उन्मुख वन्दै जान्छ । जुन कुरा सहकारी क्षेत्रवाट नै सम्भव हुने विषय हो । यो नेपालको संविधानले स्पष्ट उल्लेख गर्नुका साथै सहकारी क्षेत्रवाट अपेक्षा पनि गरिएको छ । साथै राष्ट्रिय अर्थतन्त्र त्यतिवेला आत्मनिर्भर स्वतन्त्र, शोषण रहित र उन्नतशिल हुने छ जब सहकारी क्षेत्र व्यापक रूपमा उत्पादनशिल कार्यमा संलग्न हुनेछ । वितरण प्रकृयामा संलग्न हुनेछ अर्थात वजारमा सक्रिय रूपमा सहकारी क्षेत्रको उपस्थिति रहनेछ जुन विषय नेपालको संविधानको अपेक्षा भित्र पर्दछ ।

सहकारी ऐन कानुनले गरेको परिवर्तनको अपेक्षा :

नेपालको संविधान २०७२ को धारा २९६ को उपधारा (१) वमोजिम सहकारी ऐन २०७४ र ऐनको दफा १४९ वमोजिम सहकारी नियमावली २०७५ जारी भएको छ । मुलुकको शासन प्रणाली अनुसार ७५३ स्थानिय तह र ७ वटा प्रदेश गरी ७६० वटा तल्ला तहका सरकारहरूको समेत सोही ऐन नियमावलीको परिधीभित्र रहेर सहकारी कानुन निर्माण भएकाछन् । सहकारीका मुल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै समाजमा छरिएर रहेको पूँजी, प्रविधि एवम् प्रतिभालाई समुदायमा आधारित लोकतान्त्रिक पद्धतिवाट आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि सहकारी संस्था स्थापना गर्ने । जुन संस्थावाट सहकारी

खेती, उद्योग तथा सेवाको व्यवसाय आदि मार्फत आत्मनिर्भर दिगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माणमा योगदान पुर्‍याउने अपेक्षा सहकारी कानुनले गरेको छ । कानुनले २ वा २ भन्दा बढी सहकारी मिलेर उत्पादनशिल एवम् व्यवसायिक कारोवार गर्ने कुरा दफा २१ मा स्पष्ट गरेको छ । त्यसै गरी विभिन्न प्रकृतिका सहकारी संस्थाहरू मिलेर विशिष्टिकृत सहकारी संघ स्थापना गरी ठूला ठूला उद्योग व्यवसायहरू संचालन गर्न सकिने कुरा समेत ऐनको दफा ९ ले उल्लेख गरेको छ । त्यसै गरी अन्तर सहकारी कारोवार लगाएतका विषयहरूले सहकारी संस्था मार्फत आर्थिक समृद्धि र विकासका कार्यहरू अगाडि बढाउन सकिने अपेक्षा सहकारी ऐन कानुनले गरेको छ । किनकी वहुआयामिक गरिवी घटाउने स्थितिमा होस् वा स्थानिय स्तरको श्रम, सीप र साधन प्रयोग गरि आय आर्जनमा योगदान दिनका निम्ति सहकारी निकै उपयोगी र व्यवहारिक पद्धती हो । तर ७० वर्षे यात्रा तय गर्दै गर्दा नेपालमा सहकारी क्षेत्र कामै नलाग्ने क्षेत्र हो कि भन्ने भाष्य सिर्जना हुँदैछ । जुन सदासर्वदा गलत छ । गलत प्रवृत्तिले नै सहकारी क्षेत्रमा समस्या सिर्जना गरेको हो जसको समाधानका निम्ति ठिक किसिमबाट हिड्नेहरू फेरि पनि इमान्दारिता र निष्ठाका साथ लाग्नु पर्ने देखिन्छ ।

नेपाली अर्थतन्त्रका सामान्य परिदृस्य :

कोभिड १९ को माहामारी रसिया युक्रेन युद्ध लगायतका समस्यावाट ग्रसित हुँदै अगाडि बढेको अर्थतन्त्र माथि उठ्ने प्रयत्न गर्दै गर्दाको वर्तमानमा नेपालको आर्थिक वृद्धिदरलाई ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान सहित सरकारले चालु आ.व.का लागि वजेट प्रस्तुत गरेको थियो । प्रतिव्यक्ति नेपालीको आय १४५६ यु.एस. डलर रहेको वर्तमानमा हेर्दा आ.व २०७९।०८० को आषाढ मसान्त सम्म १४ खरव ५५ अरव व्यापार घाटा नेपालले व्यहोरेको छ । सोही आ.व.को तथ्यांक अनुसार नेपालले आयात गर्ने प्रमुख १० वस्तु मध्य ३ वटा डिजेल, पेट्रोल र एल.पि ग्यासको आयातमा वार्षिक भुक्तानी २ खर्व ७८ अर्व ७७ करोड भएको छ भने वाँकी ७ वटा प्रमुख वस्तुमा सुन, फलाम, कच्चा भटमास तेल, मोवाइल फोन, कच्चा पाम तेल, पोलिथिन दाना र कोईलामा २ खर्व २८ अर्व ५६ करोड गरी जम्मा ५ खर्व ७ अर्व ३३ करोड रहेको देखिन्छ । त्यसै गरी निर्यात गर्ने प्रमुख १० वटा वस्तुहरूको मुल्य हेर्दा भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, सेन्थेटिक यार्न, उनी गलैचा, तयारी कपडा, फलफुलको जुस, जुटवाट वनेका कपडा, जमोठ कपडा, अलैची र फलामे पाता गरी जम्मा ९२ अरव ६४ करोडको निर्यात भएको देखिन्छ । यसरी हेर्दा नेपालको कुल आयातको १७.२९ प्रतिशत डिजेल, पेट्रोल, एल.पि.ग्यास खर्च गर्नु पर्ने रहेको छ भने निर्यात तर्फ हेर्दा कुल निर्यातित मध्य प्रमुख १० वस्तुवाट नै ५९.०१ प्रतिशत रकम प्राप्त भएको छ । यसबाट हामीले अन्य थुप्रै निर्यातित वस्तु विविधिकरण, गुणस्तर वृद्धि वजारको खोजी, अन्तराष्ट्रिय व्यापारिक सम्वन्धमा सुधार आदि गर्न सक्दा पक्कै पनि निर्यात वढ्ने स्थिति हुन सक्छ भने अर्का तर्फ आयात प्रतिस्थापन गर्ने हो भने स्वच्छ उर्जा (विद्युत, सोलर, वायो ग्यॉंस आदि) बढी उपयोगको वातावरण तयार गर्ने हो भने निश्चय नै आयातमा कमि हुन जान्छ । त्यति मात्र होईन मुलुक आन्तरिक तथा वाह्य ऋणको चपेटामा समेत परेको देखिन्छ । आ.व.०७९/०८०को फागुन मसान्त सम्मको कुल सार्वजनिक ऋण हेर्ने हो भने रू.२३ खर्व ८८ अर्व २६ करोड पुगेको देखिन्छ । जसलाई २०७८ को कूल जनसंख्या २,९१,६४,५७८ जनालाई वितरण गर्ने हो भने पनि प्रति व्यक्ति रू. ८१,८८९ पर्न जान्छ ।

यी र यस्ता विविध तथ्यांकहरूले हामीलाई के देखाउँछ भने हामी ठूला ठूला कुरा गर्ने अनावश्यक आयातलाई प्रोत्साहान गर्ने, अत्यावश्यक र स्वदेशमा उत्पादन सम्भव हुने वस्तु तथा सेवा उत्पादनमा कम ध्यान दिने वरू विदेशी वस्तु तथा सेवामा नै बढी जोड दिने आस्थाका कारण नै आयात तिव्र गतिमा बढेको छ र शोधनान्तर स्थिति समेत खराव बन्दै गै रहेकोछ । निर्यात तर्फ हेर्दा वृद्धि न्यून छ । निर्यात गरिने वस्तुमा वस्तुको विविधिकरणको अभाव छ । यी यावत समस्याको समाधानमा सहकारी क्षेत्रले विशेष र महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्दछ, तर सरकार एवम् कर्मचारी तन्त्र सहकारी मैत्री वन्न सक्नु पर्दछ ।

सरकारी निकायले परिवर्तनका निम्ति खेल्नुपर्ने भुमिका :

राज्यका कानुनहरू हेर्दा मुलुकको आर्थिक उन्नतिका निम्ति सहकारी क्षेत्रवाट पनि महत्वपुर्ण योगदान पुग्न सक्छ भन्नेमा विश्वस्त रहेको देखिन्छ । जसको अर्थ हुन्छ जन निर्वाचित प्रतिनिधिहरू जो कानुन निर्माण गर्दछन् उनिहरूको सहकारी प्रतिको सकारात्मक भावना संविधान तथा कानूनमा मुखरित विषयले उजागर गर्दछ । तर तिनै जन प्रतिनिधिहरू मध्यवाट नै बनेका सरकार, तिनका मन्त्रिहरू एवम् राष्ट्रसेवक भनिएका कर्मचारी वर्गवाट सहकारी क्षेत्र मार्फत आर्थिक, सामाजिक परिवर्तन हुन सम्भव छ भन्नेमा विस्वस्तता रहेको देखिदैन । केवल सहकारी गुजाराको स्तरमा मात्र रहेको बुझाई वहाँहरूमा देखिन्छ । वास्तवमा सरकारले सहकारी क्षेत्रलाई अर्थतन्त्रको वलियो खम्वाको रूपमा विकास गर्दै देशका आर्थिक,सामाजिक र साँस्कृतिक क्षेत्रको रूपान्तरणमा प्रयोग गर्ने हो भने तपसिलका विषयमा विशेष ध्यान दिन जरूरी छ ।

- ☐ सहकारी बहुआयामीक क्षेत्रमा कार्य गर्ने एक सशक्त माध्यम हो भन्नेमा सरकारमा रहेका सबै सरोकार राख्ने पक्षहरू विच स्पष्टता आउनुपर्ने,
- ☐ सहकारिताको मर्म र व्यवसायिकतासँग मैत्रीपूर्ण नभएका विभिन्न कानुनहरू संशोधन वा खारेज गरी सहकारी मैत्री वनाउनु पर्ने,
- ☐ सहकारी कार्यालयहरूमा काम गर्ने सरकारी निकायका कर्मचारीमा यस सम्बन्धि ज्ञानलाई न्युनतम आवश्यकता वनाईनु पर्ने,
- ☐ वर्तमान सहकारी नीति, ऐन र नियमावलीलाई समय सापेक्ष परिवर्तन गर्नुपर्ने,

- कृषि उत्पादनलाई एकीकृत खेती प्रणालीमा विकसित गरी सहकारी मार्फत नै उत्पादन कार्य गर्ने गरि कानुनी व्यवस्था सहज वनाउने,
- कृषि र पशुपालन क्षेत्रको उत्पादन प्रशोधन, भण्डारण र वजारीकरणको सम्पूर्ण जिम्मेवारीका निम्ति सहकारी क्षेत्रलाई नै अगाडि सार्नु पर्ने,
- सहकारी क्षेत्रको गुणात्मक विकासका लागि सरकारले लगानी गर्नु पर्ने,
- सहकारी क्षेत्रसंग सम्वन्धित सरकारी संरचनाहरूलाई गुणात्मक र व्यवसायी वनाउनु पर्ने तथा उपयुक्त व्यक्तिहरूले नै नेतृत्व गर्नु पर्ने,
- सहकारी अभियानका संरचनाहरूलाई लथालिङ्ग पार्दै राजनीति गर्ने थलोका रूपमा नभै व्यवसायिक नेतृत्वकर्ता संस्थाका रूपमा विकास गर्नुपर्ने,
- वचत फिर्ता नभएर समस्यामा परेका वचतकर्ता, कर्जा भुक्तानिको नियमितता नभएर समस्यामा परेका सहकारी संस्था सहित तमाम समस्याको सुझवुझ पूर्ण व्यवस्थापन गर्नुपर्ने,
- वर्तमान कानुनी व्यवस्था अनुरूपका संरचनाहरूमा पुनर्विचार गर्दै कानुन संशोधन मार्फत पद र मानका खातिर नभै औचित्य र काममा दोहोरो पन नआउने गरि अभियानका संरचनाहरू निर्माण तथा पुर्नसंरचना गर्ने ।

उपर्युक्त विषय प्रति सरकार र सरकारी संयन्त्र सकारात्मक वन्न सक्यो भने निश्चयनै सहकारी क्षेत्र देशको अर्थतन्त्रमा परिवर्तनको वाहक वन्न सक्दछ । आत्म निर्भर अर्थतन्त्र निर्माणमा ठोस योगदान पुग्दछ ।

सहकारी क्षेत्र परिवर्तनको वाहक कसरी बन्ला ?

सहकारी क्षेत्र प्रति विश्वास गर्ने तथा यसै क्षेत्रवाट परिवर्तन सम्भव देख्नेहरूले सहकारीका विधि, सिद्धान्त र मुल्यको पालना गर्नु पर्यो । राष्ट्रिय अर्थतन्त्रको दुर्दशा र यसको उन्मुक्तीका लागि केही न केही गर्न सक्छु भन्ने दृढ विश्वास हुनुका साथै संकल्प र आँट पनि हुनु पर्‍यो । हामीले सहकारी के हो के गर्न मिल्छ के गर्न मिल्दैन भन्ने विषयमा वुझ्न र विश्लेषण गर्न सक्ने हुनुपर्यो । वर्षमा १०–१५ प्रतिशत नगद लाभांश दिनु र लिनु मात्र सहकारिता नभै आफ्नो आम्दानीको धेरै हिस्सा खर्च हुने विभिन्न गुणस्तरीय उपभोग्य वस्तुहरू सुलभ मुल्यमा आपूर्ति व्यवस्था मिलाइदिने, नियमित स्वास्थ्य परिक्षणको व्यवस्था, आवस्यक पर्दाका वखत सुलभ दरमा कर्जा उपलब्ध हुने परिस्थिति निर्माण, सामाजिक सम्वन्ध विस्तारमा योगदान, सीप क्षमता र ज्ञानमा वृद्धि, आदि समेत सहकारिताका महत्वपुर्ण आयामहरू हुन् । त्यतिमात्र होईन मेरो सहकारी र त्यसका हरेक सदस्यहरू मलाई अप्ठ्यारो पर्दा मेरो साथमा छन् भन्ने कुराको भावानात्मक विकासका साथै जीवनका हरेक अप्ठ्यारोमा पहिलो साथी नै मेरो सहकारी हो भन्ने परिस्थितिको निर्माण गर्नु र हुनु अझ वढी महत्वपुर्ण मानिन्छ । यी विषय तर्फ सहकारीका अगुवा संचालक, कर्मचारी र आम शेयर सदस्यहरूमा ज्ञान, भावना र विश्वास हुनुपर्छ ।

अव सहकारीवाट आत्मनिर्भरता तर्फ कसरी लाग्ने ? जुन कुरा मेरा हरेक सदस्यमा बृद्धि गर्न सक्दा सिंगो संस्थामा आत्म निर्भरता वढ्दछ र मुलुककै निम्ति निकै उपलब्धि मुलक हुन जान्छ भन्ने सम्वन्धमा हाम्रो दृष्टिकोण पुग्न जरूरी हुन्छ विषय सानो हुन सक्छ तर प्रभाव ठुलो पर्दछ । मानौ सहकारीले आफ्ना सम्पूर्ण सदस्यहरूलाई खुर्सानी उत्पादन गर्न प्रेरित गर्यो, करेसा वारी, कौसी वा गमला जहाँ अनुकुलता छ सोही स्थान व्यवस्थापन गरी उत्पादन गर्न सक्दा एक हजार सदस्य भएको संस्थाका कम्तिमा ५ देखि ७ सयले खुर्सानी उत्पादन गरेर आफ्ना लागि किन्नु नपर्ने आस्था आयो भने हरेक सदस्यको दैनिक भान्सामा प्रयोग हुने खुर्सानीको मात्रालाई कुल सदस्यको मात्रले गुणान गर्दा र त्यसलाई साप्ताहिक मासिक गर्दै वार्षिक गणना गर्ने हो भने कति धेरै हुन जान्छ । यसै गरी हामीले दिनहुँ भान्सामा प्रयोग गर्ने दाल, चामल, तेल आदि जस्ता दिनहुँ उपभोग गरिने खाद्यान्नहरू वजारवाट खरिद गर्दा त्यसको गुणस्तरमा धेरै प्रश्नहरू देखिन्छन् जसको शुद्धता प्रति सधै प्रश्नवाचक चिन्हका विचमा नै हामी उपभोग गरिरहेका हुन्छौ साथै शुद्धता खोज्ने नाममा ती वस्तुको मुल्य पनि राम्रै भुक्तानी गरेका पनि हुन्छौ यदी यस्ता वस्तुको शुद्धताको पुर्ण ग्यारेन्टि सहित सहकारी संस्थाले स्वदेशमा नै उत्पादन भएका वस्तुहरू उत्पादक किसानसँग समयमा नै सम्पर्क गरि व्यवस्थापन गर्न सक्ने हो भने दरमा शुलभता हुनुका साथै गुणस्तरीयता प्रति सदस्यले सोच्नु नै नपर्ने अवस्था आउँछ, भने उत्पादक किसानलाई पनि विचमा मध्यस्त व्यक्ति(व्यापारी) लाई वेच्नु नपर्ने र सोझै सहकारीलाई बिक्री गर्ने अवस्थाले उत्पादनले उचित मुल्य प्राप्त गर्न सक्दछन् जुन कारणले कृषि क्षेत्रमा निराशा र पलायन भएका किसानहरूमा पनि आशा र जागरूकता आउन थाल्छ परिणाम स्वरूप आत्म निर्भर अर्थतन्त्र निर्माणमा टेवा पुग्दछ । अर्कोतर्फ सदस्यको खर्च गरिने रकम पनि केही न केही वचतमा वृद्धि हुनजान्छ, गुणस्तरीय वस्तुको उपभोगले स्वास्थ्यमा सकारात्मक प्रभाव पर्न गै दीर्घकालिन रूपमा निरोगिता समेत वढ्छ र औषधी उपचारमा गर्नु पर्ने खर्च समेत जोगिन पुग्छ । हेर्दा सामान्य लाग्ने विषयले समेत आत्म निर्भर अर्थतन्त्र निर्माणमा सहकारी क्षेत्रको गुणात्मक प्रभाव पर्दछ । हामीले सहकारी मार्फत साना देखी ठुला सम्म उत्पादन फार्महरूका अलावा प्रशोधन उद्योग एवम् व्यवसायहरू स्थापना गर्न सम्भवछ अझ भन्नु पर्दा हाम्रो देशको सन्दर्भमा कृषि क्षेत्रका सवै आयामहरूको उत्पादन, प्रशोधन, भण्डारण, वजारीकरण लगायतमा सहकारिता नै सवै भन्दा उत्तम र उपयुक्त विधि हो । जसले शुद्धता, रोजगारी सिर्जना, आय आर्जन, जीवन यापनमा सहजता लगायत गरिबी न्यूनीकरण र आत्म निर्भर अर्थतन्त्र निर्माणमा महत्वपुर्ण र वहुआयामिक योगदान दिनसक्छ ।

यसरी सहकारी क्षेत्र नेपालको अर्थतन्त्रमा परिवर्तनको वाहक वन्न सक्ने प्रसस्त सम्भावनाहरू रहेका छन् जसवाट संविधान र कानुनको मर्म र अपेक्षाहरू पुरा गर्न समेत मद्दत पुग्दछ ।

धन्यवाद ! जय सहकारी !!

khagrajsharma1969@gmail.com

लेख

सहकारी संगालोको दोश्रो अंक (मंसिर २०८० अंक) को पेज २९ बाट निरन्तर

सहकारीमा जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन

सि.ए. वद्री कुमार गुरागाई
प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय सहकारी बैंक लि.

सहकारी संस्थाले आफ्नो कार्य सन्चालन गर्दा विभिन्न प्रकारको जोखिमको सामना गरिरहेका हुन्छन् । यसरी सामना गरिरहेको जोखिमको पहिचान समयमा गर्ने एवम् उक्त जोखिमहरूको मूल्याङ्कन उचित रूपमा गरिएको अवस्थामा सो को व्यवस्थापन गर्न सहज हुन्छ ।

जबसम्म जोखिमहरूको पर्याप्त मूल्याङ्कन र मापन हुँदैन, तबसम्म तिनीहरूलाई व्यवस्थापन गर्न सम्भव हुँदैन । जोखिमको वास्तविक मूल्याङ्कनले व्यवस्थापनलाई सहकारी संस्थाको स्थितिको स्पष्ट दृष्टिकोण दिन्छ र भविष्यको कार्य योजना तय गर्न मद्दत गर्दछ । जोखिमको यथार्थ अवस्थालाई विश्लेषण गर्न, जोखिम मापन प्रकृयाले सहकारी संस्थाको जोखिमको प्रकार र व्यवसाय स्थितिलाई प्रतिनिधित्व गर्नुपर्छ जसमा सहकारी संस्थाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन जोखिम समावेश गर्नुपर्छ । सम्भावना भएसम्म सहकारी संस्थाले सञ्चालन जोखिम, सूचना प्रविधि जोखिम, बजार जोखिम, कर्जा जोखिम, तरलता जोखिम, कानूनी तथा अनुपालन जोखिम, प्रतिष्ठा जोखिम र अन्य प्रकारका जोखिमका परिमाण निर्धारण गर्ने प्रणाली र मोडलहरु विकास गर्नुपर्छ।

जोखिमहरूको परिमाणीकरण (Quantify) गर्न धेरै गाह्रो र जटिल हुन सक्छ । त्यसैले जहाँ जोखिमको परिमाण मापन गर्न सम्भव छैन, ती जोखिमहरूलाई मापन गर्न गुणात्मक उपाय अपनाउनुपर्छ र यसरी उपायहरु अपनाउँदा सम्बन्धित विषयमा ज्ञान र विशेषज्ञता भएको कर्मचारीलाई जिम्मेवारी दिनु पर्दछ । कुनै पनि जोखिम मापन ढाँचा तयार गर्दा विशेष गरी परिमाणात्मक प्रविधि र मोडेल प्रयोग गर्ने, त्यसमा अन्तर्निहित तत्वहरूको अनुमान गर्ने, विश्लेषणात्मक विधिहरूको प्रयोग गर्ने, तथ्याङ्क विश्लेषणमा उपयुक्त विधिहरु प्रयोग गर्ने जस्ता विधिहरु उचित हुन सक्छन् । त्यसैगरी जोखिम विश्लेषण गर्नका लागि हाल राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रचलित पर्ल्स विश्लेषण, वासेल विश्लेषण (Basel Analysis), पाँच सी विश्लेषण (5 C's Analysis), तनाव परीक्षण (Stress Testing), सर्वमान्य रूपमा स्वीकार गरिएको लेखा सिध्दान्त विश्लेषण (Generally Accepted Accounting Principles -GAAP Analysis), अन्तराल विश्लेषण (Gap Analysis) र भविष्यमा समेत राष्ट्रिय तथा अन्तराष्ट्रिय कुनै उपयुक्त विधि प्रयोग भएमा सो विधि प्रयोग गर्न सकिन्छ । त्यसका साथसाथै नियमनकारी निकायहरूले समय सयममा दिएको र उपलब्ध गराएको निर्देशन र विधि (भविष्यमा उपलब्ध गराउन सक्ने) समेत जोखिम विश्लेषण विधिको रूपमा प्रयोग गर्न सकिन्छ । त्यस्ता विधिहरूको प्रयोगबाट सहकारी बैंकका सबै किसिमका जोखिमहरूलाई मापन, विश्लेषण, न्यूनीकरण र व्यवस्थापन गर्न प्रयास गर्नुपर्दछ ।

> **संघ र संस्थाको प्रकृति तथा आकारका आधारमा फरक फरक किसिमका जोखिमहरुको सामना तथा वहन गर्नुपर्दछ । व्यवसायीक सफलताका लागि संघ र संस्थाले आफ्नो क्षमता अनुसारको जोखिम वहन गर्नु आवश्यकता नै हो । तर यस्ता जोखिमको उचित व्यवस्थापन गर्न सकिएन भने व्यवसायको पूँजी, आर्जन क्षमता, ख्याती तथा निरन्तरतामा समेत गम्भिर समस्या पर्न सक्दछ ।**

जोखिम न्यूनीकरण र निराकरणको उद्देश्य जोखिम व्यवस्थापनका लागि कस्ता किसिमका उपायहरु अवलम्वन गर्ने र पहिचान गरिएका जोखिमहरूको लागि जिम्मेवार व्यक्ति को हुने भनेर निर्धारण गर्नु हो । जोखिम निराकरणले जोखिम कम गर्नको लागि गरिएको विश्लेषणलाई कार्यहरूमा रूपान्तरण गर्दछ । जोखिम निराकरणका विकल्पहरूलाई सम्भाव्यता, लागत र लाभहरूको सन्दर्भमा मूल्याङ्कन गरिन्छ । जोखिमलाई सहनशील स्तरमा कम गर्ने सबैभन्दा उपयुक्त र व्यावहारिक तरिकाबाट जोखिम व्यवस्थापन विधि छनौट गर्नु पर्दछ । जोखिम व्यवस्थापन योजनाले विभिन्न जोखिमलाई विभिन्न तरिकाले व्यवस्थापन गर्न सकिन्छ । जस्तैः

क) जोखिम न्यूनीकरणको लागि पूर्व शर्तहरूको निर्धारण गर्ने

ख) जोखिमको सम्भावनालाई विश्लेषण गरी नियन्त्रण गर्ने

ग) जोखिमका परिणामहरु कम गर्ने

घ) जोखिम स्थानान्तरण गर्ने

ङ) जोखिम कायम राख्ने ।

जोखिम व्यवस्थापन योजनाले विभिन्न किसिमका जिम्मेवारीहरु, समय र जोखिम निराकरणको अपेक्षित परिणाम, बजेट, जोखिम पहिचानका उपायहरु र पुनरावलोकन प्रक्रियाको पहिचान गर्नुपर्दछ ।

जोखिम तथा यसका प्रकार

सहकारी संघ र संस्था एवम् बैंक तथा वित्तीय संस्थाहरूले सदैव विभिन्न किसिमका जोखिमहरूको सामना गरिरहनु पर्दछ । संघ र संस्थाको प्रकृति तथा आकारका आधारमा फरक फरक किसिमका जोखिमहरूको सामना तथा वहन गर्नुपर्दछ । व्यवसायिक सफलताका लागि संघ र संस्थाले आफ्नो क्षमता अनुसारको जोखिम वहन गर्नु आवश्यकता नै हो । तर यस्ता जोखिमको उचित व्यवस्थापन गर्न सकिएन भने व्यवसायको पूँजी, आर्जन क्षमता, ख्याती तथा निरन्तरतामा समेत गम्भिर समस्या पर्न सक्दछ । अतः वित्तीय कारोवार गर्ने संघ र संस्थाहरूले जोखिमको समुचित व्यवस्थापन गर्नु अनिवार्य हुन आउँछ । जोखिमको उचित व्यवस्थापन गर्न सकेमा संघ र संस्थाको सम्पत्ति सुरक्षित हुँने, श्रोत साधनको उच्चतम परिचालन हुने, संस्थाको विश्वसनियता मजबुत भई व्यवसाय बृद्धिमा समेत सकरात्मक प्रभाव पर्नेछ ।

संघ र संस्थाहरूले विभिन्न प्रकारका वित्तीय तथा गैर वित्तीय जोखिमहरूको सामना गरिरहनु पर्ने हुन्छ । जोखिमहरू अत्यधिक अन्तरनिर्भर हुने भएकाले जोखिमको एक क्षेत्रलाई प्रभाव पार्ने घटनाहरूले अन्य जोखिमहरूको दायरालाई समेत प्रभाव पार्न सक्नेछन् । अतः संघ र संस्थाको समिति एवम् व्यवस्थापनले संघ र संस्थाको समग्र जोखिमको पहिचान, मापन, अनुगमन तथा नियन्त्रण एवम् व्यवस्थापन गर्ने क्षमतामा सुधार गर्न पर्याप्त महत्व दिनुपर्दछ ।

जोखिम व्यवस्थापनसँग सम्बन्धित गतिविधिहरू सहकारी संघ र संस्थाहरूको विद्यमान नीति तथा मापदण्ड, संघ र संस्थाको मानव संसाधनमा आधारित हुन्छ । जोखिम व्यवस्थापनको कार्य संघ र संस्थाको सञ्चालन तथा यसको उद्देश्य परिपूर्ति गर्नका लागि महत्वपूर्ण गतिविधि हो । अतः कुशल जोखिम व्यवस्थापन गर्न संघ र संस्थाको समिति एवम् व्यवस्थापन जिम्मेवार हुन्छन् ।

निम्नलिखित जोखिमका विषयवस्तुहरू सहकारी संघ र संस्थाहरूले सम्बोधन गर्नुपर्ने देखिन्छ।

१) जोखिमहरूलाई सहि रूपमा पहिचान, मापन, मूल्यांकन एवम् व्यवस्थापन गर्नुपर्दछ ।

२) जोखिमको स्वामित्व लिनुपर्दछ र सबै तहमा प्रभावकारी रूपमा यसको सञ्चार गरिनुपर्दछ ।

३) जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने श्रोतहरूको प्रभावकारी रूपमा विनियोजन गर्नुपर्नेछ ।

४) संघ र संस्था नियामक निकायले जारी गरेका नीति निर्देशन, आन्तरिक नीति नियमहरू एवम् विद्यमान कानुनी अनुपालनामा उत्तरदायि हुनु अत्यावश्यक हुन्छ ।

५) जोखिमलाई प्राथमिकिकरण गर्नुपर्दछ ।

६) जोखिमको आधारमा मूल्य निर्धारण गर्नु उपयुक्त हुनेछ ।

७) जोखिम र व्यवसाय बीचमा निरन्तर सन्तुलन कायम गरिनुपर्दछ ।

८) जोखिम व्यवस्थापन सम्बन्धी विभिन्न फ्रेमवर्क तथा दिशानिर्देशनहरू तयार गरिनुपर्दछ ।

९) संघ र संस्था सञ्चालन गर्दा जोखिम व्यवस्थापनको संरचनागत व्यवस्था गरिनुपर्दछ ।

१०) जोखिममा आधारित अडिट गरिनुपर्दछ ।

११) जोखिम व्यवस्थापनसँग सम्बन्धित अन्य विषयहरूलाई समेत आवश्यकता अनुसार समावेस गर्न सकिनेछ ।

१२) जोखिमहरू जसले कर्मचारी, संघ र संस्था, सदस्य लगायत सम्पूर्ण सरोकारवालाहरूलाई प्रभावकारी रूपमा असर गर्न सक्छ, ती विषयहरूलाई व्यवस्थित गर्नु सहकारी संघ र संस्थाको प्रमुख उद्देश्य हुनुपर्दछ ।

जोखिमलाई निम्न अनुसार विभाजन गर्न सकिन्छ ।

१) कर्जा जोखिम

२) बजार जोखिम

३) सूचना प्रविधि जोखिम

४) तरलता जोखिम

५) सञ्चालन जोखिम

६) अनुपालना जोखिम

७) रणनीतिक एवम् प्रतिष्ठा जोखिम

कर्जा जोखिमः

कर्जा भन्नाले सहकारी संघ र संस्थाका सदस्यहरूले तोकिएको समयभित्रमा दुवै पक्षबीचको सम्झौता अनुसार सावा ब्याज तथा अन्य शुल्क तथा हर्जाना सहित फिर्ता गर्ने गरि लिएको रकमलाई जनाउँदछ । निर्धारित समयभित्र सम्पूर्ण कर्जा रकम फिर्ता गर्ने दायित्व सम्बन्धित ऋणी सदस्यको हुनेछ । संघ र संस्थाहरूको मुख्य आम्दानीको श्रोत पनि कर्जा नै हो । यहि कर्जामा नै सबैभन्दा बढी जोखिम पनि हुने गर्दछ । कर्जा जोखिम सामान्यतया लेनदेन जोखिम, पूर्वनिर्धारित जोखिम तथा पोर्टफोलियो जोखिम मिलेर बनेको हुन्छ।पोर्टफोलियो जोखिममा आन्तरिक एवम्

एकाग्रता जोखिम समावेस हुन्छ । यस्तो पोर्टफोलियो जोखिम आन्तरिक र वाहय दुवै परिस्थितिहरूका निर्भर हुने गर्दछ । आन्तरिक परिस्थितिहरूमा संघ र संस्थाको कर्जा नीतिमा कमी कमजोरीहरू, बुझाइ तथा विवेकशिलतामा कमी हुन सक्छ । अन्य जोखिमहरूमा कर्जा लगानी एकाग्रता सिमा, कर्जा स्विकृती प्रक्रिया, कर्जा स्विकृती गर्ने पदाधिकारी, कर्जा उपसमितिहरूका लागि कर्जा स्विकृति सिमा निर्धारण नगरिनु, कर्जा लिन चाहने सदस्यहरूको वित्तीय स्थितीको मूल्यांकन तथा विश्लेषणमा कमी, धितोमा अत्यधिक निर्भरता, कर्जा समीक्षा संयन्त्रको अभाव तथा स्विकृती पछि निगरानी लगायत पर्दछन् । वाहय परिस्थितिहरूमा अर्थतन्त्रको अवस्था, पूँजीको मूल्यमा व्यापक परिवर्तन, ब्याजदर, विदेशी विनिमय दर, सरकारी नीतिहरू आदि पर्दछन । यी र यस्ता आन्तरिक एवम् वाहय तत्वहरूको कारणले गर्दा संघ र संस्थाहरूले सदस्यलाई लगानी गरिएको कर्जा सम्झौता बमोजिम फिर्ता हुन नसक्ने जोखिम रहन्छ । कर्जा सम्झौता अनुसार ऋणी सदस्यले समयमै कर्जा नतिरेमा संघ र संस्थामा तरलता जोखिम समेत आउँन सक्नेछ । कर्जा जोखमको कारणले संघ र संस्थाको नाफानोक्सान, वित्तीय अवस्था लगायत संस्थाको निरन्तरता तथा विश्वसनियतामा समेत प्रभाव पार्न सक्नेछ।

कर्जा जोखिम व्यवस्थापन

सहकारी संघ र संस्थाहरूको मुख्य जोखिम नै कर्जा लगानीमा हुने गर्दछ । सही तरिकाले कर्जा जोखिमको व्यवस्थापन गर्न नसकिएमा कर्जा दुरूपयोग हुने, कर्जाको गुणस्तर कमसल हुने, कानुनी झमेला हुनसक्ने, असुली हुन नसकेमा पूँजीको क्षयीकरण हुने, कर्जा नोक्सानी व्यवस्थाका कारणले नाफामा नकरात्मक प्रभाव पर्ने, निक्षेपकर्ताको हित असुरक्षित हुने तथा संस्थाको निरन्तरतामा अवरोध पुग्न सक्नेसम्मका जोखिम आउन सक्दछ।यसरी उत्पन्न हुन सक्ने गम्भिर जोखिमबाट सुरक्षित हुनका लागि प्रभावकारी रूपमा कर्जा जोखिम व्यवस्थापन हुनु अत्यन्तै आवश्यक हुन्छ ।

कर्जा जोखिम व्यवस्थापनका लागि संघ र संस्थामा विभिन्न सुरक्षात्मक तहहरू रहेका हुन्छन् । संचालक समिति, कर्जा उपसमिति, कर्जा युनीट, विभाग र सेवा केन्द्रहरू, कर्जा अनुगमन संयन्त्र, असुली युनीट, कर्जा स्विकृती प्रणाली, पोर्टफोलियो व्यवस्थापन, आन्तरिक लेखा परीक्षण लगायतका विभिन्न सुरक्षात्मक तहहरू हुन्छन् । यी तहहरूले आन्तरिक नीति नियम तथा प्रचलित कानुनको अधिनस्थ रहेर स्वःस्फुर्त रूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्द छ, कर्जा जोखिम व्यवस्थापनका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिनेछ ।

क) कर्जा जोखिम व्यवस्थापनका लागि मुख्यतया संघ र संस्थाको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक र कार्यालय प्रमुखको भूमिका महत्वपूर्ण हुन्छ । सञ्चालक समितिले कर्जासँग सम्बन्धित पर्याप्त कार्यविधिहरूको निर्माण गर्नुपर्छ भन्ने व्यवस्थापनले त्यसको सहि रूपमा कार्यान्वयन गर्नुपर्दछ।

ख) सहकारी संघ र संस्थाहरूमा कर्जा लगानी कार्यलाई व्यवस्थित गर्न आफ्नो क्षमता अनुसार कर्जा युनिट र विभागको स्थापना गर्नुपर्दछ । संघ र संस्थाको आकार ठुलो भएमा कर्जा जोखिम विश्लेषणका लागि अलग्गै कर्जा जोखिम व्यवस्थापन युनिट र विभागको समेत स्थापना गर्नु उपयुक्त हुन्छ । कर्जा प्रशासन सम्बन्धी कार्यहरू उक्त इकाई तथा सेवा केन्द्रहरूले कार्यविधि मुताविक गर्नुपर्नेछ । कर्जा स्विकृति पूर्व कर्जा माग गर्ने सदस्यको ऋण तिर्नसक्ने क्षमता लगायतको पर्याप्त विश्लेषण तथा मूल्यांकन गर्नुपर्दछ । ततपश्चात को कसले कति रकमसम्मको कर्जा स्विकृत गर्नसक्ने भन्ने कर्जा स्विकृतीका लागि अधिकार प्रयायोजन तथा सिमाहरू निर्धारण भए अनुसार कर्जा स्विकृति तथा सिफारीस गर्नुपर्दछ।

ग) प्रचलित ऐन कानुन एवम् नियमनकारी निकायको निर्देशन फरक पर्ने गरि कुनै पनि निर्णय गर्नु हुदैन । समय समयमा परिवर्तन हुने ऐन, कानुन, नीति नियमहरूको परिपालना गर्नुपर्दछ।

घ) धितो मूल्यांकनलाई कर्जा विश्लेषणको प्रमुख विकल्प मान्नु हुँदैन, यो त केवल चुक्ता नहुने अवस्थाको सुरक्षण मात्र हुनुपर्छ । पेशागत व्यक्ति तथा निकायबाट स्वतन्त्र रूपमा धितो मूल्यांकन गर्ने व्यवस्था मिलाउनु पर्दछ

ङ) कर्जा स्विकृतीका लागि आवश्यक कागजात तथा सम्पूर्ण प्रक्रियाहरू पुरा भएको हुनुपर्नेछ । यस्ता कागजातहरूलाई सुरक्षित रूपमा राखिनुपर्दछ ।

च) कर्जा लगानी गर्दा सहकारी संघ र संस्थाको तरलताको अवस्था अनुकुल रहे नरहेको यकिन गर्नु पर्नेछ ।

छ) कर्जा एकाग्रतालाई कम गराई सानो सानो आकारको धेरै सदस्यलाई लगानी गर्ने नीति अपनाउनु पर्दछ ।

ज) सदस्यलाई कर्जा लगानी गर्ने कर्जा प्रक्रिया नरम तथा लचिलो हुनु हुदैन । यसो भएका कर्जा जोखिममा जाने तथा समग्र कर्जा प्रणाली नै फितलो हुने जोखिम रहन्छ ।

झ) कर्जाको गुणस्तर कायम राख्नका लागि लगानी पश्चात पनि कर्जा सदुपयोगिता निरिक्षण गर्नुपर्दछ । अन्यथा कर्जा असुली प्रक्रियामा जटिलता आउन सक्दछ।कर्जाको गुणस्तर कमजोर भएमा नियमानुसार कर्जा नोक्सानी व्यवस्था गर्नुपर्दछ ।

ञ) कर्जा स्विकृतीको प्रभावकारीता र पोर्टफोलियो गुणस्तरमा गिरावट पहिचान गर्नका लागि कर्जा समिक्षा

गर्नुपर्दछ । कर्जा समिक्षा गर्दा कर्जा मागको समिक्षा, कर्जा कागजातको शुद्धता तथा पूर्णता, कार्यविधि अनुसार कर्जाको मूल्यांकनको शुद्धता, आन्तरिक नीति नियमहरू, प्रक्रियाहरू र प्रचलित नियम कानुनहरूको पालना, कर्जाका शर्तहरूको अनुपालना, कर्जा स्विकृती प्रक्रिया, लगानी पछिको निगरानी, पोर्टफोलियो गुणस्तर एवम् पोर्टफोलियो गुणस्तर सुधार गर्ने सिफारीसहरूमा ध्यान दिनुपर्छ ।

ट) कर्जाका विभिन्न प्रकारहरूको विकास गरिनुपर्दछ । कर्जाका यी प्रोडक्ट अनुसार पोर्टफोलियो व्यवस्थापन गर्नुपदर्छ । निश्चित समय अन्तराल जस्तै त्रैमासिक, अर्धवाषिक वा वार्षिक रूपमा पोर्टफोलियो मूल्यांकन तथा अद्यावधिक गर्नुपर्दछ।

ठ) व्यवस्थापन सुचना प्रणालीको विकास गरि कर्जा जोखिमसँग सम्बन्धित सम्पूर्ण विवरणहरू व्यवस्थित तरिकाले अभिलेख राखी समिति र व्यवस्थापनमा जानकारी हुने व्यवस्था मिलाउनु पर्दछ ।

बजार जोखिम

मूल्य तथा ब्याजदरमा हुने परिवर्तनहरूका कारण सहकारी संघ र संस्थालाई पर्न सक्ने नकरात्मक प्रभाव नै बजार जोखिम हो । बजारमा निक्षेप र बचतको आपूर्ति तथा कर्जा मागको अवस्था अनुसार ब्याजदरमा उतारचढाव आउनु स्वभाविक र निरन्तर प्रक्रिया हो । तर यो प्रक्रियलाई सहकारी संघ र संस्थाले नियमित रूपमा ध्यान दिइरहने तथा नियालीरहनु पर्दछ । वस्तु तथा सेवाको मूल्यलाई बजारको माग र आपूर्तिले प्रभाव पारिरहेको हुन्छ । यस प्रभावबाट मुद्रास्फिति घटबढ हुने हुँदा यससँगै जोखिमस्तरका आधारमा ब्याजदर निर्धारण हुने गर्दछ।

बजार जोखिम व्यवस्था

बजार जोखिम व्यवस्थापनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गरि कार्यान्वयन गर्नुपर्नेछ । समय समयमा यी नीति तथा कार्यविधिहरूलाई समीक्षा गरि परिमार्जन तथा पुनरावलोकन गर्नुपर्दछ । बजार जौखिमलाई न्यनीकरण गर्न निम्न उपायहरू अवलम्बन गर्न सकिनेछ।

१) ब्याजदर परिवर्तन हुँदा सहकारी संघ र संस्थाको आय आर्जनमा प्रभाव पर्ने तथा सम्पत्ति दायित्वको सन्तुलनमा असर गर्दछ । यसले भावि नगद प्रवाहको वर्तमान मूल्य पनि प्रभावित हुन गई पूँजीकोषको गणनामा समेत प्रभाव पर्न सक्नेछ । ती प्रभावहरूको पहिचान, मापन, विश्लेषण तथा मूल्यांकन गर्न असल अभ्यासहरूको प्रयोग गर्नुपर्दछ ।

२) घर जग्गाको बजार मूल्यमा गिरावट आएको अवस्थामा सहकारी संघ र संस्थाले कर्जा प्रवाह गर्दा स्विकार गरेको धितो सुरक्षणहरूमा पर्न सक्ने असर समेतको मूल्यांकन गर्नु आवश्यक हुन्छ । यस्तो परिवर्तनका कारण धितो सुरक्षणले बाँकी कर्जा नखाम्ने भएमा कर्जा सुरक्षित गर्ने उपायहरू अवलम्बन गर्नुपर्दछ ।

३) शेयर बजारको उतारचढाव लगायत अन्य आर्थिक क्रियाकलापहरूले तरलताको स्थितिमा प्रभाव पार्ने भएकाले यस अवस्थालाई समेत ध्यान दिनुपर्दछ ।

४) सहकारी संघ र संस्थाहरूको आकार, जटिलता, लाभ लागतका आधारमा सम्पत्ति दायित्व व्यवस्थापन गर्नका लागि संचालक समितिले सम्पत्ति दायित्व व्यवस्थापन उपसमिति गठन गर्नुपर्दछ । यो उपसमितिले बजार तथा संघ र संस्था लाभ लागत अवस्थाको अध्ययन तथा विश्लेषण गरि ब्याजदर निर्धारण एवम् परिवर्तन सम्बन्धी निर्णय गरि लागू गर्नु गराउनु पर्दछ।साथै आवश्यकता अनुसार जोखिम व्यवस्थापन उपसमिति, लगानी व्यवस्थापन उपसमिति, बजार अनुसन्धान इकाई लगायतका संरचनाहरू पनि बनाउन सकिनेछ ।

५) बजार जोखिम विश्लेषणका लागि विभिन्न औजारहरू जस्तैः परिदृश्य विश्लेषण (Scenario Analysis), परिसूचक विश्लेषण (Index Analysis), अन्तराल विश्लेषण (Gap Analysis), अवधि विश्लेषण (Duration Analysis), तनाव परिक्षण (Stress Analysis) आदिलाई प्रयोगमा ल्याउनुका साथसाथै बजारमा भएका परिवर्तनहरूलाई समेत विश्लेषण गरि समयमै आवश्यक उपायहरू अवलम्बन गर्नुपर्दछ।

६) व्यवस्थापन सुचना प्रणालीको विकास गरि बजार जोखिम सम्बन्धि सम्पूर्ण विवरणहरू व्यवस्थित तरिकाले अभिलेख राखी समिति र व्यवस्थापनमा जानकारी हुने व्यवस्था मिलाउनु पर्दछ।

७) प्रभावकारी बजार जोखिम व्यवस्थापनका लागि सहकारी संघ र संस्थाको जोखिम वहन गर्ने क्षमतालाई प्राथमिक रूपमा निर्धारण गर्न उपयुक्त नीति, सीमा, रणनीति, मापदण्ड र प्रक्रियाहरू निर्माण गर्नुपर्दछ । जसले बजार पोर्टफालियोमा निहित जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न सहयोग पुग्दछ।

सुरक्षित, सबल र सुदृढ सहकारी संस्था
निर्माणका लागि स्तरीकरण कार्यक्रम
-कोसिस

बागमती प्रोस्कून र जिल्ला संघहरूबीच द्वीपक्षिय सञ्जाल साझेदारी सम्झौता सम्पन्न

२०८१ साल श्रावण महिनाको १२ गते शनिवार,

बागमती प्रदेश सहकारी ऐन २०७६ दफा ६ बमोजिम गठन भएको बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) आफ्नो स्थापनाकाल देखि नै बागमती प्रदेश भित्रका सहकारी संघसंस्थाहरूको विकास, प्रर्वद्धन तथा बजारीकरणका अतिरिक्त सदस्य संघसंस्थाका सञ्चालक र कर्मचारीको क्षमता विकासका लागि शिक्षा, तालिमका कार्यक्रमहरु, सहकारीको स्थायित्व र दीगो विकासका लागि स्तरीकरण कार्यक्रमहरू सञ्चालन गर्नुका साथै असल सहकारी अभ्यासका लागि बहस पैरवी र समस्यामा परेका सहकारी संघसंस्थाहरूको समस्या समाधानमा भूमिका खेल्दै आएको सक्रिय र जिम्मेवार संघ हो । यस संघले नेपालको बचत तथा ऋण सहकारी अभियानलाई दिगो, विश्वासिलो र भरपर्दो बनाउनका लागि सञ्जाल सहकार्यको विकल्प नरहेको सत्यतालाई संघले आत्मसात गरिरहेको छ । संघले स्थापना देखि नै सञ्जाल सहकार्यको विषयमा आफ्नो आवाज बुलन्द पारिरहेको छ । विगत वर्षहरू देखि नै नियमित सञ्जाल सहकार्य र साझेदारीका विषयमा जिल्ला बचत तथा ऋण सहकारी संघहरूसंग अन्तरक्रिया तथा छलफल हुँदै आएको थियो । सञ्जाल सहकार्य र साझेदारीका सन्दर्भमा बागमती प्रोस्कूनले केन्द्रदेखि प्रदेश, जिल्ला संघहरू हुँदै प्रारम्भिक संस्था र संस्थाका सदस्यहरूको नेतृत्व क्षमता, व्यवसायिक क्षमता तथा व्यक्तिगत क्षमताको विकासका लागि एकसुत्रमा समेटिनु पर्ने तथा कार्यभारको सन्तुलित बाँडफाँड मार्फत सबै संघहरूलाई जिम्मेवार र सक्षम बनाई अगाडि बढ्नुपर्ने धाराणा राख्दै आएको छ ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघको आयोजना र बागमती प्रदेश भित्रका सबै जिल्ला बचत तथा ऋण सहकारी संघहरूको सह आयोजनामा गत २०८० फाल्गुण १६ र १७ गते सम्पन्न प्रथम बागमती प्रदेश साकोसको संकल्प प्रस्तावमा समेत सञ्जाल सहकार्य र साझेदारीलाई प्रमुख मुद्दाको रूपमा संघले उठाएको थियो । बागमती प्रदेश भित्रका सबै बचत तथा ऋण सहकारी संघहरू र केन्द्रीय बचत तथा ऋण सहकारी संघसमेतको संयुक्त आयोजनामा सम्पन्न ऐतिहासिक प्रथम बागमती प्रदेश साकोस समिटले साझा संकल्प प्रस्तावको बुँदा नं. २ (दुई) मा अभियानको सुदृढीकरणका लागि साझा सञ्जाल निर्माण गर्ने सामूहिक पहल गरी साझा सञ्जालको ढाँचा र कार्यप्रक्रिया सार्वजनिक गर्ने संकल्प पारित गरेको थियो । यसै अनुरुप हुने गरी संघको मिति २०८१ आषाढ २६ गते सम्पन्न २४ औं पूर्ण बैठकले बचत तथा ऋण सहकारीहरूको साझा सञ्जाल ढाँचा र कार्यप्रकृया २०८० पारित गऱ्यो । सोही कार्यप्रकृयाको आधारमा संघको चौथो स्थापनाको पूर्व सन्ध्यामा बागमती प्रदेश भित्रका जिल्ला बचत तथा ऋण सहकारी संघहरू र बागमती प्रोस्कून बिच द्वीपक्षीय साझेदारी सम्झौता सम्पन्न भएको थियो ।

बागमती प्रोस्कूनका अध्यक्ष तथा अन्य पदाधिकारी र सञ्चालक समितिका सदस्यहरू एवम् विभिन्न १२ वटा जिल्ला बचत संघका अध्यक्ष लगायत प्रतिनिधिज्यूहरूको उपस्थितीमा सम्पन्न भएको कार्यक्रममा संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा संघका महासचिव जिवसराज खड्काले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले सहकार्य ढाँचा र कार्यप्रक्रिया २०८० का विषयमा प्रस्तुतीकरण सहित प्रष्ट पार्नुभएको थियो । यस अघि विभिन्न समयमा भएका बहस र छलफलको परिणाम स्वरूप सो सञ्जाल साझेदारीको परिकल्पना भएको बताउँदै कार्यक्रममा उपस्थित सम्पूर्ण जिल्ला बचत संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरूले संजाल साझेदारी ढाँचा र कार्यप्रक्रियाका विषयमा साझेदारीको विकल्प नरहेको विचार राख्दै थप रायसहितको सुझाव व्यक्त गर्नुभएको थियो । संजाल साझेदारी कार्यक्रममा काठमाडौ, सिन्धुली, रामेछाप र रसुवा जिल्ला बचत तथा ऋण सहकारी संघसँग सोही दिन द्विपक्षिय सम्झौता सहित कोशिस कार्यक्रमको साझेदारी शुभारम्भ गर्ने निर्णय भयो भने मकवानपुर, भक्तपुर, दोलखा जिल्ला बचत संघहरूसंघ त्यस पश्चातका विभिन्न मितिमा द्विपक्षिय सम्झौता सम्पन्न भई सकेको छन् । बाँकी जिल्ला बचत संघहरूले निर्णय गरी साझेदारी कार्यक्रममा समावेश हुने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । छ भने जिल्ला बचत तथा ऋण सहकारी संघहरू मार्फत प्रदेश बचत तथा ऋण सहकारी संघले विकास गरेको प्राविधिक सीपलाई प्रारम्भिक सहकारी सम्म पुऱ्याउने नीति संघले अख्तियार गरेकोछ ।

जिल्ला संघहरु

मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघको आयोजनामा सूचनाको हक सम्बन्धि अन्तरकृया कार्यक्रम

२० असोज २०८१

जिल्ला बचत तथा ऋण सहकारी संघ लि, मकवानपुरले सूचनाको हकको सम्मान एवम् सूचनाको संरक्षणका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

बागमती प्रदेश सहकारी विकास वोर्डका कार्यकारी उपाध्यक्ष श्री नारायण प्रसाद देवकोटा प्रमुख अतिथी रहनु भएको कार्यक्रममा सहकारी अभियानमा सहकारी संघसंस्थाहरूले पालना गर्नुपर्ने र कार्यन्वयन गर्नुपर्ने सूचनाको हकसम्बन्धी अधिकार, यसको महत्व र सूचनाको हकको संरक्षणको विषयमा प्रस्तुतीकरण मार्फत संघको सञ्जालमा आवद्ध सदस्य संस्थाहरूलाई सूसुचित गरिएको थियो ।

कार्यक्रममा श्रोतव्यक्तिको रूपमा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटाले सूचनाको हक सम्बन्धि ऐन, नियमावली, कार्यविधि एवम् निर्देशिकाको विषयमा प्रस्तुतीकरण राख्नु भएको थियो । उक्त अवसरमा अभौतिक रूपमा उपस्थित रहनु भएको बासकोटाले नेपालको संविधान २०७२ ले नागरिको मौलिक हक र कर्तव्य सम्बन्धी व्यवस्था अर्न्तगत धारा २७ मा सूचनाको हकको सुनिश्चितता प्रदान गरको उल्लेख गर्नु हुदै प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने मौलिक हक प्रदान गरिएको विषयमा जानकारी गराउनु भएको थियो । आफ्नो प्रस्तुती मार्फत बास्कोटाले सहकारी संस्थामा कुनै नेपाली नागरिकले सूचना माग गरेमा उक्त सूचनाको प्रयोजन बुझि सूचना मागकर्तालाई सूचना उपलब्ध गराउनु पर्ने कानुनी प्रावधानका विषयमा प्रष्ट पार्नु भएको थियो । संविधानले नै गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था भएको उल्लेख गर्दै सहकारीले पनि सदस्यहरूको व्यक्तिगत सूचनाहरू गोप्य राख्नु पर्ने हुनाले त्यस्ता विवरणहरू सूचना मागकर्तालाई उपलब्ध गराउन नहुने समेत उल्लेख गर्नु भएको थियो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर (माफ्स्कून) का अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको विशिष्ट अतिथिमा राष्ट्रिय सहकारी महासंघका संचालक बद्रि प्रसाद लम्साल रहनु भएको थियो । कार्यक्रममा संघका उपाध्यक्ष मिना चौरेल, सचिव विरेन्द्र प्रसाद ढुङ्गाना, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति, व्यवस्थापक, सहकारी संस्थाका अध्यक्ष, उपाध्यक्ष, सहित जम्मा ८६ जनाको उपस्थिती रहे उपमहानगरपालिका स्थित रोयल पाटी

कार्यक्रममा संघका अध्यक्ष श्रेष्ठले आउँदै गरेको पर्वहरूको शुभकामना कोशेली स्वरूप सम्पूर्ण सदस्य साको सहकारीहरूलाई नमूना उपलब्ध गराउ

बागमती प्रदेशका जिल्ला ब पुर्नविचार गर्न अ

बागमती प्रदेशका जिल्ला बचत स संस्थाका अध्यक्ष सिए प्रविण लेखापरीक्षण शुल्क पुर्नविचार गर्ने काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेप अध्यक्ष र व्यवस्थापन प्रमुखहरूको उप

आईक्यानले लेखाव्यवसायी फर्म २०७८ जारी गरेको थियो । उक्त निर्दे शुल्क असामान्य तरिकाबाट वृद्धि ग निश्कर्षसहित जिल्ला बचत संघहरूब गर्न अनुरोध भएको हो ।

भेटमा सहकारीले सामना गरीरहेक आईक्यान मार्फत सहकारी अभियानले भएको थियो । उक्त छलफल पश्च मागलाई परिषदमा छलफल पछि सम्बो

...का गतिविधिहरु

...चतसंघहरुबाट लेखापरीक्षण शुल्क ...आईक्यानलाई अनुरोध

...ंघहरूका नेतृत्वबाट नेपाल चार्टड एकाउन्टेन्ट्स ... कुमार झा सहित पदाधिकारीसंग भेट गरी ... सम्बन्धमा छलफल भएको छ । छलफलमा ...लाञ्चोक र मकवानपुर जिल्ला बचत संघका ...पस्थिती रहेको थियो ।

...को मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका ...र्देशिकालाई संसोधन गरी निर्धारीत लेखापरीक्षण ...रेको र सो को मापदण्ड न्यायोचित नरहेको ...ाट संस्थाका अध्यक्षलाई उक्त शुल्क पुर्नविचार

...ो अवस्था, लेखा परीक्षण प्रतिवेदनको गाम्भिर्यता, ... गर्न सक्ने सहकार्य समेतका बारेमा छलफल ...ात संस्थाका अध्यक्षले सहकारी अभियानको ...धन गर्न पहल गर्ने धारणा राख्नु भएको थियो ।

... कर्मचारीहरू लगायत ६० वटा बचत तथा ऋण ... सचिव, कोषाध्यक्ष, संचालक सदस्य, व्यवस्थापक ...को थियो । कार्यक्रम मकवानपुर जिल्लाको हेटौडा ... प्यालेसमा सम्पन्न भएको थियो ।

... उपस्थित सम्पूर्ण सहकारी अभियानकर्मीहरूलाई ...व्यक्त गर्नुभएको थियो । अन्तमा श्रेष्ठले दशैंको ...सहरूलाई सूचनको हक सम्बन्धी कार्यविधि सबै ...ने बताउनु भयो ।

साकोसका कर्मचारीहरुलाई कर अभिमुखीकरण

जिल्ला बचत तथा ऋण सहकारी संघमा आवद्ध सदस्य संस्थाका कर्मचारीहरूलाई विगतका वर्षहरूमा झै यस वर्ष पनि कर अभिमुखीकरण कार्यक्रम २०८१ श्रावण २८ गते सम्पन्न भएको छ । आन्तरिक राजश्व कार्यालय, हेटौंडाको आयोजना र जिल्ला बचत तथा ऋण सहकारी संघ लि., मकवानपुरको समन्वयमा सम्पन्न गरिएको छ । कार्यक्रममा संघका अध्यक्ष कल्पना श्रेष्ठ, उपाध्यक्ष मिना चौरेल, संचालक सिताराम दाहाल, व्यवस्थापक सुमित्रा कुमारी वाईबा, लेखापाल भुमिका खतिवडा, कार्यक्रम संयोजक सुनिल म्लोन त्यसैगरी कर कार्यालयबाट कर अधिकृत प्रेम प्रसाद तिमल्सिना लगायत ५८ वटा साकोसबाट ६२ जना कर्मचारीहरूको उपस्थिती रहेको थियो ।

संघका अध्यक्ष श्रेष्ठले साकोसमा करसंग सम्बन्धित अन्यौलता र अस्पष्टतालाई पहिचान गरि सो समाधानका लागि कर कार्यालयसंग समन्वय एवम् परामर्श लिई अगाडि बढ्न जोड दिनुभएको थियो । उहाँले राज्यलाई कर समय सिमा भित्र नै भुक्तानी गरि असल कर दाताको पहिचान र लाग्न सक्ने विलम्ब शुल्क तथा जरिवानाबाट बच्नका लागि साकोसका सहभागि कर्मचारीहरूलाई विशेष ध्यान दिनुपर्ने, यदी जरिवाना तिर्नु परेको अवस्थामा सो रकम संस्थाबाट नभई सम्बन्धित जिम्मेवारी प्राप्त कर्मचारीले व्यहोर्नु पर्ने कुरा बताउनुभयो ।

सहभागिहरूले यस अभिमुखीकरणले कर सम्बन्धि कार्य गर्दा असहज र अस्पष्टतालाई हटाउन धेरै मद्दत पुग्ने र समय सापेक्ष कर संग सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने विषयमा जोड दिनुभएको थियो ।

कार्यक्रमको सहजीकरण कर अधिकृत प्रेम प्रसाद तिमल्सिनाले गर्नुभएको थियो । कार्यक्रममा आर्थिक ऐन २०८१, कर शिर्षक, अनलाईन ई.टि.डि.एस, अनलाईन मार्फत् राजश्व भुक्तानी तौरतरिकाका बारेमा छलफल भएको थियो । उहाँले कर संग सम्बन्धित कुनै अप्ठ्यारो र असहज भएमा निर्धक्क भएर सम्पर्क राख्नका लागि आग्रह समेत गर्नुभयो ।

धादिङ बचत तथा ऋण सहकारी संघको २० औं वार्षिक साधारण सभा

धादिङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. आफ्नो २० औं वार्षिक साधारण सभा गत असोज असोज ५ गते शनिबार सम्पन्न गरेको छ । संघका अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न साधारणसभामा संघले आर्थिक वर्ष २०८०/२०८१ को प्रगति प्रतिवेदन, आर्थिक प्रगति प्रतिवेदन, चालु आर्थिक वर्ष २०८१/२०८२ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट पारित गरेको थियो । साधारणसभाले संघको आर्थिक वर्ष २०८१/२०८२ को लागि लेखापरिक्षक

नियुक्त गर्ने, सञ्चालक समिति र प्रमुख व्यवस्थापकको पारिश्रमिक निर्धारण लगायतका विषयमा निर्णय गरेको छ । त्यसैगरी संघले सदस्य संस्थाहरूलाई गत आर्थिक वर्ष २०८०/२०८१ को नाफाबाट शेयर लाभांश कोषमा जम्मा भएको रकमबाट १६ प्रतिशतका दरले लाभांश वितरण गर्ने र सदस्य संस्थाहरूको बचत तथा ऋण कारोवारको आधारमा संरक्षित पूँजी फिर्ताकोषको रकम वितरण गर्ने निर्णय गरिएको छ ।

धादिङ बचत तथा ऋण सहकारी संघमा हाल ६७ वटा बचत तथा ऋण सहकारी संस्थाहरू सदस्य रहेका छन् । त्यस मध्ये २० वटा संस्थाहरू नेफ्स्कून तथा जिल्ला संघले सञ्चालन गरिरहेको स्तरीकरण कार्यक्रममा आवद्ध भई सुरक्षित, सुशासित र व्यवसायिक साकोस बनाउन लागि परेका छन् । जिल्लामा हालसम्म ९३ वटा बचत तथा ऋण सहकारी संस्थाहरू दर्ता भएकोमा ६ वटा संस्थाहरू एकआपसमा एकीकरण तथा दर्ता खारेजी भएकाले ८७ वटा बचत तथा ऋण सहकारीहरू कायम रहेका छन् ।

सधारणसभाको अवसरमा संघद्धारा सञ्चाललित साकोस रणनीतिक सुधार कार्यक्रममा आवद्ध ६ वटा साकोसहरूलाई स्तरीकरण कार्यक्रममा आवद्धताको प्रमाणपत्र उपलब्ध गराइएको थियो । त्यसैगरी संघले सदस्य संस्थाहरूलाई विभिन्न विधामा पुरस्कृत गर्ने क्रममा आर्थिक वर्ष २०८०/२०८१ मा जिल्लाको उत्कृष्ठ साकोसको रूपमा नीलकण्ठ नगरपालिका वडा नं. ३ मा रहेको श्रोत परिचालन साकोसलाई पुरस्कृत गरेको छ । त्यसैगरी उत्कृष्ठ साकोस व्यवस्थापकबाट नवज्योती साकोस, धुनिवेसी नगरपालिका वडा नं. ६ का व्यवस्थाक हरिहर लुइटेल पुरस्कृत हुनुभएको छ । त्यसैगरी संघमा वर्षको उत्कृष्ठ बचत कारोवार गर्ने संस्था नीलकण्ठ नगरपालिका वडा नं. ३ मा रहेको भैरवी साकोस, नियमित बचत कारोवार गर्ने संस्थामा उद्योग वाणिज्य साकोस र संघको लक्ष्य अनुसार शेयर खरिद गर्ने संस्थाहरू शिवज्योती महिला साकोस, सहारा महिला साकोस, स्वर्णिम साकोस, भैरवी साकोस र श्रोत परिचालन साकोसलाई प्रशंसा पत्र द्धारा सम्मान गरिएको थियो ।

संघले गत आर्थिक वर्ष २०८०/२०८१ को असार मसान्त सम्ममा २४ करोड २२ लाख भन्दा बढीको कारोबार गरिरहेको छ । 'सुरक्षित र व्यवसायिक साकोसका लागि दिगो र सक्षम संघ' भन्ने परिकल्पना सहित, संघमा आवद्ध साकोसहरूलाई सुरक्षित र व्यवसायिक बनाउन संघ लागि परेको छ । संघले साकोसहरूलाई सदस्य केन्द्रित भएर समुदायमा आधारित क्रियाकलाप सञ्चालन गर्न सहजीकरण गर्दै आएकोले वाह्य वातावरणमा देखापरेको नकारात्मक हल्लाबाट धादिङ जिल्लामा प्रभाव न्यूनीकरण गर्न सकिएको संघका प्रमुख व्यवस्थापक गोकर्ण दुवाडीले बताउनु भयो ।

हार्दिक बधाई

बागमती प्रदेश सहकारी संघ लि. को **चौथो वार्षिक साधारणसभा**बाट सर्वसम्मत निर्वाचित हुनुभएका अध्यक्ष श्री राम शरण शर्मा घिमिरे नेतृत्वको सम्पूर्ण नवनिर्वाचित पदाधिकारी तथा संचालक एवम् लेखा सुपरिवेक्षण समिति संयोजक विकल्प पाठक लगायत सदस्यज्यूहरूलाई **हार्दिक बधाई** तथा सफल कार्यकालको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

उद्धव सापकोटा
अध्यक्ष
एवम्
बागमती प्रोस्कून परिवार

लेख

नेपालमा वित्तीय सहकारी व्यवस्थापनको उपाय

शिवजी सापकोटा, पिएचडी
प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून

दक्ष जनशक्तिको अभाव, अपर्याप्त प्रविधि, अनुगमन, सुपरिवेक्षण र नियमनका लागि लाग्ने श्रोतहरु र ज्ञानसिपको कमीका कारण अधिकांश सहकारीका फाईलहरु समेत सम्बन्धीत निकायहरुले खोलेर अध्ययन समेत गर्न सकेका छैनन् ।

विश्वमा सहकारी उद्यम मार्फत समुदायका व्यक्तिको जीवनस्तर परिवर्तनको शुरूवात भएको १८० वर्ष पुरा भएकोछ । संसारका प्राय सबै मुलुकहरूमा प्रभावकारी कार्यान्वयन मार्फत समुदायस्तरमा सेवा प्रवाहगरिहेका यस्ता संगठनहरू नेपालमा पनि भण्डै ७० वर्षको इतिहास कायम गर्दैछ । सदस्यहरू मार्फत, सदस्यहरूका लागि अन्तराष्ट्रिय सिद्धान्तमा आधारित समुहिक पहल सहकारी हो । प्रतिपादित सिद्धान्तको परिधि भित्र रही आवद्ध समुदायका व्यक्तिहरूको जीवनमा परिवर्तन ल्याउने र व्याप्त गरिबीसँग लड्ने महत्वपूर्ण नीति हो भन्न सकिन्छ ।

विश्वका करिब ३० लाख विभिन्न प्रकृतिका सहकारीहरूमा १ अरब सदस्यहरूको आवद्धता र सहकारी मार्फत २४० ९ अरब डलरको पूँजि परिचालन भएको बृहत क्षेत्र हरेक व्यक्तिको जीवनयापनमा अभिन्न अंगको रुपमा स्थापित भईरहेकोछ ।

हरेक राष्ट्र, क्षेत्र र विश्व स्तरमा सहकारीले गरेका राम्रा उपलब्धी, सामना गरेका चुनौतीहरू र आगामी मार्गचित्रका बारेमा विषय छलफल, नयाँ विचार, समस्या र समाधानका विषयहरूमा व्यापक चर्चापरिचर्चा हुँदै सन् १८४४ देखि २०२४ सम्म यसको यात्रा निरन्तर भईरहेकोछ ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने वि.सं. २०१३ साल देखि औपचारिक स्थापना, वि स. २०४८ को सहकारी ऐन पश्चात सहकारीमा जनलहर, संस्थागत सञ्चालन, सहकारी मार्फत समुदायको दीगो विकास, हरेक क्षेत्रमा प्रजातान्त्रिक निर्णय प्रक्रिया र सामुदायिक क्रियाकलापहरूमा व्यापक जनसहभागिता, सामुदायिक सचेतना र सूचना तथा जानकारीमा महत्वपूर्ण भूमिका सहकारीको रहेकोछ । संख्यात्मक हिसाबले ३० हजार सहकारी, अधिकांश सहकारीहरू बचत तथा ऋणको सेवा प्रवाह, समुदाय स्तर वित्तीय पहुँच विस्तार, उद्यमशिलता विकास र रोजगार सृजनामा अहम भूमिका खेलेको छ ।

चरणवद्ध विकासका आयामहरूलाई हेर्ने हो भने सहकारी क्षेत्रको प्रवर्धन, विकास, व्यावसायिकीकरण, गुणस्तर सुनिश्चितता र प्राविधिक सञ्जाल विकास र जवाफदेहीताको चरणमा पुगेको वित्तीय सहकारीको समग्र अवस्था पछिल्ला केही वर्षहरूमा संस्थाको आकार, कारोबार र वित्तीय सन्तुलन भन्दा पनि सुशासन र व्यवस्थापनका कारणबाट धमिलिन पुगेकोछ ।

नेपालको हकमा भने सरकारी तहबाट, अभियानका तहबाट एवम् संस्था स्वयम्ले सहकारीलाई नीति, विधि र प्रविधि मार्फत सदस्यहरूको बचत सुरक्षाको प्रत्याभूति दिने र समुदायका व्यक्तिहरूको जीवनस्तर परिवर्तनका लागि सहकारी भन्ने मुलनारालाई स्थापित गर्न क्रियाशिल रहेको छ ।

विश्वमा १८० वर्ष लामो इतिहास बनाएको, हालपनि जीवन्त र पवित्र संगठनको रुपमा क्रियाशिल सहकारीको पद्धति र छवी नेपालमा भर्खरै पुग्न लागेको ३५ वर्षमा विभिन्न विचलनहरू आउनु, संकटमा पर्नु, शंकाको घेरामा पर्नु, विश्वास आर्जन गर्न नसक्नुले सञ्चालनमा पद्धतिमा केही खोट छ वा राज्य यस पद्धतिको सुपरिवेक्षणमा उदासिन छ भन्ने बुझ्न सकिन्छ ।

२०४६ सालमा प्रजातन्त्र प्राप्ति सहकारीको बृद्धि र विकासका लागि उपलब्ध सहज कानूनी वातावरण, भौगोलिक सामिप्यतामा सहकारी विभाग मातहतका डिभिजन सहकारी कार्यालयहरू, विनियम, प्रतिवेदन, नीतिहरू र लेखापरीक्षण प्रतिवेदनको अद्यावधिक अवस्थाले सहकारी क्षेत्रलाई केही हद सम्म सरकारी संयन्त्रले नजर लगाएको अवस्था थियो । यस समय सहकारी संस्थाहरूमा सिद्धान्त, मूल्य, मान्यता, मापदण्ड, सुशासन, व्यवस्थापन, कानूनी संहिताका विषयहरू अनिवार्य र मसिनो ढंगबाट सहजिकरण भईरहेका थिए । २०७२ को नेपालको संविधानले राज्यमा तीन तहको सरकार र सबै तहका सरकारहरूमा सहकारीको

क्षेत्राधिकार रहनु र संख्यात्मक हिसाबले करिब ३२००० सहकारीहरूलाई क्षेत्राधिकार भएका निकायहरूमा पूर्वाधार विकास विना हस्तान्तरण गरिनुले सहकारी अनुगमन, सुपरिवेक्षण र नियमन अत्यन्त कमजोर भएकोछ । स्थानीय तहमा ८०%, प्रदेश तहमा १९% र संघीय तहमा हाराहारी १% रहनुले सहकारी नियमन र व्यवस्थापनमा स्थानीय तहमा अत्यधिक बोझ पुगेकोछ । दक्ष जनशक्तिको अभाव, अपर्याप्त प्रविधि, अनुगमन, सुपरिवेक्षण र नियमनका लागि लाग्ने श्रोतहरू र ज्ञानसीपको कमीका कारण अधिकांश सहकारीका फाईलहरू समेत सम्बन्धीत निकायहरूले खोलेर अध्ययन समेत गर्न सकेकाछैनन् ।

यस्तो अवस्थामा बनेका नियम कानूनहरूको प्रभावकारी कार्यान्वयन नहुनु, एकले अर्कोलाई दोष देखाउने र जिम्मेवारीबाट पन्छिने प्रबृत्तिले वास्तावमा सहकारी व्यवस्थापन चुनौतीको रूपमा रहेकोछ । कानूनी संरचनामा समावेश भएका अधिकांश व्यवस्थाहरूले सहकारीको उचित सम्बोधन गर्ने त छन् तर ऐन जारी भएको ७ वर्ष पुरा हुँदा पनि कार्यान्वयनमा जान सकेका छैनन् । भएका व्यवस्थाहरूको प्रविधिक व्यवस्थापन भईदिएको भए सहकारी क्षेत्रमा यति धेरै समस्याहरू आउने थिएनन् ।

हाल नेपालको सहकारी क्षेत्रको दीगो सञ्चालन व्यवस्थापनमा प्रश्न चिन्ह लागिसकेको छ विभिन्न आयोगहरूको निर्माण र उनीहरूको प्रतिवेदनले सहकारीको विश्वव्यापी सिद्धान्त, मुल्य मान्यता विपरित सञ्चालन, संकलित बचत रकमको अपचलन, हिनामिना र कमजोर सुशासन व्यवस्थापन देखाएकोछ ।

देखिएका समस्याहरूमा वित्तीय कारोबार गर्ने सहकारीहरू जिम्मेवार देखिन्छन्, यहाँ सहकारी ऐनमा व्यवस्था भएका विभिन्न प्रावधानहरूको कार्यान्वयनलाई सरल ढंगबाट राज्यले वा सम्बन्धीत निकायले केही कदमहरू चाल्न सकेमा सहकारी क्षेत्र विस्तार सुधार गर्न सकिन्छ । यो मेरो व्यक्तिगत धारणा हो ।

क) सहकारीको सूचना जानकारी संकलन गर्नेः

नेपालमा वास्तवमा कति सहकारीहरू छन् त, दर्ता कति भए कति क्रियाशिल छन् भनेर एकिन गर्ने समय आएकोछ । सहकारी विभागले २०७७ सालमा प्रकाशन गरेको तथ्यांक बमोजिम नै अहिले सहकारीहरूछन् त ? ति कुन अवस्थामा छन् तिनीहरूको नियमित लेखापरीक्षण र बार्षिक साधारण सभा भएको छ कि छैन? तिनिहरूको सञ्चालक समितिका र लेखा समितिको पूर्णता के छ, सबै उपलब्ध छन् कि छैनन् । एक्लै वा एकल निर्णयमा सञ्चालित छन् वा पूर्ण वैठकबाट निर्णय हुन्छ र कार्यान्वयन हुन्छ? यी विषयहरू समेटी सबै सञ्चालनमा रहेका सहकारीहरूको संख्या एकिन हुन्छ । यसबाट वास्तविक सहकारीहरूको संख्या एकिन हुन्छ ।

ख) सहकारीको वर्गिकरण गर्नेः

सहकारी ऐन २०७४ को व्यवस्था बमोजिम विभिन्न ५ वर्गमा सहकारीलाई वर्गिकरण गर्ने प्रावधान अनुसार सहकारी विभागले छोटो समयसिमा दिई संस्थाले गरेको मुख्य उद्यमका आधारमा सूचना जानकारी संकलन गरी सहकारीलाई वर्गिकरण गर्ने ।

ग) वित्तीय कारोबार गर्नेका लागि नयाँ नियम लागू गर्नेः

वर्गिकरण गरिसकेपछि वित्तीय सहकारी भन्ने वर्गमा परेका सहकारीहरूलाई बचत तथा ऋणको कारोवार, वीमा, विप्रेषण, लघुवित्त, प्रविधिको उपयोग मार्फत वित्तीय पहुँच अभिबृद्धि र पछिल्ला प्रविधिहरूको उपयोग मार्फत सेवा दिन सहज बनाउने व्यवस्था मिलाउने ।

घ) वित्तीय कारोबार गर्ने संस्थाहरूलाई संघीय नियमन अन्तर्गत राख्ने

वित्तीय कारोबार गर्ने सहकारीहरूको आकार ठूलो भईसकेकोछ यस्ता संस्थाहरूको अनुगमन, सुपरिवेक्षण र नियमन अत्यन्त प्राविधिक तबरले वित्तीय विश्लेषण, अनुपात विश्लेषण र जोखिम सुपरिवेक्षण गर्नुपर्ने भएकोले उच्च स्तरीय संयन्त्रले नियमित अनुगमन गर्नुपर्ने हुन्छ ।

ङ) संघहरूलाई जिम्मेवार बनाउने

नेपालका विषयगत सहकारीहरूलाई ऐनको व्यवस्था अनुसार वर्गिकरण गरिसकेपछि सम्बन्धीत विषयगत संघहरूलाई त्यस्ता सहकारीहरूको वृद्धि, विकास, क्षमता अभिबृद्धि, अवलोकन, करारीय ऐक्यवद्धता मार्फत व्यवस्थापन, कोष व्यवस्थापन, असलअभ्यास आन्तरिकीकरण र सूचना, तथ्यांक व्यवस्थापन गरी नियामक निकायले नियमित प्रतिवेदन प्राप्त गर्ने गरीको अख्तियारी संघहरूलाई प्रदान गरी जिम्मेवार बनाउनुपर्ने ।

च) राष्ट्रिय वित्तीय सञ्जालमा जोडने

वित्तीय कारोबार गर्ने सहकारीहरूको निश्चित मापदण्ड तोकी ती मापदण्ड पुरा गरेका सहकारीहरूलाई विद्युतीय वित्त प्रणाली, भुक्तानी फच्छयौट प्रणाली, कर्जा सुचना केन्द्र र सुरक्षण कोषहरूमा तत्काल आवद्ध गराई वित्तीय संस्थाको रूपमा स्थापित गराउन राष्ट्रिय वित्तीय सञ्जालमा जोडेपछि सहकारीले पनि पछिल्ला प्रविधिको उपयोग मार्फत सदस्यता प्रतिस्पर्धि सेवा उपलब्ध गराउन सक्नेछन् ।

यसरी पहिलो चरणमा बचत तथा ऋण सहकारीको उचित व्यवस्थापन गर्न सकिन्छ, सँगसँगै अन्य विषयगत सहकारीहरूलाई विश्वव्यापी सहकारी अवधारणा अनुरूप विषयगत लगानीको अवसर र कानूनी सहजता प्रदान गरी समुदायमा सहकारीको छवीलाई क्रमश उठाउन सकिन्छ ।

भरोसायोग्य सहकारी अभियानका लागि असल चरित्र

केशवप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत
बागमती प्रोस्कून

सहकारीमा पसेर सहकारीको बदनाम गराउने केही खराब प्रवृत्तिका मान्छेका कारण अभियान कमजोर भयो भन्ने जस्ता दर्जनौ कारणहरु उल्लेख गर्ने गरेकाछौं र सरकारसंग यीनै विषयहरुमा सुधारका लागि पैरवी पनि गरिरहेकाछौं । सरकार सुनेजस्तो गर्दछ तर हामीले उठाएका विषयवस्तुको कार्यन्वयनमा चासो राख्दैन् । राज्यले हाम्रा कुरा नसुन्नुको कारण पनि अभियानले खोज्ने बेला आएको छ कि ?

सन् १९४४ मा बेलायतमा भएको रोचडेली समतामूलक अग्रजहरूको संस्था (Rochdale Society of Equitable Pioneers) को स्थापना भएको १३४ वर्ष पूरा भएको छ । उक्त सहकारी संस्थाको स्थापनाको हिसाबले नेपालको सहकारीको इतिहाँस ६७ वर्ष पछि (वि.स २०१३ चैत्र २० वा April 2 1957) शुरू भएको देखिन्छ । अहिले नेपालको सहकारी अभियानले पनि ६७ नै वर्ष पूरा गरेको छ । करिब ७ दशक पछि शुरू भएको सहकारी अभियानलाई विश्व सहकारी अभियानबाट सफल अभ्यास, सहकारीले गरेको योगदानको अवस्था, अरू देशहरूले व्यहोरेको असफलताका कारण र ती असफलता पछि विकास गरेको सुधार योजना र उक्त योजना पछि प्राप्त गरेको सफलताका सम्बन्धमा अध्ययन गर्ने र अभ्यास गर्ने थुप्रै अवसरहरू थिए तर वेलायती सहकारी अभियानले ६७ वर्ष पूरा गरिरहँदा नेपालमा भने वि.स २००९ साल (इ.स १९५३) मा तत्कालिन नेपाल सरकारले सहकारी आयाम सम्बन्धी अध्ययन गर्न कोलम्बो योजना अर्न्तगत २ जना वरिष्ठ सरकारी अधिकृतहरू अध्ययन गर्न पठाए पछि उक्त अध्ययन पश्चात २०१० भदौमा योजना विकास र कृषिमन्त्रालय मातहत सहकारी विभाग खडा गरी सहकारीको विकास शुरू भएको इतिहाँस हामी बिच रहेको छ, तर नेपालमा सहकारीको औपचारिक रूपमा भने २०१३ चैत्र २० लाई नै मानिदै आईएको छ । २०१३ देखि २०१६ सम्म सहकारीको क्षेत्रमा **सहकारी संस्था ऐन २०१६** को जारी भई केही सहकारी संस्थाहरूको स्थापना र परीक्षण विशेषका प्रर्वद्धनात्मक कृयाकलापहरू भएको पाइन्छ । त्यस पछि २०१६ देखि २०४६ सम्म उक्त ऐनलाई पटक पटक अभ्यासका रूपमा संशोधन गर्दै सरकार नियन्त्रित सहकारी सञ्चालनको अभ्यास गरियो । २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्रको उदय भयो सो संगसंगै २०४८ सालमा सहकारी ऐन २०४८ जारी भईसके पछि सहकारी संस्थाहरूको स्थापनामा बाढी नै आएको देखिन्छ ।

त्यस बेला सरकारले सहकारी संस्थाको दर्ता पूर्व देशभरीमा कति सहकारी संस्था आवश्यक्ता रहेको छ ? सहकारी दर्ता पूर्व राज्यले गर्नु पर्ने निगरानीका लागि राज्यसंग कति जनशक्ति छ ? सहकारी अभियानको योगदान र जोखिम मापन गर्ने विधी, प्रकृया र उपकरण, प्रविधी वा औजारहरू कस्तो उपलब्ध छ ? सहकारी संस्थाहरू सञ्चालन गर्नका लागि सञ्चालकहरूको न्यूनतम योग्यता कस्तो हुनु पर्दछ भन्ने कुराको कुनै योजना नबनाई, भविष्यको संकटको कति पनि ख्याल नगरी **प्रत्येक नागरिकले स्वतन्त्रतापूर्वक संस्था खोल्न पाउने अधिकार**को वकालत गर्दै त्यही व्यवस्थाको आडमा अन्धाधुन्ध दर्ता गर्नसक्ने प्रावधान ल्यायो जसले गर्दा देशभरीमा ३० हजार भन्दा बढी विभिन्न उद्देश्यका सहकारी संस्थाहरूको दर्ता भयो ।

वि.स २०४८ देखि २०७४ सालसम्मको २६ वर्षमा औषतमा वार्षिक १ हजार भन्दा बढी सहकारी संस्थाहरूको दर्ता हुँदा यही अवधीबाट केही सहकारी संस्थाहरूमा विभिन्न वित्तीय अपचलनका समस्याहरू देखिन थाले । सहकारी ऐन २०४८ ले स्वनियमलाई प्रदान गरेको प्राथमिकताले भविष्यमा विकराल समस्याको पूर्वानुमान गरी वि.स २०७४ सालमा सहकारी ऐन २०४८ लाई विस्तापित गरी सहकारी ऐन २०७४ जारी भयो । उक्त ऐनमा सहकारी संघसंस्थाले गर्ने त्रुटीहरूलाई दण्डनीय बनायो । साथै सहकारी ऐन २०७४ मा नै सहकारी संस्थाहरूका लागि दफा ८० मा कालोसूची सम्बन्धी व्यवस्था, दफा ८१ मा कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था, दफा ८२ मा कर्जा असुली न्यायाधिकरणको व्यवस्था

गरी सहकारी अभियान सुध्रढीकरणको कल्पना गऱ्यो तर ऐन जारी भएको ९ वर्ष पूरा हुँदा पनि यी व्यवस्थाहरूलाई कार्यन्वयनमा ल्याउनका लागि राज्यले पर्याप्त चासो नराख्नु निश्चय पनि गम्भिर विषय हो ।

यस प्रकार राज्यको उदासिनता, अभियानको लापरबाही र गलत मनासयले सहकारीमा छिरी हजारौं मानिसहरूबाट अर्बौ रकम अशुली गरी आफ्नो मोजमस्ती र सम्भ्रान्त जीवनको महत्वकाँक्षा बोकेका केही स्वार्थी मानिसहरूको संलग्नताले सिङ्गो अभियानलाई कमजोर बनाई सहकारी प्रति आम नागरिकहरूमा नकारात्मक प्रभाव पार्ने अवस्थाको सृजना भयो । यसले सहकारीको सिद्धान्त, मूल्य मान्यतालाई सर्वोपरी ठानी सदस्यहरूको सेवामा निष्ठापूर्वक काम गर्ने तमाम अभियानकर्मीहरूमा चोट पुगेको छ ।

अर्कोतर्फ प्रारम्भिक तहमा व्यवस्थित, सुशासित, स्वनियमनमा बसी सदस्यहरूको सेवा र दिगो सहकारी अभियानका लागि आफ्नो जीवनको बहुमल्य समयको त्याग गर्नेको भन्दा राजनीतिक पहुँच र राजनीतिक दलहरूले नेतृत्व व्यवस्थापनको लागि पठाएका व्यक्तिहरूले सहकारी अभियानको शीर्ष नेतृत्व प्राप्त गरिरहँदा सहकारी सम्बन्धी धारणा र बुझाई कमजोर भएका व्यक्तिहरूको वर्चस्वमा सहकारी अभियान खुम्चन पुगेको यदाकदा टिप्पणी हुने गरेको छ । जसले गर्दा अभियानले गरेको पैरवी प्रभावकारी हुने नगरेको र सहकारी समस्याको समाधानमा राज्यको पर्याप्त ध्यान नगएको समेत धेरैको बुझाई रहेको छ ।

हुन पनि अहिले हामी अभियानकर्मीहरू सहकारीको अभियानको नेतृत्व अहिले सहकारी कानुन राम्रो छैन र सहकारी अभियान कमजोर छ । सरकार नै सहकारी प्रति सकारात्मक छैन र सहकारी अभियान कमजोर छ । स्थिर सरकार नहुँनु र सरकारको प्राथमिकता सहकारी नपर्नुले पनि अभियानलाई कमजोर बनाएको छ । सरकारले नै कानुनका व्यवस्थाहरू लागु गरेको छैन र त सहकारी अभियान कमजोर छ । सरकारले सहकारी दर्ता मात्र गऱ्यो, नियमन गर्न सकेन र अभियान कमजोर भयो । सहकारीलाई स्वतन्त्रता पूर्वक काम गर्न ३ दर्जन भन्दा बढी कानुनी व्यवस्थामा अड्चन छ र त सहकारी अभियान कमजोर छ । पत्रपत्रिका, सञ्चारकर्मी र सञ्चारगृहले नकारात्मक कुराहरू मात्र लेख्ने र प्रशारण गर्नाले सहकारी अभियानको विश्वासनियता गुम्यो र अभियान कमजोर बन्यो । सहकारीमा पसेर सहकारीको बदनाम गराउने केही खराब प्रवृत्तिका मान्छेका कारण अभियान कमजोर भयो भन्ने जस्ता दर्जनौ कारणहरू उल्लेख गर्ने गरेकाछौं र सरकारसंग यीनै विषयहरूमा सुधारका लागि पैरवी पनि गरिरहेकाछौं । सरकार सुनेजस्तो गर्दछ तर हामीले उठाएका विषयवस्तुको कार्यन्वयनमा चासो राख्दैन् । राज्यले हाम्रा कुरा नसुन्नुको कारण पनि अभियानले खोज्ने बेला आएको छ कि ? राज्यले समयमा अभियानले उठाएको विषयमा चासो नराख्दा लाखौं सदस्यहरूको पसिनाको कमाई जोखिममा पर्दैछ भन्ने कुरा राज्यलाई बुझाउन ढिला हुदै छ कि ? हाम्रो कारण सहकारी अभियानलाई कमजोर बनाउन पाए वित्तीय क्षेत्रमा एकाधिकार जमाई गरिब निमुखाहरू माथि अन्यायपूर्ण शासन चलाउन चाहानेहरूको रजगज चल्ने अवस्थालाई मलजल त गरिरहेको छैन ? अन्तराष्ट्रिय सहकारी अभियानको अशल अभ्यासमा हामी कहाँ कहाँ चुक्यौ अब खोज्ने बेला भएन र ?

यी सबै विषयको समाधानको प्रमुख विन्दु सहकारी अभियानमा नेतृत्वको अशल चरित्र । अन्य क्षेत्रको नेतृत्व भन्दा सहकारी अभियानको नेतृत्व विशिष्ट किसिमको हुन्छ । यसको विशिष्टता भित्र देहाएका विषयहरूमा नेतृत्व प्रतिवद्ध हुनु पर्दछ ।

- प्रत्येक सदस्यलाई बचत गर्न, उद्यमी बन्न र वित्तीय परिचालनमा अनुशासित बन्न उत्प्रेरित गर्न सक्नुपर्दछ ।
- प्रत्येक सदस्यको सुख दुःखमा सहकारीको छाहारीको अनुभूति दिलाउनु सक्नुपर्दछ ।
- प्रत्येक सदस्यको जीवनमा सकारात्मक परिवर्तनका लागि मार्गदर्शन गर्न सक्नुपर्दछ ।
- प्रत्येक सदस्यलाई परेको अन्याय र अपमानमा सहयोगी बन्न सक्नुपर्दछ ।
- सदस्यहरूको आर्थिक सहभागिताको सुरक्षाको पहरेदार बन्न सक्नुपर्दछ ।
- वित्तीय क्षेत्रको संवेनशिलताको जानकार हुनु पर्दछ र प्रत्येक कारोबारको जवाफदेहिता बहनु गर्नुपर्दछ ।
- सहकारी संस्थालाई आफ्नो लाभको लागि नभई आम सदस्यहरूको हितमा सञ्चालन गर्न प्रतिवद्ध हुनुपर्दछ ।
- आफु रहँदा पनि नरहँदा पनि आफ्नो सहकारीको सदैव भलो चिताउने र निरन्तर सुधारका लागि सचेत गराउने परम्परा बोकेको हुनुपर्दछ ।
- वित्तीय परिचालनमा आफु र आफ्ना परिवारका सदस्यहरू समेतको नमूना योग्य व्यवहार प्रर्दशन गर्न सक्नुपर्दछ,

सहकारी अभियानलाई सशक्त गर्नका लागि अभियानमा नेतृत्व र अभियानमा काम गर्ने कर्मचारीहरू उच्च नैतिकता प्रर्दशन गर्न सार्मथ्यवान हुनु पर्दछ । कुनै न कुनै लोभ, लालच र कोही कसैको दबावमा रहेर सहकारी संघसंस्था सञ्चालन गर्न परिपाटीको अन्त्य नभएसम्म अभियानले गरेको पैरवी प्रभावकारी हुदैन भन्ने कुरामा सहमत हुनै पर्छ । यो अवस्थाको सुनिश्चिता नभएसम्म अभियानमा शुद्धिकरण हुने अवस्था रहन्न र अभियानको विश्वास वृद्धि हुने कुरामा आशा गर्न सकिदैन । सबै क्षेत्रको मूल नीतिको रूपमा राजनीति स्थापित हुँदा सहकारी अभियानमा पनि राजनीतिक प्रभाव पर्नु स्वभाविक हो तर राजनीतिले सहकारी अभियानको

दिशाबोध गर्न सक्दैन र राजनीतिको नियन्त्रण भित्र सहकारी पर्दा सहकारी अभियानको नेतृत्व भन्दा राजनीतिक नेतृत्व माथि पर्ने अवस्था सृजना गर्दछ त्यसैले त्यस्तो नेतृत्वले गरेको पैरवी प्रभावकारी हुदैन । त्यसैले राजनीतिक आस्था र विश्वासको जगमा उभिएको भए पनि जीवनमा कुनै कुरा (आर्थिक कारोबार, लेनदेन, नैतिक आचरण, सामाजिक साँस्कृतिक सम्बन्ध) मा नचुकेको र सहकारी अभियानलाई जरैदेखि बुझेको व्यक्तिको नेतृत्व आवश्यक छ र त्यो नेतृत्व राजनीतिक नेतृत्व भन्दा माथि हुने गरी अभियानलाई उठाउनु पर्ने आवश्यक रहेको छ । यसले मात्रै सहकारी अभियानको जीत हुन्छ र सहकारी वास्तविक आवश्यक भएका मानिसहरूको पहुँचमा पुग्दछ । त्यसैले सहकारी अभियानमा लागेर आफ्नो जीवनको अमूल्य समय व्यतित गर्ने सहकारी अभियान्ता र सहकारीकर्मीले सबैभन्दा पहिला आफ्नो अशल चरित्र निर्माण गरौं । अशल काम गर्दा गर्दै पनि अरूको सामु झुक्ने गरी सहकारी अभियान्ताले कुनै काम गर्नु हुदैन भन्ने कुरालाई मनबाट उठाउँ । सहकारी अभियान्ता र सहकारीकर्मीले आफ्नो बारेमा भन्दा सदस्यहरूको बारेमा सोचौं उनीहरूकै लागि बाँचौं । सबै बाँचेको सर्वोदय समाजमा अवश्य पनि अशल सहकारी अभियान्ता र सहकारीकर्मी पनि सहज बाँच्न सक्छौं ।

❀

सहकारी गीत

अप्सरा खड्का
सञ्चालक सदस्य
श्री शिक्षक हित साकोस, चौतारा

सहकारी अभियान उपस्थित वर्गमा
सहभागी हुनुभयो WE CAN को पर्वमा
टाडाबाट आउनुभो धाएर
खुसी लाग्यो भेट हुन पाएर
स्वागत गर्छौ दुई हात जोडेर
आईदिनुभो आफ्नो काम छोडेर

प्रमुख विशेष अतिथीमा बागमती प्रोस्कून
सहकारी सुधार गर्ने हामी सबको धन
हे हजुर आयोजक छौ शिक्षक हित साकोस
हाम्रो स्तर थप सुधार भाको छ

कोशिस तर्फ लागेका छौं ११ वटा संस्था
आजकै दिन प्रस्तुत गर्छौ के छ त अवस्था
नि के छ त अवस्था
हे हजुर पालैपालो गर्नेछौ रिपोर्ट
सबजनाले गरौं है टिपोट

प्रोभिजन, स्पष्ट र लरेन्स साकोस
सामूहिक परिवर्तनशिल महिला नि आको छ,
नि हजुर महिला नि आको छ
हे हजुर काठमाडौंमा ४ वटा संस्था

कोशिस भित्र कहाँ छ त अवस्था
हजुरहरूको कहाँ छ त अवस्था

कुम्भेश्वर महिला साकोस ललितपुरबाट
काभ्रेबाट आयाम र चक्रेश्वरको साथ
नि हजुर चक्रेश्वरको साथ
हे हजुर बढाउँदैछौ आ-आफ्नो स्तर
हाम्रो अवस्था सुध्रँदैछ विस्तार विस्तार

शिक्षक हित हामी भयौं साथमा आत्मनिर्भर
एकीकृत ठोकर्पा नि वढाउँदैछ स्तर
नि हजुर बढाउँदैछ स्तर
हे हजुर महिला मातृशिशु छ साकोस सिन्धुमा
नि ४ साकोस भाको छ,
(कोशिस भित्र सिन्धुमा नि ४ संस्था भाको छ)

निमन्त्रणा स्वीकार गरी आईदिनु भो आज
थाहा छ हामीलाई सहकारी हो हामी सबैको साझा
नि हजुर हामी सबैको सबैको साझा
हे हजुर कार्यक्रम नि शुरू भो अबत
विदा हुन्छौ सबैलाई छ स्वागत
कार्यक्रममा आईदिनु भो सबैलाई स्वागत

प्रस्तुत गित we can workshop मा आयोजक संस्था श्री शिक्षक हित साकोसले स्वागत गितका रूपमा प्रस्तुत गरेको थियो ।

❀



गतिविधि

बागमती प्रोस्कूनको चौथो वार्षिकोत्सव एवम् पाँचौ स्थापना दिवस कार्यक्रम सम्पन्न

बागमती प्रोस्कूनले २०८१ श्रावण १३ गते आइतवार बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून) का अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता तथा संविधानसभा सदस्य, पूर्व मन्त्री एवम् राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष श्री केशवप्रसाद बडालज्यूको प्रमुख आतिथ्यतामा अर्पण बैक्वेयट, अनामनगर काठमाडौमा चौथो वार्षिकोत्सव एवम् पाँचौ स्थापना दिवस कार्यक्रम सम्पन्न गरेको छ । राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), बागमती प्रदेश सहकारी संघका प्रतिनिधिहरूको विशेष आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा सञ्जालमा आवद्ध सदस्य संघसंस्थावाट समेत दुई सयभन्दा बढी सहकारी अभियान्ता तथा सहकारीकर्मीहरूको उपस्थिती रहेको थियो । कार्यक्रम महासचिव श्री जिवसराज खड्काले संचालन गर्नुभएको थियो भने महिला उपाध्यक्ष श्री कल्पना श्रेष्ठले उपस्थित अतिथी एवम् सहभागीहरूलाई संघको तर्फबाट स्वागत मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत श्री केशवप्रसाद दाहालले सम्पन्न भएको आ.व २०८०/०८१ लगाएत चार वर्षमा संघले प्राप्त गरेको उपलब्धी तथा संघको चालु आ.व २०८१/०८२ को कार्यदिशाका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतिमा प्रमुख कार्यकारी अधिकृत दाहालले चालु वर्षमा सञ्जाल सुदृढीकरण र व्यवस्थापनका लागि संघहरूले आफ्नो भूमिकालाई अझै सक्षम र दर्बिलो बनाउने बिचार व्यक्त गर्दै संघको सञ्जालमा आवद्ध सदस्यहरूलाई समेत विभिन्न ४ वर्गमा वर्गिकरण गरी आवश्यक्ताको आधारमा सेवा प्रवाह गर्ने नीति संघले लिने योजना बनाएको जानकारी दिनु भयो र त्यसका लागि सक्षम वर्गका सहकारी संस्थाका जनशक्तिलाई सुधारात्मक सिकाई आदान प्रदानको श्रोत व्यक्तिको रूपमा प्रयोग गरी प्रदेशको अभियान सुध्रढीकरणमा सञ्जालीकृत भई लाग्ने योजना संघले बनाएको जानकारी दिनु भएको थियो ।

उक्त कार्यक्रममा संघको बार्षिक नीति तथा कार्यक्रम बमोजिम आ.व २०८०/०८१ मा सहकारी अभियानमा पुर्‍याएका योगदानको आधारमा वार्षिक रूपमा प्रदान गर्ने विभिन्न विधाका सम्मान तथा पुरस्कारहरूको घोषणा सम्मान तथा पुरस्कार छनौट उपसमिति सदस्य श्री तेजेन्द्रबहादुर खड्काले गर्नु भएको थियो । संघले यस वर्ष देखि विभिन्न १४ वटा विधामा सम्मान तथा पुरस्कारको घोषणा गरेको छ । घोषित सम्मान तथा पुरस्कार संघको आगामी चौथो वार्षिक साधारण सभामा वितरण गर्ने योजना रहेको समेत सम्मान तथा पुरस्कार उपसमितिका सदस्य खड्काले जानकारी दिनु भएको थियो ।

कार्यक्रममा बागमती प्रदेश सहकारी संघ लि.का अध्यक्ष श्री रामशरण शर्मा घिमिरे, नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष श्री दामोदर अधिकारी, राष्ट्रिय सहकारी महासंघका संचालक एवम् बागमती प्रोस्कूनका सल्लाहकार श्री परितोष पौड्याल, राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष एवम् बागमती प्रोस्कूनका सल्लाहकार श्री डि.वी बस्नेत लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । प्रमुख अतिथी श्री केशवप्रसाद वडालले वार्षिकोत्सवको अवसरमा पुरस्कृत घोषित हुनहुने सम्पूर्ण सहकारी संघसंस्था व्यक्ति व्यक्तित्वहरूमा हार्दिक बधाई व्यक्त गर्नुहुदै नीति, विधी र प्रविधीमा समुदायस्तरमा सञ्चालित सहकारी संस्थाहरूमा समस्य नआएको र आफूखुसी जनताको बचत रकम अपचलन गर्ने, व्यक्तिगत प्रयोजनमा प्रयोग गर्ने, सदस्यको बचतलाई आफ्नै सम्पत्तिसरह प्रयोग गर्ने सञ्चालकको कारण मात्र समस्या आएको बताउनु भयो । अभियान कै नेतृत्वप्रति कटाक्ष गर्दै पूर्वमन्त्री बडालले अभियानको नेतृत्वले पर्याप्त ध्यान पुऱ्याउन नसकेको तथा केही नेतृत्व गलत मनसाय सहितबाट सञ्चालित संस्थाहरूबाट समेत प्रतितिनिधित्व रहेको पाईएकोले सहकारी समस्या समाधान भई नरहेको विचार व्यक्त गर्नुभयो । प्रमुख अतिथी बडालले अन्य संघहरू भन्दा बागमती प्रोस्कूनले फरक किसिमले आफ्नो कार्य गरिरहेको अनुभव रहेको विचार व्यक्त गर्दै हालसम्म गरेका गतिविधिहरूको खुलेर प्रशंशाका साथै आगामी दिनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सदस्य संघसंस्थाबाट आएका रचनात्मक सुझाव र प्रतिक्रियाको जवाफ सहित संघका अध्यक्ष सापकोटाले संघले फरक ढंगबाट सदस्य संघसंस्थाको क्षमता अभिवृद्धि गर्दै सहकारिताको विकासका लागि निरन्तर प्रयन्तसिल रहेको प्रष्ट पार्दै संघ सुशासन र अनुशासनमा दृढ रहेको विचार व्यक्त गर्नुभयो । सबैभन्दा पहिले आफू सुशासित भएर मात्र अरूलाई शुसासनको शिक्षा दिन सकिने यथार्थलाई जोड दिंदै संघले सो कामको थालनी गरेको उल्लेख गर्नु हुदै सुशासनको नमूना बन्ने नमूनाको रूपमा बागमती प्रोस्कूनको नेतृत्व गर्ने सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरूले नेतृत्व गर्नुभएको सबै संघसंस्थाको सघन अनुगमन गरी गलत गर्नेलाई पदबाट हटाईएको र सुधार गर्नु पर्ने कुराहरूमा लिखित रूपमा सुधार गर्न सुझाव दिई सुधारमा सहयोगी बन्दै आएको जानकारी दिनुभयो ।

लेख

सहकारी अभियानमा शुद्धिकरणको खाँचो

भरत प्रसाद दवाडी
अध्यक्ष, अथर्व साकोस
पूर्व सञ्चालक (नेफ्स्कून)
भरतपुर, चितवन

निश्चित भूगोल भित्र छरिएर रहेको सानो सानो रकम पूँजीको रूपमा संकलन गरी उक्त संकलित रकमलाई उनीहरूकै बिचमा लगानी गर्ने सेवा मूलक व्यवसाय नै सहकारी व्यवसाय हो । सहकारीका निश्चित मूल्य, मान्यता र सिद्धान्तहरू छन्, जुन मूल्य, मान्यता र सिद्धान्तहरूलाई सहकारीका सदस्यहरूले बुझ्नु पर्दछ । सहकारीमा सदस्यको आर्थिक सहभागिता नभएसम्म सदस्य बन्न नै सक्दैन त्यसैले अनिवार्य शेयर रकम खरिद गरेपछि मात्र उक्त व्यक्ति त्यस सहकारीको सदस्य बन्दछ । सदस्य बनाउदा उक्त व्यक्तिलाई सहकारीका सामान्य मूल्य, मान्यता सिद्धान्तको ज्ञान दिंदै सदस्यको अधिकार, दायित्व र कर्तव्यका बारेमा समेत जानकारी गराउनु पर्दछ ।

सहकारी व्यवसाय सदस्य नियन्त्रित व्यवसाय हो । सहकारीको दोस्रो सिद्धान्तले नै सहकारी सदस्यहरूको प्रजातान्त्रित नियन्त्रणवाट मात्र संचालन हुने कुरा बताउदछ । सहकारी सदस्यले सदस्यद्धारा सदस्यका लागि नै संचालन गरिन्छ । हिजोआज जनसमुदायमा सहकारी निकै चर्चाको विषय बन्दै गइरहेको छ । राज्यले नै आत्मासात गरेका संवैधानिक तीन खम्वे अर्थ व्यवस्था मध्येको एउटा चर्चाको विषय बनिरहेको छ । साचो अर्थमा भन्ने हो भने सहकारी आर्थिक समृद्धिको महत्वपूर्ण आधार हो । यदि यसलाई यसका मूल्य मान्यता र सिद्धान्तको सहि अर्थमा आत्मासाथ गर्दै सहकारीलाई नीति कार्यविधि र पूर्वविधिको आधार सहित सुशासनमा संचालन गर्ने हो भने सहकारीका माध्यवाट नै पूँजीको निर्माण हुन्छ । पूँजी निर्माण भएमात्र लगानीमा बृद्धि हुन्छ । लगानीमा बृद्धि भएमा रोजगारीका अवसरहरू बृद्धि हुन्छ, रोजगारीमा बृद्धि भएमा आम्दानीमा बृद्धि हुन्छ, आम्दानीमा बृद्धि भएमा उपभोग बचतमा समेत बृद्धि हुन्छ यसले क्रयशक्तिको बृद्धिवाट प्रभावकारी भागको बृद्धिहुनगई फेरी लगानीमा बृद्धि हुन्छ जसवाट अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ । गरिवीको कुचक्रको अन्त्य भई आर्थिक बृद्धि हुन्छ यो आर्थिक बृद्धिलाई न्यायोचित वितरणमार्फत उद्यमशिलताको प्रवर्द्धन गर्दै आर्थिक समृद्धि ल्याउन सकिन्छ र सदस्यको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने गहिरो विश्वास सहकारीको दर्शनमा रहेको छ । यसकारण सहकारीका प्रत्येक सदस्यहरू सहकारीका ग्राहक नभएर मालिक हुन । आर्थिक विकासको गहिरो दर्शन र दरिलो आधार रहेको सहकारीलाई देश संचालन गर्ने नेतृत्व वर्गले समयमा नै नबुझ्दा र यस प्रति चासो नदेखाउदा आज सहकारी समाज र राज्यकै समस्याको पोको हो की भन्ने भाष्य निर्माण गर्न खोजिएको छ तर यो कदापी सत्य होइन । देशका केही राजनैतिक दलका नेताहरूको आडमा कमजोर राज्य संयन्त्रलाई ढाल बनाएर लाखौ बचतकर्ताहरूको करौडो बचत अपचलन गरिएको छ । देशको सिमान्तकृत, किसान, मजदुरले सडक पेटि बाटोमा मकै पोलेर मजदुरी गरेर दाउरा बेचेर आफ्ना नानी बाबुको गाँस काटेर जम्मा गरेको आफ्नो रकम फिर्ता नपाएर बचतकर्ताहरू ठुलो मर्कामा परेको छन । यस प्रकार सहकारी क्षेत्रमा यतिवेला चरम निराशा देखिएको छ ।

यस्तो असजिलो अवस्थामा सहकारी संचालन गर्नु आफैमा कठिन कार्य भइरहेको तर समुदायमा आधारित र सदस्यकेन्द्रित रहेर नीति विधि र प्रविधियुक्त सुशासनमा संचालनमा रहेका सहकारीहरू अहिले पनि त्यति ठुलो समस्यामा छैनन् । केहि बाहिरवाट आएका, गलत सोच र छोटो समयमा नै धेरै छिटो धनि बन्ने महत्वकांक्षा भएका संचालक सहितको अदक्ष व्यवस्थापनका कारण धेरै व्याज त्यो पनि अग्रिम व्याजको लोभमा सर्वसाधारणको बचत संकलन गर्ने गरिन्छ । बचत लिएर संचालक व्यवस्थापक फरार हुने गरेको छन । बचतकर्ता आफ्नो बचत फिर्ता लिन संस्थामा जाँदा संस्था बन्द भइसकेको, व्यवस्थापक, संचालक कोहि पनि नभेटिने अवस्थाले गर्दा सर्वसाधारणको सहकारी प्रतिको विश्वास गुमेको अवस्था रहेको छ ।

अबको उपाय :

यस अवस्थामा राज्यले बनाएको संसदीय सहकारी छानवीन समितिले दिएको प्रतिवेदनका आधारमा देखिएका दोषी उपर कारवाही गर्ने, दोषी देखिएकाहरूवाट अपचलन भएको बचत असुल उपर गरी निक्षेप बचतकर्ताहरूको रकम फिर्ता दिने र जतिपनि राजनैतिक दलहरूको आडमा वा संरक्षणमा भएका सहकारी ठगीमा देखिएका सवैलाई कारवाहीको दायरामा ल्याएर सवैको बचत क्रमश फिर्ता गर्न र सहकारीको सघन अनुगमन र नीरिक्षणका लागि शक्तिशाली संयन्त्र खडा गरि राज्य निर्मम ढंगवाट अगाडि बढ्न ढिलो भइसकेको छ । यसमा सहकारी अभियान पनि एक साथ अगाडि बढ्न जरूरी छ ।

अहिले सहकारी क्षेत्रमा देखिएको यो समस्या र चुनौतीलाई हामीहरूले सहकारी अभियान सुध्रिने अवसरका रूपमा लिन सक्नुपर्दछ । हरेक कालखण्डमा भिन्दा भिन्दै क्षेत्रका लागि समस्या र चुनौती मात्र भएर आउदैन कि त्यो सुधारका लागि सुवर्ण अवसर समेत भएर आउने गर्दछ । तसर्थ सहकारी अभियानलाई नयाँ उन्नत र बैज्ञानिक ढंगवाट अगाडि बढ्ाउनका लागि यो महत्वपूर्ण अवसर हो । हामी धेरै अभियान्ता साथीहरूले सहकारी क्षेत्रलाई अगाडि बढाउन अत्यन्त निष्ठापूर्वक आफ्नो उर्जाशिल समय यसमा खर्च गरेको छौं । आज आएर हामीहरूले यो महत्वपूर्ण जीवन किन बेकार खर्च गरेछौ भन्ने सम्मको पश्चाताप समेत आउने गर्दछ, सायद । तसर्थ यस अवस्थामा हामीहरूले एउटै आवाज, एउटै संकल्पका साथ अभियानमा शुद्धिकरण, आफ्नो सहकारी पहिचान कायम गर्दै दृढताका साथ नयाँ विकास लक्ष्यलाई प्राप्त गर्नका लागि सहकारीका संचालक र अभियान्ताहरूको जीवनशैली समेत सुधार हुनुपर्दछ ।

सहकारीका संचालक वा अभियान्ताहरूको जीवनशैलीमा हुनुपर्ने गुणहरू :

१) सादा र सरल : सहकारी संघ संस्थाका संचालक वा अभियान्ताहरू सादा र सरल जीवनशैली अवलम्वन गर्नुपर्दछ । समुदाय र समाजमा पत्याएका, सम्मानित र विश्वासिला मानिसहरू मात्र त्यस संस्थाका संचालक हुने गर्दछन । सहकारी संस्था आर्थिक कारोवार हुने संस्था भएको हुँदा स्वच्छ छवि, सादा र सरल जीवनशैली भएकाहरूलाई नै संचालक बनाएमा संस्था समुदायमा नै विश्वासिलो बन्दछ ।

२) आर्थिक मितव्ययिता : सहकारीको तेस्रो सिद्धान्तले सहकारीमा सदस्य हुनका लागि आर्थिक सहभागिता भएकै हुनुपर्दछ । शेयर खरिद नगरेको व्यक्ति सहकारीको सदस्य बन्न सक्दैन । सहकारीमा जम्मा गरेको पैसा संचालकको होइन त्यो त सदस्यको पैसा हो, सदस्य सहकारीको मालिक हो त्यसैकारण सदस्यहरू भएका कारणले नै हामीहरू संचालक हुन सकेका हौ । त्यसैले संस्थाको एवम् आफ्नो व्यक्तिगत जीवन शैलीमा समेत आर्थिक मितव्ययितालाई संचालकले आत्मसाथ गर्नुपर्दछ ।

३) उत्साहित र सदाचारिता : सहकारी संस्थाका संचालकहरू सदैव संस्थामा प्रवेश गर्दा होस वा आफ्ना सदस्यहरू सामु प्रस्तुत हुँदा उत्साहित बन्नु पर्दछ । सदस्यहरूको गुनासाहरूलाई अत्यन्त सालिनतापूर्वक सुन्नुपर्दछ र समस्याको गम्भिरतालाई बुझेर उनीहरूका जिज्ञासालाई पुरा गर्नुपर्दछ र उसलाई समस्याको समाधानका उपायहरू पनि वताउन पर्दछ । सदस्यसँग तपाईले सम्वाद गरिरहँदा तपाईको सदाचारिताको व्यवहार उसले आशा गरिरहेको हुन्छ त्यसैले सञ्चालक सदासर्वदा उत्साहित र सदाचारी भइरहनु पर्दछ ।

४) परोपकारी : सहकारी संघ, संस्थाका संचालकहरू सदैव स्वयम्सेवी भूमिकामा रहने गर्दछन । स्वयम्सेवीमा हुनुपर्ने अन्तरनिहित आवश्यक गुण नै परोपकारी भावना हो । संचालकले सदैव आफूलाई म सदस्य एवम् गैरसदस्यको पनि सेवक हो भन्ने भावनावाट कर्तव्य पथमा लागि रहनुपर्दछ । संचालक कहिल्यै पनि मालिक होइन सदस्यको सेवक हो

५) उच्च नैतिकता : सञ्चालकहरूको नैतिकता Moral Values उच्च हुनुपर्दछ । नैतिकवान मानिस मात्र संचालक हुनसक्दछ । आर्थिक रूपमा गन्हाएको, नैतिक रूपमा पतन मानिस सहकारीको संचालक बन्न सक्दैन यदि बन्यो भने यस्ता संचालकहरू रहेको संघ संस्थाहरूमा समस्या आउदछ ।

६) आध्यात्मिकता : आज हामी हाम्रो वरिपरी देख्दै छौ कि मानिस किन यति हतार दौडिरहेको छ ? आधुनिकता, भौतिक सुख र पैसा कमाउन मानिस प्रकृतिमाथि निर्मम भएर अगाडि बढिरहेको छ । यसले मानिसलाई फाइदा होइन कि नोक्सान मात्र पुऱ्याएको छ । केहि वर्ष अगाडि मात्र विश्वलाई आक्रान्त पारेको कोभिड-१९ को महामारीको घटना एउटा हाम्रा लागि ज्वलन्त ताजा उदाहरण हामी विच रहेको छ । मानिस प्रकृतिप्रति कति निष्ठुर हुँदा हामी हाम्रो आँखाले देख्न नसकिने साना जिवाणुवाट त्रसित भई विस्तारामा नै एक डल्लो परी रहनुपरेका थियो ।

हामीले सहकारी संचालन गर्दा नाफा मात्र होइन कि हाम्रो धरातल, पर्यावरण आदिलाई जोगाउदै पछिल्लो पुस्तालाई स्वस्थ, सभ्य र सम्भावनायुक्त पृथ्वी हस्तान्तरण गर्नुपर्दछ । यी सवै कामका लागि हामी सहकारी अभियान्ता एवम् संचालकहरू आध्यात्मिक जीवनशैली अपनाउनुपर्दछ । जसमा करूणा, प्रेम, सद्भाव र अपनत्व जस्ता आन्तरिक उर्जाशिल चेतनाले आफ्नो कर्ममा दृढताका साथ लागिरहन प्रेरणा दिनेगर्दछ ।

७) सहनशिलता, धैर्यता र करूणाभाव : सहकारीमा सवैका लागि एक र एकका लागि सवै भन्ने मूलमन्त्रका साथ काम गर्नुपर्ने हुन्छ । सहकारीका सवै सदस्यहरू संघ संस्थाका मालिक हुन्छन् । सवैलाई मिलाएर सन्तुष्ट बनाएर संस्था अगाडि बढाउनका लागि नेतृत्वले धेरैका कुरा सुन्नुपर्दछ । सदस्यको गुनासोहरूलाई सहनशिल भएर धैर्यताका साथ सुनेर मनन गर्नुपर्दछ । गुनासो गर्ने र विरोध गर्नेहरूका प्रति बदला होइन कि करूणा भाव राखेर संस्था अगाडि बढाउन पर्ने हुँदा सहनशिलता धैर्यता र करूणाभाव संचालक एवम् अभियन्ताहरूमा हुनुपर्ने आवश्यक गुणहरू हुन ।

८) अध्ययनशिलता : सहकारी संघ संस्थाका संचालक एवम् अभियान्ताहरू सहकारीको प्रारम्भिक संस्था विषयगत तह सहकारी संघ केन्द्रिय महासंघ एवम् अन्तराष्ट्रिय सहकारी क्षेत्रमा भएका नयाँ खोज र अनुसन्धानका बारेमा अध्ययनशिल हुनुपर्दछ । नयाँ खोज र अनुसन्धान प्रतिको राष्ट्रिय दृष्टिकोण नेपाल सरकारले अवलम्वन गर्नुपर्ने नीतिका बारेमा धारणा दिनसक्ने गरि सदैव आफूलाई अध्ययनशिल बनाई राख्नुपर्दछ ।

९) काम, कर्तव्य र अधिकार प्रतिको सजगता : सहकारीका संचालकहरू सदैव आफ्नो काम कर्तव्य र अधिकार प्रति सजग हुनपर्दछ । आफ्नो जिम्मेवारी प्रति उत्साहित र कर्तव्यनिष्ठ संचालक आफ्नो कर्तव्य पुरा गरिरहेको हुन्छ । उसले आफ्नो अधिकारलाई पनि ख्याल गरिरहेको हुन्छ ।

❁

लेख

सम्मानको निम्ति हार्दिक आभार छ बागमती प्रोस्कून परिवारलाई

राधा सिंतान
पूर्व महिला उपाध्यक्ष
बागमती प्रोस्कून

म राधा सिंतान । घर मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकाको वडा नं.३ इक्चुङ । मेरो सहकारी यात्रा २०५७ सालमा तत्कालीन निबुवाटार गा.वि.स. को हाल भीमफेदी गाउँपालिका वडा नं. ४ मा रहेको श्री महिला अभियान बचत तथा ऋण सहकारी संस्था लि.बाट शुरू भयो । त्यसै संस्थामा सचिव, उपाध्यक्ष, अध्यक्ष र लेखा संयोजकको भूमिकामा रहेर करिब २२ वर्षको यात्रा पूरा गरियो । त्यसै संस्थाको प्रतिनिधित्व गर्दै जिल्ला बचत तथा ऋण सहकारी संघ लि., मकवानपुर (माफ्स्कून) मा संस्थापक महासचिव, सचिव, अध्यक्षको भूमिकामा करिब १५ वर्षको सहकारी अभियानमा नेतृत्व प्रदान गरें । त्यसै संघको प्रतिनिधित्व गर्दै बचत संघहरूको धेरै माग पश्चात नेफ्स्कूनको सहकार्यमा गठित बागमती प्रदेशस्तरीय सहकारी संघहरूको अभियानको रूपमा संजालमा प्रतिनिधित्व गरियो । जसलाई ५ वर्ष अघि बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) नामाकरण गरि दर्ता गर्ने कार्य भयो । जसमा संस्थापक महिला उपाध्यक्षको भूमिकामा रहेर करिब २ वर्ष नेतृत्व प्रदान गरें । बागमती प्रोस्कून बन्नु भन्दा पहिले नै गठित प्रदेशस्तरीय सञ्जालमा करिब २.५ वर्ष जतिको अभियानमा हामी नेफ्स्कूनको प्राविधिक सहयोग र जिल्लागत बचत संघको आयोजनामा त्रैमासिक रूपमा घुम्ती बैठकमा सहभागी भएर एक अर्काको संघको वस्तुस्थितिबारे जानकारी लिने र नेफ्स्कूनले प्राविधिक सरसल्लाह दिने लिने कार्य गरेर अघि बढ्यौं । त्यसैको जगमा रहेर नै बागमती प्रोस्कून स्थापना हुन सफल भयो ।

आज बागमती प्रोस्कूनले आफ्नो चौथो वार्षिक साधारण सभा भव्य अनि सभ्यका साथ सम्पन्न गर्दैछ । जसको श्रेय त्यस समयको प्रदेश स्तरीय बचत तथा ऋण सहकारी संघको सञ्जाललाई जान्छ । प्रत्येक ३/३ महिनामा बचत संघहरूले आलोपालो आयोजना गर्ने घुम्ती बैठकमा एक अर्काका प्रगति जानकारी लिई सिकाइ आदानप्रदान गर्न हामी साह्रै उत्साहित हुन्थ्यौं अनि सिकेका सिकाइहरूलाई आ-आफ्ना संघहरूमा लगेर जानकारी गराउने गर्थ्यौं । बचत संघहरूको आयोजनामा संचालन हुने पहिलो बैठक आयोजना गर्ने मौका मकवानपुर जिल्ला बचत संघले पाएको थियो । सो पछि चितवन, दोलखा, काठमाडौं, ललितपुर, भक्तपुर जिल्लाको आयोजनाहरूमा बैठकमा जाने अवसर प्राप्त गरी सहकारीहरूको अनुभव साटासाट गर्नुका साथै विभिन्न रमणीय स्थलहरूको अवलोकन भ्रमण समेत गर्ने मौका समेत जुरेको थियो । जसका लागि आयोजक संघहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । धादिङ बचत संघको आयोजनामा भने कार्य व्यस्तताका कारण पुग्न सकिनँ । यसले बचत संघहरूलाई पक्कै पनि उर्जा मिलेको थियो । जिल्ला बचत संघ नभएको जिल्ला रसुवामा समेत बचत संघ बन्न सफल भयो । यसैको समन्वय र सहकार्यमा जुट्दै हामीले बागमती प्रोस्कून दर्ता गर्न सफल भयौं । आज बागमती प्रोस्कूनको प्रगति उन्नतिमा यस बागमती प्रदेशका सबै बचत संघहरू र प्रारम्भिक साकोसहरूको अतुलनीय योगदान रहेको छ । सबैप्रति म हार्दिक नमन व्यक्त गर्दछु ।

बागमती प्रोस्कूनको चौथो वार्षिक साधारण सभाको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । मलाई महिला उपाध्यक्ष भएर कार्य गर्दा साथ सहयोग र सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । आफ्नो कार्य व्यवस्तताका बाबजुत बागमती प्रोस्कूनमा रहेर कार्य गर्न असमर्थ रहेको अवस्थामा मैले बागमती प्रोस्कूनबाट बिदा लिएँ । बिदा लिए तापनि त्यसै समयमा गरेको सहकार्यको उच्च कदर गर्दै बागमती प्रोस्कूनले आफ्नो स्थापना दिवसको अवसरमा घोषणा गरेको संस्थापक सम्मान विधा अन्तर्गत पहिलो पटककै सम्मानका लागि महिला उपाध्यक्षबाट मलाई सम्मानित गरी यस चौथो वार्षिक साधारण सभाबाट सम्मान प्रदान गर्न लाग्नु भएकोमा बागमती प्रोस्कून पुरस्कार तथा सम्मान उप समिति र सिंगो बागमती प्रोस्कून परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु । बागमती प्रोस्कूनको कार्य यसरी नै आउने दिनहरूमा निरन्तर अघि बढ्दै जान सकोस् । सदैव उत्तरोत्तर प्रगति, उन्नतिको निम्ति हार्दिक शुभकामना समेत व्यक्त गर्दछु । नमस्कार, जय सहकारी ।

प्रदेश सहकारी मन्त्रीलाई बागमती प्रोस्कूनमा स्वागत

श्रावण १८, २०८१

बागमती प्रदेश सरकार संस्कृती, पर्यटन तथा सहकारी मन्त्री माननीय बिमल ठकुरीलाई बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) र बागमती प्रदेश सहकारी संघ लि.ले संयुक्त रूपमा बागमती प्रोस्कूनको काठमाडौ सदस्य सेवा कार्यालय बानेश्वरमा एक कार्यक्रम बीच स्वागत सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । बागमती प्रदेश सहकारी संघका अध्यक्ष श्री रामशरण शर्मा घिमिरे तथा उक्त संघका पदाधिकारी एवम् बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) का अध्यक्ष श्री उद्धब सापकोटाज्यू लगायत पदाधिकारी, संचालक सदस्य, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापनका अन्य कर्मचारीहरू सहितको समूहले नवनियुक्त मन्त्रीलाई बधाई तथा सफल कार्यकालको शुभकामना सहित औपचारिक अन्तरक्रिया गरेको हो ।

कार्यक्रममा बागमती प्रोस्कुनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले बागमती प्रोस्कूनले हालसम्म गरेका गतिविधी, वित्तीय अबस्था साथै भावी कार्यदिशाका बारेमा छोटो परिचयात्मक प्रस्तुती गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन बागमती प्रोस्कूनका महासचिव जिवसराज खड्काले गर्नुभएको थियो । कार्यक्रममा दुवै संघका अध्यक्षहरूले बागमती प्रदेश भित्रको सहकारी अभियान, सहकारीमा आएको वर्तमान विचलन र सोको न्यायोचित समन्वयमा सरकारले खेल्नुपर्ने भूमिका, प्रदेश सहकारी महाशाखाका कर्मचारीको सहकारीमैत्री व्यवहार, अनुगमन नियमनमा सरकारले खेल्नुपर्ने भूमिका, उपत्यकामा महाशाखाको कार्यालय विस्तार लगायतका विषयमा आफ्नो धारणा सहित शुभकामना व्यक्त गर्नुभएको थियो । मायाको चिनो हस्तान्तरण गर्दै संघका अध्यक्ष उद्धव सापकोटाले अभियानले सरकारसंग राख्ने अपेक्षाको समेत चर्चा गर्नुभयो ।

उक्त कार्यक्रममा बधाई तथा अन्तरक्रिया कार्यक्रमका लागि धन्यवाद व्यक्त गर्दै मन्त्री ठकुरीले सहकारीमा राखेको पैसाको सुरक्षित हुनुपर्ने, चाहेको बेला रकम तुरून्त फिर्ता हुनुपर्ने विषय जोड्दै केही समयको अध्ययन पश्चात सहकारी क्षेत्रको शुद्धिकरणका लागि आफूले काम गर्ने आफ्नो कार्यकालमा अनुगमनलाई प्राथमिकतामा राख्ने त्यसमा संघहरूको पनि महत्वपूर्ण भूमिका रहने हुँदा सहकार्य गर्न तत्पर रहेको साथै बागमती प्रोस्कूनलाई आवश्यक पर्दा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । यस अघि बागमती प्रोस्कूनको स्तरीकरण कार्यक्रम कोसिसको कार्यशालामा समेत सहभागी भई आफ्नो धारणा राखिसकेका मन्त्री ठकुरीले बागमती प्रोस्कूनले अभियानलाई उचाईमा पुऱ्याउन गरेको योगदान प्रशंसनीय रहेको स्मरण गर्दै सहकार्यका लागि तत्पर रहेको विचार व्यक्त गर्नुभयो ।

गतिविधि

चौतारा साँगाचोकगढीमा कोशिस कार्यक्रम पहिलो समूहको छैठौं कार्यशाला सम्पन्न

२०८१ भाद्र १५ गते शनिवार

बागमती प्रदेश सरकारसंगको सहकार्यमा बागमती प्रोस्कूनद्धारा सञ्चालित स्तरीकरण कार्यक्रम कोशिसमा आवद्ध साकोसहरूको पहिलो समूहको छैठौं सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला (Sixth Worth And Effective Cooperation And Novelty Management Workshop- 6th WE CAN Workshop) श्री शिक्षकहित बचत तथा ऋण सहकारी संस्था लि. चौतारा साँगाचोकगढी न.पा. ५ को आयोजनामा चौतारास्थित अरनिको रिसोर्टमा सम्पन्न भएको छ । आयोजक संस्थाका अध्यक्ष राजेन्द्र कुमार श्रेष्ठको अध्यक्षता तथा बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालामा बागमती प्रोस्कूनका सचिव गोविन्द काफ्ले, संचालक कृष्ण प्रसाद सुवेदी तथा प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालको उपस्थिति रहेको थियो । स्तरीकरण कार्यक्रममा आवद्ध पहिलो समूहका ११ वटा सहकारी मध्ये १० वटा सहकारीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कोशिस कार्यक्रममा आवद्ध साकोसहरूको थप क्षमता अभिबृद्धि गराउने उद्धेश्य स्वरूप हरेक We Can Workshop मा समसामयिक विषयमा अनुशिक्षण गर्ने अभ्यास अन्तर्गत कार्यशालामा बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृतले सदस्य सुरक्षा कार्यक्रम र राहत कार्यक्रम सञ्चालन रणनीति (Member Health Protection & Relief Program) विषयमा अनुशिक्षण गर्नु भएको थियो । अनुशिक्षण सहकारी संस्थाहरुमा वस्तु तथा सेवाको विकास गर्नुपूर्व वित्तीय विश्लेषणको आवश्यकता, वित्तीय विश्लेषण र क्षमता विश्लेषण नगरी राहतका कार्यक्रमहरू ल्याउँदा त्यसले भविष्यमा संस्थामा पर्ने सक्ने जोखिम विश्लेषण गरिनुपर्ने तथा सदस्य राहत तथा सुरक्षा सम्वन्धि कार्यक्रम गर्दा जोखिम हस्तान्तरणको माध्यमवाट गर्ने रणनीति लिनुपर्ने, सदस्यहरूलाई बचत तथा ऋणसँग सम्वन्धित मात्र सेवा प्रदान नगरी जन्मदेखि मृत्युपर्यन्त दिनसक्ने सेवा र सुविधाको विषयमा संस्थाले रणनीति तय गर्नुपर्ने र हरेक कार्य संचालन गर्नपूर्व नीति तयार गरी सदस्यमाझ छलफल र प्रचार गराई संचालन गर्नुपर्ने जस्ता विषयमा केन्द्रित रहेको थियो ।

शिक्षकहित साकोसका व्यवस्थापक अनिल शर्माद्धारा सञ्चालित कार्यशालामा उपाध्यक्ष निर्मला धितालले स्वागत मन्तव्य राख्नु भएको थियो । आयोजक संस्थाका अध्यक्ष श्रेष्ठले सिन्धुपाल्चोकको भौगोलिक, धार्मिक एवम् सांस्कृतिक परिचय सहितको प्रस्तुती दिनुभयो भने आयोजक संस्थाका संचालकले कोशिस कार्यक्रमको विशेषता र व्याख्या सहितको रचित सिर्जना मार्फत उपस्थित सम्पूर्णलाई मनोरञ्जन प्रदान गर्नु भएको थियो ।

बागमती प्रोस्कूनका अध्यक्ष सापकोटाले कोशिस कार्यक्रममा संघको तर्फवाट प्राप्त सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना अनुरूप अघि बढ्दा मात्र सफल हुने विचार व्यक्त गर्नुभयो । पहिलो समूह भएका कारण नमुना र उदारणीय साकोस निर्माणका लागि मेहनत गर्नुपर्ने भन्दै सवैलाई कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नुभयो साथै सचिव ज्यूले समेत सिकाईलाई प्रभावकारी बनाई संस्थाको स्तरोन्नतीमा लाग्न अनुरोध गर्नुभयो । बागमती प्रोस्कूनका संचालक कृष्ण प्रसाद सुवेदीले कार्यक्रममा प्रस्तुत गरिएको प्रस्तुती माथिको विश्लेषण सहित सुधार गरी साकोसको स्तर उन्नतिमा वागमती प्रोस्कूनको पूर्ण सहयोग हुने त्यसका लागि आवद्ध साकोसहरूलाई निरन्तर सम्पर्कमा रही सिकाई संचारलाई प्राथमिकतामा राख्नुपर्ने विषय जोड्नुभयो ।

१० वटा साकोसहरूले कोशिस कार्यक्रमको सूचकमा आधारित भई संस्थाको अवस्था सहितको प्रस्तुति राख्नुभएको उक्त कार्यशालामा प्रमुख कार्यकारी अधिकृत र कार्यक्रम अधिकृत विमला पुडासैनीद्धारा सहभागीहरूको प्रस्तुति र प्रगतिको विषयमा सुझाव र पृष्ठपोषण प्रदान गरिएको थियो । कार्यशालामा सीप विकास र सीप हस्तान्तरणका विषयमा व्यापक छलफल भई संस्थागत शुसासन र आगामी कार्यका विषयमा सामूहिक प्रतिवद्धता जनाउँदै आगामी कार्यशाला एकीकृत ठोकर्पा साकोस सिन्धुपाल्चोकको आयोजनामा मिति २०८१ मंसिर २२ गते शनिवारका दिन आयोजना गर्ने निर्णय सहित सम्पन्न भएको थियो । ❀

सहकारी संघ/संस्थाको साधारण सभा संचालनमा सुधारको आवश्यकता

बालकृष्ण धोजु
प्रमुख कार्यकारी अधिकृत
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

संघ, संस्था तथा कम्पनीले हरेक वर्ष साधारण सभा गर्नुपर्छ । सहकारी संस्थाको साधारण सभा एक विशेष खालको हुने गर्दछ । नियमित साधारण सभा भएको सहकारी संस्थालाई सक्रिय सहकारी संस्थाको रूपमा गणना गरिन्छ । सहकारी संस्थाको साधारण सभामा गरिने काम कार्वाही संस्थाको विनियम तथा सहकारी ऐन नियममा स्पष्ट व्यवस्था गरिएकोछ । यस लेखमा सहकारी ऐन नियममा व्यवस्था भएको साधारण सभाको काम, कर्तव्य र अधिकारको चर्चा गर्नुको साथै यसका विकृती र सुधारकाबारेमा उल्लेख गरिएको छ ।

सहकारी ऐन २०७४ को दफा ३६ ले प्रत्येक संस्था वा संघको एक साधारण सभा हुने व्यवस्था गरेको छ । साधारण सभा प्रत्येक संस्था वा संघको सर्वोच्च अंग हो । संस्था वा संघका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने व्यवस्था ऐनको दफा ३६ उपदफा २ ले गरेको छ । ऐनको दफा ३६ उपदफा ३ अनुसार साधारण सभा निम्न बमोजिम तीन प्रकार हुने व्यवस्था छ ।

१) प्रारम्भिक साधारण सभा
२) वार्षिक साधारण सभा
३) विशेष साधारण सभा

१) प्रारम्भिक साधारण सभा :

समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा बोलाउनुपर्ने ऐनको दफा ३९ उपदफा १ ले मा व्यवस्था गरेको छ । ऐनको दफा ३७ ले प्रारम्भिक साधारण सभाको देहाय बमोजिम काम, कर्तव्य र अधिकार व्यवस्था गरेकोछ ।

क) प्रारम्भिक साधारण सभा हुनु अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक विवरणको जानकारी लिने ।
ख) चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।
ग) प्रतिवेदन तथा वित्तीय विवरणहरू अनुमोदन गर्ने ।
घ) विनियमा उल्लेख भएबमोजिम संचालक समिति र लेखा सुवरिवेक्षण समिति गठन गर्ने ।
ङ) आन्तरीक कार्यविधि पारित गर्ने ।
च) लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने ।
छ) विनियमा उल्लेखित कार्यहरू गर्ने ।

२) वार्षिक साधारण सभा

सहकारी ऐन २०७४ को दफा ३९ उपदफा २ मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र प्रत्येक संघ/संस्थाले वार्षिक साधारण सभा बोलाउनु पर्ने प्रावधान रहेको छ । वार्षिक साधारण सभाको छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेश गर्नुपर्ने ऐनको दफा ३८ मा काम, कर्तव्य र अधिकार उल्लेख गरेकोछ ।

क) बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।
ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।
ग) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
घ) संचालक समिति र लेखा सपुवरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने ।
ङ) समिति वा लेखा सुवरिवेक्षण समितिको संयोजक वा सदस्यहरू पदबाट हटाउने ।
च) आन्तरिक कार्यविधि पारित गर्ने ।
छ) लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने ।
ज) संस्थाको एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने ।
झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने ।
ञ) बाह्य दायित्व स्वीकार गर्ने ।
ट) सदस्यको दायित्व मिन्हा गर्ने ।
ठ) समितिलाई आवश्यक निर्देशन दिने ।
ड) विनियममा उल्लेखित कार्यहरू गर्ने ।

३) विशेष साधारण सभा

सहकारी ऐन, २०७४ को दफा ३९ को उपदफा (३) बमोजिम देहाय अवस्थमा समितिले विशेष साधारण सभा बोलाउन सक्ने व्यवस्था गरिएको छ ।

(क) लेखा सुपरिवेक्षणको समितिको सिफारिसमा
(ख) कुनै संचालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव संचालक समितिद्धारा पारित भएमा ।

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) संस्थाको कुल सदस्यको १५ प्रतिशत सदस्यले संचालक समिति समक्ष निवेदन दिएमा ।

(ङ) दफा ४० को उपदफा १ बमोजिम कुनै संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा रजिष्टार वा रजिष्टारको अधिकार प्राप्त अधिकारीले बिशेष साधारण सभा बोलाउने निर्देशन दिएमा ।

माथि उल्लेखित अवस्थामा बोलाईएको विशेष साधारण सभामा पेश गरिने सबै विषयलाई प्रस्तावको रूपमा पेश गर्नुपर्छ । मौखिक कुराको आधारमा गरिएको छलफलले वैधानिकता प्राप्त गर्न सक्तैन । तसर्थ लिखित रूपमै प्रस्ताव उपर छलफल गरि निर्णय गर्नुपर्दछ । साधारण सभा संघ/संस्थाको विभिन्न महत्वपूर्ण विषयमा छलफल गरि निर्णय लिने उपयुक्त स्थान भएकोले साधारण सभालाई महत्वपूर्ण अंगको रूपमा लिइन्छ । साधारण सभालाई सामान्यतया निम्न तीनवटा दृष्टिकोणले हेर्ने गरिन्छ -

क) सर्वोच्च अंग (Supreme Body)

ख) निर्णय गर्ने मूख्य अंग (Decision Making Main Body)

ग) सदस्यहरूको सामुहिक मञ्च (Platform)

सहकारी संघ/संस्थामा साधारण सभाको आफ्नो छुट्टै पहिचान रहेको छ । सहकारी संघ/संस्थाका सदस्यहरू वा प्रतिनिधिहरूले साधारण सभा हाम्रो कार्यक्रम हो र त्यसमा हाम्रो सक्रिय सहभागिता आवश्यक छ भन्ने स्वामित्वको भावना रहेको हुन्छ । जुन हामी अन्य निकायको साधारण सभामा त्यस्ता भावना पाउन सक्दैनौं । त्यसैले सहकारीको साधारण सभामा सदस्यको सहभागिता/उपस्थिति बढी हुने गर्छ । सहभागितामूलक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न र उपलब्धीमूलक भावनाले प्रेरित गर्दछ ।

तर आजभोलि सहकारीको साधारण सभा सदस्यको सभा जस्तो लाग्दैन । साधारणसभा हुनु दुई तिन दिन अगाडि सदस्यको उपस्थिती खुल्ला राख्ने गरेको छ । सदस्यहरू साधारणसभामा उपस्थिती गर्दै उपस्थित भए बापतको भत्ता बुझ्दै जाने गरेकोछ । साधारणसभाको उद्घाटन सत्रमा धेरै अतिथिहरू बोलाउने पाँच छ घण्टा भाषण सुनाउने सभा भएको छ । साधारणसभा सदस्यको सभा नभई अतिथिको सभा भएकोछ । सभामा सदस्यहरू बसुन् भनेर नाच, गीत, सम्मान, चिट्ठा जस्ता कार्यक्रमहरू पनि समावेश गर्ने गरेको पाइन्छ तर पनि सभामा खासै सदस्यहरू बस्दैन । साधारण सभाका विषय सूचीमा खासै छलफल हुदैंन । उद्घाटन सत्र सकेपछि दिन बित्छ । साधारण सभा पनि प्राय सकेको हुन्छ । आजकाल साधारण सभा अतिथि सभा, भाषण सभा, नाचगान सभा, सम्मान सभा र चिट्ठा सभामा परिणत भएको छ । सहकारीको साधारण सभा कागज मात्र पुर्‍याउने काम भएकोछ ।

सहकारी स्वनियममा संचालित संस्था हो । सदस्यको नियन्त्रण सहकारी संचालन भएको हुन्छ । सदस्यहरूको ठुलो बैठक भनेकै साधारण सभा हो । सभामा सदस्यहरूले संस्था संचालनका लागि संचालक समिति र लेखा सुपरिवेक्षण समिति चुन्ने र चुन्न पाउने अधिकार राख्छन् । बर्ष भरी भएको काम र हिसाब किताबको केश्राकेश्रा केलाउने काम हुन्छ । आगामी बर्षमा के कस्ता कार्यक्रम गर्ने र के कति बजेट छुट्याउने विषयमा छलफल हुन्छ । हिसाब किताब जाँच कसलाई गराउने र कति पारिश्रमिक दिने, शेयर लाभाँस कति वितरण गर्ने, संरक्षित पूँजी फिर्ता कति वितरण गर्ने, विनियम संशोधन लगाएतका महत्वपूर्ण विषयहरूमा छलफल गरी निर्णय लिन साधारण सभा बोलाएको हुन्छ ।

जसरी सदस्य विनाको संस्था कल्पना गर्न सकिन्न त्यसै गरी सदस्य विनाको साधारण सभा हुन सक्दैन । सहकारीमा सदस्य भएपछि साधारण सभामा अनिर्वाय उपस्थित हुनुपर्दछ । लगातार तीन पटकसम्म उपस्थित नहुने सदस्य निष्कृय सदस्यमा राखिन्छ । त्यस्ता सदस्यता समेत खारेज गर्न सकिने व्यवस्था सहकारी ऐन २०७४ को दफा ३४ उपदफा (ख) ले गरेको छ । संस्थामा सदस्यको बचत रकम सुरक्षित छ/छैन सदस्यबाटै नियमन गर्ने निकाय साधारण सभा हो । सदस्यले आफ्नो अधिकार, दायित्व र कर्तव्य नबुझ्दा र नबुझाउँदाको परिणाम सहकारी बदनाम भैइरहेकोछ । संचालकले सदस्यहरूलाई गुमराहमा राख्न सफल भएकोछ । सदस्यहरू ठगिदा राज्य मुकदर्शक बन्नु बाहेक केही गर्न सकेको अवस्था छैन ।

तसर्थ, साधारण सभाको काम, कर्तव्य र अधिकार अनुसार साधारण सभा संचालन गर्नुपर्ने देखिन्छ । सहकारी संस्थाको साधारणा सभा प्रभावकारी बनाउन सके सहकारीका विकृतीहरू सम्बोधन गरी समयमै समाधान गर्न सकिन्छ । साधारण सभालाई प्रभावकारी र व्यवस्थित गर्न सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्था) निर्देशिका, २०७६ को परिपालना गर्नुपर्ने देखिन्छ । यसको परिपालन गराउन प्रदेश तथा स्थानिय नियामक निकायले पहल गर्नुपर्ने देखिन्छ । सहकारी संघ महासंघले साधारण सभाको औपचारिक उद्घाटन कार्यक्रमलाई कम समयमा सम्पन्न गरी उदाहरणीय सभाको अभ्यास गर्नुपर्दछ । सदस्यको प्रतिभा प्रस्फुटन नाचगान जस्ता गतिविधिहरू संस्थाको बार्षिक स्थापना दिवस, सहकारी दिवस आदि कार्यक्रममा गर्दा राम्रो हुन्छ । साधारण सभामा सदस्यको उपस्थितीलाई बढावा दिन सदस्यमैत्री वातावरणको लागि जोड दिनुपर्दछ । साधारण सभाको बैठकमा उपस्थित हुने र निर्णयमा सहभागिताको सुनिश्चित हुनुपर्दछ । सदस्यले सहकारी संस्थाको साधारणा सभाबाट सस्थामा आफ्नो बचत सुरक्षित रहेको प्रत्याभुति हुन सक्ने सभा हुनुपर्दछ । यसको लागि सदस्यको सहकारी तथा वित्तीय शिक्षालाई व्यापक बनाउनुपर्दछ ।

जोरपाटी साकोसको आयोजनामा कोशिस कार्यक्रम दोस्रो समूहको चौथो कार्यशाला सम्पन्न

बागमती प्रोस्कूनले विकास गरेको स्तरीकरण कार्यक्रम 'कोशिस' कार्यक्रमको दोश्रो समूहको चौथो सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला (4th Worth And Effective Cooperation And Novelty Management Workshop) जोरपाटी साकोस, गोकर्णेश्वर न.पा.-५, जोरपाटीको आयोजनामा जोरपाटी स्थित छिमेकी पार्टी प्यालेसमा सम्पन्न भएको छ । बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यशालाको अध्यक्षतामा आयोजक संस्थाका अध्यक्ष महेश कुमार आचार्यको रहेको थियो । बागमती प्रोस्कूनका सचिव गोविन्द काफ्ले, कोषाध्यक्ष केशव प्रसाद दंगाल, संचालक एवम् काठमाडौं सदस्य सेवा कार्यालय संयोजक ठाकुर प्रसाद बास्कोटाको सहभागितामा सम्पन्न कार्यशलामा दोस्रो समूहमा आवद्ध सहकारी संस्थाका प्रतिनिधिहरूको उपस्थिती रहेको थियो ।

कार्यशालको पहिलो सत्रमा सहभागी संस्थाका सञ्चालक तथा कर्मचारीहरूको क्षमता विकासका लागि कुनै एक नविनतम विषयमा अनुशिक्षण गर्ने परिपाटी रहँदै आएको छ । यसै शिलशिलामा उक्त कार्यक्रममा सदस्य सुरक्षा कार्यक्रम र सञ्चालन रणनीति (Member Health Protection & Relief Program) का विषयमा संघका कार्यक्रम अधिकृत नवराज घोरसाईनेबाट अनुशिक्षण भएको थियो । अनुशिक्षणमा कार्यक्रम अधिकृत घोरसाईनेले बचत तथा ऋण सहकारी संस्थाहरूमा बचत र ऋण बाहेक सदस्यको जन्मपूर्व देखि मृत्यूपर्यन्त साथ र सहयोगको विषयमा चर्चा गर्दै बचत स्वीकार गर्नु र ऋण प्रदान गर्नु मात्र सहकारीको मर्म नरहेको बताउनु भयो । अनुशिक्षणमा सदस्य राहत कार्यक्रम, संस्थाले वस्तु तथा सेवा विकास गर्नुपूर्व गर्नुपर्ने वित्तीय विश्लेषण, वित्तीय विश्लेषण नगरी वस्तु तथा सेवाको विकास गर्दा पर्न सक्ने जोखिमहरू, जोखिम हस्तान्तरण तथा सदस्य सेवाका कार्यक्रमहरू तय गर्दा सदस्यहरूबाट लिनुपर्ने राय सुझावका साथै नीति तथा कार्यविधीको बारेमा छलफल भएको थियो ।

कार्यशालाको संचालन आयोजक संस्थाका सचिव राजेन्द्र प्रसाद सापकोटाले गर्नुभएको थियो भने संस्थाका कोषाध्यक्ष सन्तोष शिवाकोटीले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा अतिथीको आशनबाट बागमती प्रोस्कूनका कोषाध्यक्ष दंगालले सहभागीहरूले समयको महत्वलाई कायम राख्नुपर्ने सिकाईलाई प्रभावकारी कार्यान्वयन गर्न योजना अनुरूप अघि बढ्नुपर्ने विषय जोड्दै शुभकामना मन्तव्य राख्नुभएको थियो भने संघका अध्यक्ष एवम् कार्यक्रमका प्रमुख अतिथी उद्धव सापकोटाले कोशिस कार्यक्रममा संघको तर्फवाट प्राप्त सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना अनुरूप अघि बढ्दा मात्र सफल हुने साथै सुझाव कार्यान्वयन गर्न आलटाल गर्ने तथा सक्रियता नदेखाउने सहकारी संस्थाले कार्यक्रमको मर्म अनुसार अपेक्षित लक्ष्य हासिल गर्न नसक्ने विषयलाई जोड दिंदै सफलतम प्रयोगका लागि अनुरोध समेत गर्नुभएको थियो । सहभागी संस्थाहरूको स्तरोन्नतीका लागि वागमती प्रोस्कूनको पूर्ण साथ र सहयोग हुने प्रतिवद्धता व्यक्त गर्दै अध्यक्ष सापकोटाले निरन्तर सम्पर्कमा रही सिकाई संचारलाई प्राथमिकतामा राख्नुपर्ने विषय जोड्दै शुभकामना प्रदान गर्नुभयो ।

सहभागी साकोसका प्रतिनिधीहरूले कोशिस कार्यक्रमको सूचकमा आधारित भई संस्थाको अवस्था सहितको प्रस्तुती राख्नुभएको उक्त कार्यक्रममा कार्यक्रम अधिकृत विमला पुडासैनीद्धारा सहभागीहरूको प्रस्तुति र प्रगतिको विषयमा सुझाव र पृष्ठपोषण प्रदान गरी आगामी कार्ययोजनाको सामूहिक प्रतिवद्धता गराउनुभएको थियो । कार्यशालाको निर्णयपुस्तिका हस्तान्तरण गर्दै आगामी कार्यशाला स्मार्ट साकोस जोरपाटीको आयोजनामा मिति २०८१ पौष १३ गते शनिवारका दिन आयोजना गर्ने निर्णय सहित कार्यक्रम सम्पन्न भयो ।

लेख

दिगो सहकारी सञ्चालनका आधारहरु

के.बि. लामा स्याङतान
प्रमुख कार्यकारी अधिकृत
बिन्धवासिनी साकोस, काभ्रे

समाजमा सहकारी भनेको सदस्यबाट बचत उठाएर निश्चित रकम जम्मा भएपछि भाग्ने संस्था हुन् भन्ने गलत छाप पर्न गयो । वास्तवमा सहकारी भनेको त्यस्तो होइन र सदस्यसँगको निरन्तर सहकार्यमा सञ्चालन हुने सामाजिक व्यवसाय हो । सीमित सहकारीले सदस्यको बचत फिर्ता गर्न नसक्दैमा सबै सहकारी गलत हुन भन्न मिल्दैन ।

नेपालको वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखिएको संकटका कारण सहकारीको भविष्य दिशाविहीन अवस्थामा पुगेको आम जनसमुदायले महसुस गरिरहेको छ । सहकारीका बचतकर्ताले अति असुरक्षित र जोखिम महसुस गरिरहेका अवस्था छ जसले गर्दा सहकारी क्षेत्रमा बचत गर्नुको सट्टा फिर्ता लिने दर अत्याधिक बढेको देखिन्छ । खराब ऋण बढ्दो छ भने लगानी भएको ऋण असुली नहुनु र बचत जम्मा भन्दा फिर्ता बढ्दै जाँदा सदस्यबाट संकलित बचत फिर्ता गर्न कठिन हुनु स्वभाविक हो । यसो हुँदा सहकारी संस्थामा वित्तीय चक्र नै उल्टो दिशामा चल्न गई सहकारी संघ संस्थामा वित्तीय संकट सिर्जना भएको देखिन्छ ।

सहकारी प्रति जनविश्वास कम हुदै गएको छ भने स्थिरीकरण कोष, बचत सुरक्षण कोष र ऋण सूचना केन्द्र र ऋण असुली न्यायधिकरणको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन नसक्नाले बचतको सुरक्षाको प्रत्याभूति दिन र खराब ऋण असुली गर्न सकेको अवस्था छैन । जसले गर्दा सहकारी संस्थाको आर्थिक इमान्दारिता कम हुँदै जानुको साथै खराव ऋणीमा झन् आत्मविश्वास बढ्दै गएको देखिन्छ । आफुसंग भएको स-सानो रकम बचत गर्दै जाने र आवश्यक पर्दा ऋण सुविधा लिएर गर्जो टार्ने, जीविकोपार्जनमा सहयोग पुऱ्याउने र जीवनका हरेक आयामहरूमा टेवा दिने संस्था समाजले खोजेको छ । तर केही सहकारी संस्था सदस्यप्रति अनुत्तरदायी बन्दा समग्र अभियान प्रति नै नकारात्मक दृष्टिकोण बढेर गएको छ ।

पछिल्लो समय नेपालको सहकारी अभियान संकटको घडीबाट गुज्रिरहेको छ । कोभिड-१९ र रूस युक्रेन युद्ध लगायतका कारण विश्वमा आएको आर्थिक मन्दीको असर समग्र वित्तीय प्रणालीमा पर्दा सहकारी क्षेत्र पनि त्यसबाट अछुतो रहन सकेन । मुलुकमा आवश्यकता भन्दा बढी संख्यामा सहकारी संस्था खुलेका कारण तिनीहरूबीच अस्वस्थ प्रतिस्पर्धा त छँदै नै थियो । सहकारीको मूल्य, मान्यता र सिद्धान्त विपरीत चलेका केही संस्थाहरू कोभिड-१९ पछिको आर्थिक मन्दीको पहिलो शिकार बन्न पुगे । समग्र अर्थतन्त्रमा मन्दी आएको र सिद्धान्तभन्दा बाहिर गएर सदस्यको बचतलाई निजी कम्पनी, घरजग्गा, शेयरबजार र अनुत्पादक क्षेत्रमा लगानी गरेका संस्थाहरू पहिलो चरणमा धरासायी हुन पुगे । मानिसहरूलाई दैनिकी सञ्चालनमा नै हम्मेहम्मे परेका बेला घरजग्गा र शेयर खरिद बिक्री प्रायजसो ठप्प हुन पुग्यो । ठूलो परिमाणको र कम अनुत्पादक क्षेत्रमा फसेपछि सदस्यले ती संस्थामा जम्मा गरेको बचत फिर्ता गर्न सक्ने अवस्था बनेन । ती सीमित संस्थामा आएको समस्याले गर्दा समुदाय र सदस्यकेन्द्रीत भएर चलेका संस्थामा पनि असर पर्न गयो । सहकारी क्षेत्रमाथि नै सदस्यहरूको विश्वास धरमराउन पुग्यो । यसले सहकारी क्षेत्रको दिगोपनामाथि नै प्रश्न चिन्ह खडा गरि दियो ।

समाजमा सहकारी भनेको सदस्यबाट बचत उठाएर निश्चित रकम जम्मा भएपछि भाग्ने संस्था हुन् भन्ने गलत छाप पर्न गयो । वास्तवमा सहकारी भनेको त्यस्तो होइन र सदस्यसँगको निरन्तर सहकार्यमा सञ्चालन हुने सामाजिक व्यवसाय हो । सीमित सहकारीले सदस्यको बचत फिर्ता गर्न नसक्दैमा सबै सहकारी गलत हुन भन्न मिल्दैन । एउटा राम्रो र दिगो सहकारी संस्था बनाउन निश्चित कुराहरूमा ध्यान पुऱ्याउनुपर्छ । पहिलो, देखासिकी गरेर नाफा कमाउनकै लागि भन्दा पनि समाजको आवश्यकताको आधारमा सहकारी खोल्नुपर्छ । तब मात्र त्यो सहकारी दिगो रूपमा सञ्चालन हुनसक्छ । सीमित व्यक्तिको स्वार्थपूर्ति गर्ने उद्देश्यले खोलेका सहकारी दिगो हुन सक्दैनन् । किनभने ती संस्थाको सोच नै दिगो रूपमा सञ्चालन गर्ने रहेको

हुँदैन । तर समुदायको आवश्यकताको आधारमा स्थापना भएका सहकारी संस्थाका सञ्चालक स्थानीय हुन्छन् भने सदस्यहरूले नियमित रूपमा स-सानो रकम बचत गर्दै जान्छन् । सहकारी भनेकै सदस्यलाई स-सानो रकम नियमित रूपमा बचत गर्न सिकाउने एउटा गतिलो माध्यम हो ।

त्यसैगरी, दिगो संस्था बनाउन सञ्चालकको भूमिका मात्र पर्याप्त हुँदैन । त्यसमा सदस्यहरू पनि त्यत्तिकै सक्रिय हुन आवश्यक छ । संस्थाले बनाएको नियम अनुसार मासिक रूपमा बचत गर्ने, लिएको ऋणको सावाँ ब्याज समयमा नै तिर्ने, संस्थाले बनाउने नीति नियम र कार्यक्रममा चासो देखाउने, संस्थाको वित्तीय कारोबार र ऋण लगानी प्रक्रियाका बारेमा ध्यान दिने तथा वार्षिक साधारण सभामा भाग लिएर वर्षभरिका लागि कार्यक्रम बनाउन संलग्न हुनुपर्छ । त्यसका साथै दिगो संस्था बनाउन अभियान र सरकारको पनि त्यत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । नियामक निकायले संस्था कसरी सञ्चालन भएको छ, त्यसको नियमित रूपमा अनुगमन गर्ने र आवश्यक सुधारका लागि निर्देशन दिने तथा सहकारी ऐनले व्यवस्था गरेका कोषहरूमा बजेट विनियोजन भएको छ कि छैन हेर्ने र नभएको भए ऐन अनुसार गर्न निर्देशन दिने काम गर्नुपर्छ । त्यसका साथै अभियानले सहकारीको विश्वव्यापी सिद्धान्त अनुसार संस्था सञ्चालनका लागि असल अभिप्रायले अभिप्रेरित गर्नुपर्छ । सरकारसँग बहसपैरवी गरेर सहकारीमैत्री कानुन बनाउन लाग्नुपर्छ ।

सदस्यहरूलाई सहकारी के हो र यसको महत्वका बारेमा बुझाउने काम अभियानले गर्नुपर्छ । संस्थागत सुशासन कायम गर्ने सवालमा अभियानले पनि निरन्तर खबरदारी गरिरहनुपर्छ । संस्थाहरू गलत बाटोमा हिंड्न थाले भने उनीहरूलाई सुधार गरेर सही मार्गमा हिंड्न अभिप्रेरित गर्नुपर्छ । अर्कोतर्फ कर्मचारीहरूमा पेशागत दक्षता विकास गर्दै लैजानुपर्छ । अहिलेको युग प्रतिस्पर्धाको युग भएकाले प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदान गर्न कर्मचारीहरूलाई सोही अनुसारको ज्ञानसीप र क्षमताले सुसज्जित बनाउनुपर्छ । ताकि सहकारी क्षेत्रमा काम गर्ने कर्मचारीको क्षमता वृद्धि गरी उनीहरूलाई सोही अनुसारको पारिश्रमिक प्रदान गरी ढुक्क भएर काम गर्ने वातावरण सिर्जना गर्न सकियोस । यसतर्फ सञ्चालक र व्यवस्थापन पक्षले ध्यान पुऱ्याउनुपर्छ । अर्कोतर्फ दिगो सहकारी बनाउन आवश्यक कार्यविधि निर्माण गरी त्यसैका आधारमा संस्था सञ्चालन गरिनुपर्छ । व्यक्तिको चाहना भन्दा पनि संस्थागत विधि र पद्धतिलाई आत्मसात गरेर अगाडि बढे संस्था भरपर्दो र दिगो हुन्छ । समाजमा अहिले सहकारी आवश्यक नभएको होइन तर समाजले दिगो र विश्वसनीय संस्था खोजी गरेको हो । आफुसँग भएको स-सानो रकम बचत गर्दै जाने र आवश्यकता पर्दा ऋण सुविधा लिएर गर्जो टार्ने, जीविको पार्जनमा सहयोग पुऱ्याउने र जीवनका हरेक आयामहरूमा टेवा दिने संस्था समाजले खोजेको छ । तर केही सहकारी संस्था सदस्यप्रति अनुत्तरदायी बन्दा समग्र अभियान प्रति नै नकारात्मक दृष्टिकोण बढेर गएको छ । यसलाई चिर्दै समाजले खोजेको दिगो संस्था बनाउनेतर्फ सबै पक्ष लाग्नुपर्छ । दिगो सहकारीका आधार दिगो सहकारी निर्माण गर्नका निम्न आधारहरू आवश्यक पर्दछ । जसलाई आत्मसात गरेर अघि बढे दिगो संस्था निर्माणको आधार बन्दै जान्छ ।

- सुशासन (Governance),
- पेशागत दक्षता (Professional Competency),
- व्यवसायिकीकरण (Professionalism),
- व्यवस्थापनको भूमिका (Managerial Roles)

जस्तोसुकै परिस्थितिमा पनि आफ्नो सेवा सुचारू राख्न सक्नु, पुस्तान्तरण गर्न सक्नु, सेवाको मूल्य र गुणस्तरमा परिस्कृत हुँदै जानु र सदस्यको सन्तुष्टि वृद्धि भई संस्थागत छवी उच्च हुँदै जानु नै संस्थागत दीगोपना हो । सहकारीलाई अविच्छिन्न उत्तराधिकारवाला संस्था भनिन्छ जसको अर्थ नै दीगोपना हो । सेवा प्रवाहको हिसाबले प्रतिकूल परिस्थितिमा समेत समान गुणस्तर र परिमाणमा निरन्तरता दिनु सक्नु नै सहकारीको दीगोपना हो ।

सहकारी क्षेत्रको देखिएको चुनौतीहरू :

१) ऐन नियम, नीति तथा कार्यविधिको पालना र कार्यान्वयनका अभाव

२) राजनैतिक हस्तक्षेप

३) पद तथा श्रोतको दुरूपयोग ।

४) बचतकर्ता भन्दा ऋणीको हाबी बढ्दै जानु ।

५) सदस्यहरूमा सहकारी भावना र वित्तीय अनुशासन न्यून हुदै जानु ।

६) व्यवसायीकरण नभई सिमित व्यक्तिको हाबीमा सहकारी संघ/संस्था सञ्चालन हुनु ।

७) सुशासन कायम गर्न नसक्नु

८) राज्य र समाजको सहकारी प्रतिको नकरात्मक धारणा विकास हुदै जानु ।

९) आबद्ध मानव संशाधनको व्यक्तिगत स्वार्थ बढ्दै जानु ।

दीगो साकोसका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरू :

१) नीति नियम, कार्यविधिको विकास र पूर्ण कार्यान्वयन

२) वित्तीय अनुशासन र प्रभावकारी व्यवस्थापन

३) व्यवसायिक क्षमताको विकास गर्ने ।

४) समुदाय र सदस्य केन्द्रीत कार्यक्रम सञ्चालन गर्ने ।

५) सदस्य संघ/संस्थामा नभई संघ/संस्था सदस्यमा पुग्ने ।

६) सदस्यलाई सहकारी शिक्षा, वित्तीय तथा व्यवसाय साक्षरता

दीगो सहकारीका मूख्य ४ सैद्धान्तिक पक्षहरू :

१. वित्तीय दृष्टिकोणमा सुरक्षित र स्वास्थ्य
२. आन्तरिक व्यवसायिक दृष्टिकोणमा सञ्चालन कार्य कुशलता र प्रतिस्पर्धी स्थान
३. सदस्यको दृष्टिकोणमा गुणस्तरीय सेवा तथा उत्पादनद्धारा सदस्य सन्तुष्टि
४. सिकाई र बृद्धि दृष्टिकोणमा सुझबुझ भएको सक्रिय सञ्चालक र योग्य, दक्ष र सन्तुष्ट कर्मचारी

सहकारी संघ संस्थाको व्यवसायिकीकरण

१. वित्तीय र स्वास्थ्यता
२. प्रभावकारी सञ्चालन
३. अनुशासित, इमान्दार, दक्ष र सन्तुष्ट मानव संशाधन
४. वित्तीय अनुशासित, इमान्दार र सन्तुष्ट सदस्य
५. प्रतिस्पर्धी अवस्थाको विकास र छवि निर्माण

दीगो सहकारी संघ संस्था सञ्चालनको आधार र उपयोग गर्नु पर्ने औजार :

१) सहकारी सञ्चालनमा कार्यकुशलताका लागि - संगठन र सुशासन
२) वित्तीय सक्षमताका लागि -वित्तीय श्रोतको प्रभावकारी व्यवस्थापन
३) सन्तुष्ट कर्मचारीका लागि -प्रभावकारी मानवश्रोतको व्यवस्थापन र परिचालन
४) सन्तुष्ट सदस्यका लागि -गुणस्तरीय वस्तु तथा सेवा
५) प्रतिस्पर्धी स्थान निर्माणका लागि -छवि निर्माण र बृद्धिका योजना

उपसंहार :

तसर्थ उल्लेखित पक्षहरूको पूर्ण रूपमा अबलम्बन गरी त्रिपक्षीय भूमिका निर्वाह गर्ने हो भने कुनै पनि सहकारी संघ संस्था समस्यामा पर्दैनन् ।

गतिविधि

रामेछापमा साझेदारी तालिम सम्पन्न

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) र जिल्ला बचत तथा ऋण सहकारी संघ रामेछाप बिच भएको सञ्जाल साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला बचत संघको आयोजना र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा २ दिवसीय सहकारीमा NFRS for SMEs तालिम सम्पन्न भएको छ । बागमती प्रोस्कूनले १३ वटै जिल्ला बचत संघहरूसंगको सहकार्यमा व्यापक छलफल र अन्तरक्रिया पश्चात पास गरेको बचत तथा ऋण सहकारीहरूको साझा सञ्जाल ढाँचा र कार्यप्रकृया-२०८० अनुसार उक्त कार्यक्रम सहजीकरण भएको हो ।

२ दिन सम्म सञ्चालित कार्यक्रममा रामेछाप जिल्लाका विभिन्न साकोसबाट ३१ जना सहभागीको उपस्थिती रहेको थियो । बागमती प्रोस्कूनको कार्यक्रम अधिकृत नवराज घोरसाईनेले सहजीकरण गर्नुभएको तालिममा मझौला सहकारी, विशेष गरी रू ५० करोड भन्दा कम बचत जम्मा भएका सहकारी संस्थाहरूलाई लक्षित गरी NFRS for SMEs का विभिन्न विषयहरू मध्ये बचत तथा ऋण सहकारी संस्थाहरूका लागि लागू हुने विषयहरू उपर छलफल तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको थियो ।



सफलताको कथा

सहकारीले मलाई आजको म बनाएको छ

लोकनाथ तिमल्सिना
पनौती-४ ठाडोबाटो
प्रोपाइटर
सलोनी चाउमिन खारखाना

२०४९ जेठ १ गते साविक ठुलादुर्लुङ्ग गा.वि.स. वडा नं ६ हाल महाँकाल १ ललितपुरमा बुबा खेम प्र. तिमल्सिना र आमा बेध कुमारी तिमल्सिनाको दुई सन्तानमध्यको जेठा छोरो म लोक नाथ तिमल्सिना । मेरो हजुरआमाबुबा सानो छदाँनै वित्नु भएको रहेछ । हजुरबुबा गाउँमा धामिझाँक्रिको काम गर्ने भएकाले घरमा विरलै मात्रे हुने त्यही भएर मेरो बुबाले १७ जनाको सिंगो परिवारको दैनिक रोजीरोटि धान्न पर्ने रहेछ । उहाँले सानैमा गरेको त्यो संघर्षरत जीवन सुनाउँदा कहिले काँहि जीउनै सिरिङ्ग हुन्छ । एकदम निम्न वर्गिय परिवारमा जन्मिएको म उच्च शिक्षाको रहर मात्रै भयो । अरूले च्यापेको झोला देख्दा भक्कानिएको मन अझै ताजा छ । धेरै रहर थियो हामी दुई दाजुभाइलाई पनि अरू जस्तै टाइ सुट लगाएर टलक्क टल्किएर क्याम्पस जान बुबाले सानैबाट पाउनु भएको दुखलाई हामी दुबै सन्तानले नजिकबाट देखेको थियौं तसर्थ त्यस कुरामा बल गर्न सकेनौं । सानै उमेरमा धेरैको काम गरियो, क्याटरिङ्ग देखि लिएर विभिन्न पेशामा आवद्ध भई काम गरियो । म र मेरो भाइ चेतनाथ तिमल्सिना हामी दुबै दाजुभाइ जो आज पनि यस व्यसायमा पनि संगै छौं, हामी दुवैले धेरै दुःख गऱ्यौं अरूको । सानो सानो कुरामा कति पटक खाएको गालिले दाजुभाइसंगै भक्कानिएर रून्ने गर्दथ्यौं । परिवारको त्यो सब अवस्था देखेर मैले पारिवारीक समस्या हल गर्न भनेर विदेश जाने निर्णय गरें उमेरले सानो तर पारिवारीक बोज र अवस्थाले मलाई परिपक्क बनायो । म सानै उमेरमा दुबई लागे तर त्यहाँको त्यो दैनिक खटाई र वातावरण अनि चर्को घाम म जस्तो कलिलो उमेरको केटोले पचाउननै सकिन धेरै गाह्रो हुन थाल्यो । साथै एताबाट जाँदा म्यानपावरले जुन काम भनेर मलाई पठाएको थियो त्यो काम भन्दा धेरै फरक काममा मलाई लगाई दियो । यता आमा बुबा र भाइले पनि धेरै पिर गर्न थाले र अन्तमा म १५ महिनामा नै नेपाल फर्किएँ ।

नेपाल त आइयो परिवारको हालत यस्तो छ । अब के गर्ने भन्ने घर सल्लाहमा बुबाले मलाई भन्नु भयो अब हामीले नेपालमा नै केहि गरौं । अनि हामी दाजुभाइ मिलेर धेरै योजनाहरू सोचियो सल्लाह गरियो र अन्तमा केहि वर्ष अगि बुबाको साथीहरू मिलेर पनौती ३, ठाडोबाटो हाल ४ मा मिर्मिरे बचत तथा ऋण सहकारी संस्था लि.खोल्नु भएको थियो र त्यसमा हाम्रो बुबा पनि उपाध्यक्ष बन्नु भएको थियो त्यो सहकारीले अहिले पनौतीमा ५ भन्दा बढी सहकारी एकीकरण गरी ज्योति मिर्मिरे सामुहिक साकोस भएको छ । बुबालाई यो कुरा भन्यौं र त्यहाँबाट हामीलाई केहि गर्न ऋण दिन्छ कि कुरा गर्न भन्यौं । बुबाले तिमिहरू पनि हिड न त भन्नु भयो र हामी दाजुभाइ र बुबा यो सहकारीमा आयौं र त्यहाँ कुरा राख्यौं । उहाँले ऋण त दिने हो, तपाईहरू जस्ता केहि गर्छु भन्ने युवालाई नै लगानी गर्ने हो लैजानुस् तर ऋण लिएर के गर्ने ? कसरी तिर्ने ? भन्ने योजना चैं पेश गर्नुस् भन्नु भयो । हामी मुखामुख भयौं अनि फेरी घर आएर घर परिवारसंगको बृहत सल्लाह पछि अब सानो किसिमको घरेलु व्यवसाय चलाउँ, परिवार सबैले रोजगारी पनि पाउने अरूको काम गर्न जानु पनि नपर्ने अनि कमाई पनि हुने र कामदारलाई पैसा पनि दिनु नपर्ने भन्ने निचोड निस्कियो र हामीले घरेलु व्यवसायमा चाउमिन बनाउने व्यवसाय गर्ने अन्तिम निर्णय गर्यौं र पुनः संस्थामा आएर कुरा राख्यौं । संस्थाबाट हाम्रो योजना रूचाउनु भयो र हामीलाई व्यवसाय संञ्चालन गर्न लगानी गरिदिनु भयो । हामीले चाउमिन कारखानाको नाम मेरो छोरीको नाम सलोनी तिमल्सिनाबाट सलोनी चाउमिन राख्यौं । व्यवसायको हिसाबले मुल्यमा सस्तो छ र चाउमिन सफा, राम्रो र गुणस्तरको पनि छ । म ढुक्क साथ भन्छु एकपटक खाने व्यक्तिले पुनः हाम्रो चाउमिनै खोज्छन् । सायद तै भएर होला आज बजारमा हाम्रो सलोनी चाउमिनको माग बढ्दो छ र आज त्यहि व्यवसायले हाम्रो परिवार आनन्दले पालिएको छ । हाम्रा सन्तान प्राइभेट स्कुलमा पढ्छन् । बा आमा लगाएत घरका सबै परिवार खुसि छन् । हिजोको त्यो अवस्था सम्झदाँ र आज यो अवस्था सम्म आइपुग्दा म ज्योति मिर्मिरे सामुहिक साकोसलाई धन्यवाद नदिइरहन सक्दिन ।

ज्योति मिर्मिरे सामुहिक साकोसमा हामी सम्पुर्ण परिवार सदस्य छौं । धेरै पटक लगानी लिएर राम्रोसंग तिरेका छौं र सम्मानित भएका छौं । हाम्रो भुक्तानीको तरिका हेरेर संस्थाले पनि धेरै विश्वास गरेको छ । संस्थाले गरेको हामी प्रतिको विश्वासलाई कहिलै चुक्न दिने छैनौं । ❁

सहकारी गीत

शारदा प्रसाद पहाडी
फिक्कल गाउँपालिका-५
स्वाल्पा सिन्धुली

सहकारी अभियान उच्च बनाउन हामी सव लागेका,
केही गर्ने अठोट बोकी अहिले सव तिर जागेका ।
गाउँ वस्ती सहर बजार जता नि सहकारी,
हाम्रो सहारा बनेको छ दुःखको छहारी ॥

समाजवादमा पुग्नलाई यही मुख्य आधार,
मौरी बनी जोगाउनु छ अहिले हाम्रो यो घार ।
हिमाल,पहाड,तराई सव जना मिलु है अव त
योगदान गरौं है अझै दिएर पसीना, रगत ॥

वचत गर्न सिकाउने, उद्धमी बनाउने,
जन्म देखि मृत्यु सम्म सहकारी धाउने ।
ऋण लिँदा व्याज सस्तो छिटो सेवा पाइने,
दुख पर्दा मन बिसाउन सहकारी चाइने ॥

दुःखमा पाएको साथ न भुलौ भोलि नि चाहिन्छ
न बिर्से सहारा देको भरोसा यसैमा पाइन्छ ।
सकारात्मक सोच राख्ने अग्रगामी हामी,
अझै बनौं इमानदार अब्बल र दामी ॥

सफलताको शिखर चुम्न मन मिले हुन्छ
जुटे पछि नसकिने यहाँ काम कुन छ ?
उठाउँ भावना मिलाई कत्ति नि न गरौं अवेर,
यो हाम्रो अपार शक्ति जादैंन कहिले नि यहाँ खेर ॥

सहकारी कविता

मुईमान्छेका सपना

पुरुषोत्तम नेपाल
व्यवस्थापक
अलौकिक सपनावती साकोस

समाजका भुइमान्छेहरूका साना साना सपना
साना साना सपनाले जन्माएको हातेमालोको कल्पना
जहाँ सवैको जित न कसैको हारको अवधारणा
हातमा हात साथमा साथको परिकल्पना ॥

सपना सपनाको विउ साना पुँजीवाट
आर्थिक समृद्धि तिनै परिचालनवाट ।
जहाँ सवैको समान भूमिका र अधिकार
तिमी, म, हामी सवैको हातेमालो नै हो संसार ॥

सदस्यका जितमा रमाउने संस्कार छ जहाँ
बचत तथा ऋणको स्वच्छ परिचालन छ त्यहाँ ।
फाइदा र बेफाइदाको लेखाजोखा कमै हुन्छ जहाँ
समाज उत्थानमा सहकारीको भूमिका हुन्छ त्यहाँ ॥

भेदभाव र पक्षपात गर्ने हुनै छैनन कुनै पक्ष
सदस्यको आर्थिक सवलता नै यसको अन्तिम लक्ष्य ।
भूइमान्छेका सपना साकार पार्ने मात्र एक संकल्प
माध्यमहरूकै उत्कृष्ट सहकारी मात्र एक विकल्प ॥